सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३१ भदौ २०८०, आइतबार (17 Sep 2023, Sunday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १५७ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ चिनियाँ समूह दुई वर्षदेखि नेपालमा सक्रिय

सुनजडित 'स्मार्ट वाच' विमानस्थलमा चोरी हुन थालेपछि ब्रेकसुमार्फत सुन तस्करी



नवराज मैनाली/नयाँ पत्रिका

हवाई कार्गोमार्फत नेपालमा सुन तस्करी गर्ने चिनियाँ समूहले दुई वर्षअघिदेखि नेपालमा तस्करीको योजना बनाएको प्रहरीको अनुसन्धानले देखाएको छ। सुरुमा उनीहरूले 'स्मार्ट वाच'मा लुकाएर सुन तस्करी गरेकोमा विमानस्थलमै चोरी हुन थालेपछि सवारीसाधनका पार्टपुर्जा तथा सेभरलगायत मेसिनमा लुकाएर तस्करी गर्न थालेका हुन्।

सुरुमा सो समूहले दोलखा इलेक्ट्रोनिक्स सप्लायर्स नामक कम्पनी खडा गरी हङकङ हुँदै स्मार्ट वाच आयात गरेको थियो। त्यसभित्र सुन हुने गरेको थियो। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले सरकारी वकिल कार्यालयलाई बुझाएको अनुसन्धान

» पृष्ठ ११ मा क्रमशः

■ पक्राउ परेका चिनियाँ लिन जेक्वाङले बयानमा भनेका छन्-

सन् २०२३ को मार्चदेखि सुरुमा स्मार्ट वाच (घडी)मा सुन नराखी पैठारी गरेको र दुई-तीनपटकपछि सुन राखी ल्याउन सुरु गरिएको हो। एउटा स्मार्ट वाचमा २० ग्रामजति सुन हुन्थ्यो। सुन राखी ल्याउन थालेपछि विमानस्थल भन्सार कार्यालयबाट वेलावेलामा स्मार्ट वाच केही संख्यामा हराउन थाल्यो, एकपटक आठ थान स्मार्ट वाच हराएपछि सेभर र ब्रेक प्याड सुलगायत मालबस्तुमा सुन राखी ल्याउन थालिएको हो। मलाई जानकारी भएअनुसार सेभरमा दुईपटक सुन राखी आएको थियो। दाह्री काट्ने सेभरको स्ट्यान्डभित्र लुकाई ५० ग्राम सुन आउँथ्यो। त्यस्तै मालबस्तु कहिले सुन राखी र कहिले सुन नराखी आउने गर्थ्यो। ब्रेक प्याड सुमा राखेको सामान कहिल्यै हराउँदैनथ्यो र एक सेट ब्रेक प्याडमा पाँच सयदेखि ६ सय ग्रामसम्म सुन हुने गर्थ्यो।

राजधानीमै एकै परिवारका तीनसहित चारजनाको सामूहिक हत्या

मारिनेको परिवारसँग पक्राउ परेका व्यक्तिको पुरानो सम्बन्ध, नसाको सुरमा हत्या गरेको प्रारम्भिक निष्कर्ष

एसएसपी सोमेन्द्रसिंह राठौर, प्रमुख, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय



सामूहिक हत्या भएजस्तो देखिन्छ। सोधपुछका क्रममा पाँचजना पक्राउ परेका छन्। जसमध्ये एक दीपेन्द्र राई हुन्। अनुसन्धान जारी रहेकाले अन्यको नाम सार्वजनिक गरिएको छैन। उनीहरूसँग सोधपुछ जारी छ। तथ्य खुल्दै जाला।

श्रीमान्को श्राद्ध गर्न आएकी ७२ वर्षीया सुभद्रा काठमाडौंमै मारिइन्

टेकराज थामी/नयाँ पत्रिका

राजधानीमै एकै परिवारका तीनसहित चारजनाको सामूहिक हत्या भएको छ। दोलखाको कालिन्चोक गाउँपालिका- ८ सुनखानीकी ७२ वर्षीया सुभद्रा भुजेल, उनका जेठा छोरा ५५ वर्षीय कुमार भुजेल र बुहारी ५० वर्षीया अम्बिका भुजेल तथा मोरङ बेलबारीका २० वर्षीय नवीन राईको तिनकुनेस्थित एक काठ मिलमा शुक्रबार राति धारिलो हतियार प्रहार गरेर हत्या गरिएको हो।

रगतले लतपतिएको कपडामा भाग्दै गरेका मोरङ बेलबारीकै २८ वर्षीय दीपेन्द्र राईको घटनास्थलनजिकै प्रहरीसँग जम्काभेट भएपछि हत्याको प्रारम्भिक रहस्य खुलेको छ। पक्राउपछि प्रहरीले सोधपुछ र थप प्रारम्भिक अनुसन्धान गर्दा घटनामा दीपेन्द्रकै मुख्य संलग्नता रहेको अनुमान छ। मृतक नवीन उनकै काकाका छोरा हुन्। प्रहरीले घटनामा संलग्न रहेको आरोपमा अन्य

» पृष्ठ ११ मा क्रमशः




एकै परिवारका तीनसहित चारजनाको सामूहिक हत्या भएको स्थान तिनकुनेस्थित काठ मिल। घटना अनुसन्धानका लागि प्रहरीले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सोमेन्द्रसिंह राठौरको संयोजकत्वमा पाँच सदस्यीय अनुसन्धान समिति गठन गरेको छ। तस्बिर : **दीपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

■ रगताम्ये व्यक्ति घटनास्थलबाट भाग्दै गर्दा भएको थियो प्रहरीसँग जम्काभेट

अनुसन्धानका क्रममा प्रहरीले घटनास्थलआसपास रहेका सिसिक्यामेरा फुटेज नियन्त्रणमा लिएको छ। प्रहरीका अनुसार हत्यापछि दीपेन्द्र भाग्नका लागि सडकमा निस्किएका थिए। ट्याक्सी रोक्न हात दिएका थिए। ट्याक्सी नरोकिएपछि केही बेर सडकमै उभिए। प्रहरी वृत्त बानेश्वरको टोली सोही क्षेत्रको रात्रिकालीन गस्तीमा थियो। प्रहरी भ्यान मिलनजिक पुगेर रोकियो। ट्याक्सीमा चढ्न ठिक्क परेका दीपेन्द्र प्रहरी भ्यान आफ्नो अगाडि देखेपछि आत्तिए। प्रहरीले घटनाबारे थाहा पाइसकेर आफूलाई पक्राउ गर्न आइपुगेको अनुमान गरे। भाग्यो भने प्रहरीले गोली हान्ला भन्ने डरले उनी भाग्न रोकेको ट्याक्सी छाडेर प्रहरी भ्यानमा पुगे र भित्रै छिरेर प्रहरीलाई भने, 'तिनीहरूले मेरो भाइ मारे।' प्रहरीका अनुसार भाग्दै गर्दा जम्काभेट भएका दीपेन्द्रको कपडा रगताम्मे थियो। दीपेन्द्रसँग सोधपुछपछि अन्य चार आरोपी पनि पक्राउ परेका छन्। घटना अनुसन्धानका लागि प्रहरीले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी राठौरको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको छ। सिसिक्यामेरा फुटेजलगायत प्रमाणमाथि विश्लेषण भइरहेकाले आइतबारसम्म तथ्य सार्वजनिक हुने प्रहरी दाबी छ।

■ सात वर्षमा ४०७० को हत्या



०७९/८० मा हत्याका धेरै घटना मधेशमा

आर्थिक वर्ष ०७९/८० मा देशभर हत्यासम्बन्धी ५०१ मुद्दा दर्ता भएका छन्। जसमध्ये सबैभन्दा धेरै मधेशमा १०९ घटना भएका छन्। प्रहरीको तथ्यांकअनुसार लुम्बिनीमा १०२, कोशीमा ९२, गण्डकीमा ४३, बागमतीमा ४१, कर्णालीमा ४०, काठमाडौं उपत्यकामा ३८ र सुदूरपश्चिममा ३६ कर्तव्य ज्यान मुद्दा दर्ता भएका छन्।

साउनमा मात्रै लागुऔषध कारोबारमा संलग्न ६६१ पक्राउ

अपराध अनुसन्धान विभागको तथ्यांकअनुसार गत साउनमा मात्रै लागुऔषध कारोबारमा संलग्न व्यक्तिहरू लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वरले २७, काठमाडौं उपत्यकाबाट ८०, कोशीमा ११७, मधेशमा ८७, बागमतीमा ७६, गण्डकीमा ३६, लुम्बिनीमा ११६, कर्णालीमा १४ र सुदूरपश्चिममा १०८ जना पक्राउ गरेको छ।

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

६ महिनादेखि नेतृत्वविहीन नीति अनुसन्धान प्रतिष्ठान

● कुनै खास विषयमा अपनाउनुपर्ने दीर्घकालीन, अल्पकालीन वा तत्कालीन नीति तथा सञ्चालन गर्नुपर्ने योजना, कार्यक्रम तथा अनुसन्धान गर्ने र सरकारलाई नीतिगत सुझाव दिनेजस्ता काम गर्दै आएको प्रतिष्ठान आफैं अलपत्र छ।



● ०८०/८१ को नीति तथा कार्यक्रममा योजना आयोगलाई पुनर्संरचना गरी नीति, योजना तथा अनुगमनको केन्द्रीय निकायका रूपमा विकास गर्ने उल्लेख छ। तर, नीति तथा कार्यक्रम र बजेटको घोषणा कार्यान्वयनमा आउन नसक्दा प्रतिष्ठानले निरन्तरता पाएको छ।

सुवास भट्ट/नयाँ पत्रिका

राष्ट्रले अख्तियार गर्नुपर्ने नीतिका सम्बन्धमा अध्ययन, अनुसन्धान गरी सिफारिस गर्ने थिंकट्यांक (विशेषज्ञ समूह) संस्था नीति अनुसन्धान प्रतिष्ठान ६ महिनादेखि नेतृत्वविहीन छ। अघिल्ला कार्यकारी अध्यक्षको कार्यकाल गत फागुनमा सकिएपछि खाली हुन पुगेको प्रतिष्ठानको नेतृत्व अझै पूर्ति हुन सकेको छैन। जसको असर प्रतिष्ठानको अध्ययन, अनुसन्धानमा परेको छ।

तीनवर्षे कार्यकाल सकेर अघिल्ला कार्यकारी अध्यक्ष डा. विष्णुराज उप्रेती गत वर्ष १९ फागुन ०७९ मा बिदा भएका थिए। त्यसयता नयाँ नियुक्तिको प्रक्रिया अघि बढेको छैन। ६ महिनाभन्दा बढी समय व्यतीत भइसक्दा पनि

» पृष्ठ ११ मा क्रमशः

राष्ट्रसंघीय महासभामा सहभागी हुन प्रधानमन्त्री न्युयोर्क प्रस्थान

दुई साता देशबाहिर रहने, न्युयोर्कबाट ५ असोजमा चीन जाने

४ असोजमा राष्ट्रसंघको ७८औं महासभालाई सम्बोधन गर्दै प्रधानमन्त्रीले नेपालले हासिल गरेका राजनीतिक उपलब्धिबारे अवगत गराउने तथा शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने प्रयासमा अन्तर्राष्ट्रिय समुदायको सद्भाव लिने अपेक्षा



तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड संयुक्त राष्ट्रसंघको ७८औं महासभामा भाग लिन शनिबार साँझ न्युयोर्क प्रस्थान गरेका छन्। उनले आगामी ४ असोजमा महासभालाई सम्बोधन गर्ने कार्यक्रम छ। न्युयोर्कबाट ५ असोजमा चीन पुगेर १३ असोजमा स्वदेश फर्किने कार्यक्रम रहेकाले प्रधानमन्त्री प्रचण्ड दुई साता देशबाहिर हुनेछन्।

खड्कालाई कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी

नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै शनिबार न्युयोर्क प्रस्थान गरेका प्रधानमन्त्रीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अति विशिष्ट कक्षमा सभामुख,

» पृष्ठ ११ मा क्रमशः

2nd BEST B-School in Nepal
New Business Age Ranking 2022

Find us on:

TRANSFORMATION
IS THE ANSWER

It is amazing how fast everything around us is transforming for the better. The way things are done and managed today have totally evolved thanks to ground-breaking innovations in every forefront. So, it is only imperative that we keep up with this transformation with advanced learning approaches. And that's what we facilitate at Presidential - to transform you so that you are ready for tomorrow.

ADMISSION OPEN for Fall 2023

BBA | BScIT | MBA | MBA-IT | MBA-DA | MScIT

Presidential BUSINESS SCHOOL • LEAD • INSPIRE • INNOVATE

Affiliated to WESTCLIFF UNIVERSITY California, USA | westcliff.edu

Accredited by ACBSP GLOBAL BUSINESS ACCREDITATION, WSC Senior College and University Commission

Member of IEPAN International Education Providers Association of Nepal

Thapagaun, New Baneshwor, Kathmandu, Nepal
Tel: 01-5244306, 01-5245006
Email: info@presidential.edu.np
Website: www.presidential.edu.np

आफ्नै भवनमा मंकाः खलः

काठमाडौं/ काठमाडौं महानगरपालिकाको आर्थिक सहयोगमा निर्माण सम्पन्न नेपाल भाषा मंकाः खलःको नवनिर्मित भवनको शनिबार महानगरपालिकाकी उपप्रमुख सुनीता डंगोलले उद्घाटन गरेकी छिन् ।

महानगरपालिकाको करिब १० करोड ५० लाख रुपैयाँको लागतमा २६ आना जग्गामा निर्माण गरिएको उक्त चारतले भवनमा सांस्कृतिक हल, ग्यालरीलगायतका सुविधा रहनेछन् ।

भवन निर्माणका लागि धेरै समयअघि कविकेशरी चित्तधर हृदयले काठमाडौं वडा नं १५ विजेश्वरीमा रहेको आफ्नो १० आना जग्गा निःशुल्क प्रदान गरेका थिए । बाँकी जग्गा कथाकार मोतीलक्ष्मी उपासिकाका आफन्तबाट खरिद गरिएको थियो ।

सो अवसरमा उपप्रमुख डंगोलले एकताको नारा दिने नेवाः समुदायका अभियानकर्तालाई स-साना स्वार्थपूर्तिका लागि विवादमा नअल्झिन सुझाव दिइन् । नेपाल भाषा जगेर्नाका लागि अब घरका बाजेबज्यैबाट नै आफ्ना सन्ततिलाई भाषा सिकाउन वार्तालापको थालनी गर्नुपर्ने बताउँदै उनले नेपाल भाषा, संस्कृति, साहित्य र परम्परा संरक्षणका लागि सक्दो सहयोग गर्ने वचनबद्धता व्यक्त गरिन् ।

मंकाः खलःका अध्यक्ष जनकवि दुर्गालाल श्रेष्ठले धेरै वर्षअघिदेखिको सपना पूरा भएको अनुभूति आफूलाई भएको बताए । मंकाः खलःका उपाध्यक्ष मल्ल के सुन्दरले नेवाः पहिचान र सम्पदा संरक्षणका लागि ४५-४६ वर्षदेखि गर्दै आएको आन्दोलनको स्मरण गरे । उनले भवन निर्माण मातृभाषाभाषीहरूको साझा अभियानको एक स्मारक रहने बताए । उनले यस अभियानको जिम्मा लिन अब नयाँ पुस्ता अगाडि आउनुपर्ने विचार पनि व्यक्त गरे । भवन निर्माणको ठेक्का कमल जेभी कन्स्ट्रक्सन कम्पनीले पाएको थियो । यस परियोजनाका लागि काठमाडौं महानगरपालिकाका पूर्वप्रमुख विद्यासुन्दर शाक्यको कार्यकालमा बजेट विनियोजन भएको थियो ।

कम हुँदै उपत्यकामा खानेपानी समस्या

शिवहरि धिमिरे/नयाँ पत्रिका

■ मेलम्चीकै संरचनाबाट पानी वितरण


फाइल तस्बिर

बर्खाका कारण उपत्यकाआसपासका मुहानमा पानीको बहाव बढ्दा खानेपानीको समस्या कम हुन थालेको छ । अहिले पानीको बहाव बढेसँगै झन्डै १८ करोड लिटर पानी उपत्यकामा उपलब्ध भइरहेको काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)का प्रवक्ता प्रकाशकुमार राईले जानकारी दिए । उक्त पानी मेलम्चीको 'ट्रिटमेन्ट प्लान्ट'मा मिसाउने गरिएको राईले बताए । त्यहाँबाट प्रशोधन र शुद्धीकरण गरी पानी वितरण गरिन्छ ।

बर्खा लागेसँगै मेलम्ची खानेपानी आयोजनाको बाँधबाट पानी आउन छाडेपछि उपत्यकामा गत असारयता खानेपानी अभाव थियो । त्यसअघि दैनिक १७ करोड लिटर पानी मेलम्चीबाट मात्रै आउने गरेको थियो । त्यस्तै, उपत्यकाआसपासका मुहानबाट झन्डै १२ करोड लिटर पानी आउने गरेको थियो । तर, बर्खाका कारण मेलम्चीको बाँधमा क्षति पुगेपछि पानी आउन रोकियो । जसकारण, उपत्यकामा खानेपानीको हाहाकार निम्तिएको थियो ।

बागमती नदीको मुहान क्षेत्र सुन्दरीजल तथा नागमतीका मुहानहरूमा पानीको बहाब बढ्दा खानेपानी वितरणमा केही सहजता आएको राईले बताए । हाल उपत्यकामा सातामा दुईपटक घर-घरका धारामा पानी वितरण गर्ने गरिएको उनले बताए । 'मेलम्चीको पानी आउन छाडेपछि पानी वितरणमा समस्या आइरहेको थियो, तर बर्खा लागेपछि बागमती क्षेत्रमा मुहानहरूमा पानीको बहाब बढेकाले राहत महसुस भइरहेको छ,' उनले भने । उनले अहिले बागमतीआसपासका मुहानहरूबाट मात्रै दैनिक झन्डै ६ करोड लिटर पानी आइरहेको बताए । उपत्यकाभित्र भैंसेपाटी, सुन्दरीजल, गोदावरी, शेषनारायण, बोडे, नागमती, महादेवखोलालगायत दुई दर्जनभन्दा बढी पानीका स्रोतहरूबाट खानेपानी संकलन गरेर वितरण गर्ने गरिएको छ ।

बर्खाका कारण अवरुद्ध भएको मेलम्ची बाँध मर्मत गरेर असोजमा खानेपानी ल्याउने तयारी भइरहेको मेलम्ची खानेपानी आयोजनाले जनाएको छ । मेलम्ची खानेपानीका परियोजना निर्देशक राजेन्द्र सापकोटाले मेलम्चीले नै तयार पारेको संरचनाबाट उपत्यकामा खानेपानी वितरण हुँदै आइरहेको बताए । आकासे पानी पर्न कम भएपछि मेलम्चीको पानी ल्याउने तयारी गरिने उनले बताए । 'अहिले उपत्यकाआसपासका मूलको पानी मेलम्चीको खानेपानी संरचनाबाट वितरण भइरहेको छ । पानी पर्न कम भएपछि मेलम्चीको पानी ल्याउने प्रयत्न गर्नेछौं ।' उनका अनुसार हाल उपत्यकामा खानेपानीको मिटर जडानको काम चलिरहेको छ । २० हजारभन्दा बढी मिटर जडान भइसकेको उनले बताए । ढुंगेधाराले पनि उपत्यकामा बर्खामा पानीको अभाव पूर्ति गर्न ठूलो भूमिका खेल्ने गरेको छ । हाल उपत्यकामा पाँच सय ७३ वटा ढुंगेधारा छन् । त्यसमध्ये झण्डै दुई सयवटामा बर्खाका वेलामा पानी आउँछ । करिब १६ वटामा हिउँदमा पनि पानी आउँछ । तीन सयभन्दा बढी सुक्खा छन् भने करिब ३० वटा लोप भइसके । पानी आउने ढुंगेधारामा मूल र कुवा जोडिएको पाइन्छ ।

औषधीको दर रेट (मूल्य सूची) प्रकाशन सम्बन्धमा

यस क्युरेक्स फर्मास्युटिकल्स प्रा.लि. बाट उत्पादित औषधीहरुको निम्नानुसारको बजार दररेट तथा बिक्री मूल्य निर्धारण गरिएको र दररेट राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि यी औषधीहरु कुनै संस्था वा सरकार अन्तर्गतका कार्यालयले खरिद गर्नु परेमा यस कम्पनिको आधिकारिक बिक्रेता श्री गदिमाई मेडिहेल्थ प्रा.लि. मु.अ.कर नं. ६१०१२२६६२ भएका टिकाथली, ललितपुर सँग खरिद गर्नुहुन यो सूचना सार्वजनिक गरिएको छ ।

CUREX PHARMACEUTICAL'S PRODUCT RATE LIST
(FY:2080-2081)

S.N	Product Name	MRP	Sales Rate
1	Acyclovir 200 mg Tab	10	9.75
2	Acyclovir 400 mg Tab	20	18
3	acyclovir 5g Cream	80	75
4	Albendazole 400mg	10	9.75
5	Albendazole Susp	18	16
6	Alprazolam 0.25mg Tab	1.7	1.6
7	alprazolam 0.50 mg Tab	3.4	3.2
8	Amitriptyline 10 mg Tab	3	2.4
9	Amitriptyline 25mg Tab	4	3.8
10	Amlodipine +Losartan pottasium L 27.5mg	6	5.8
11	Amlodipine +Losartan pottasium L 55mg	12	11.5
12	Amlodipine 10 mg Tab	8	7.8
13	Amlodipine 5 mg Tab	5	4.8
14	Amlodine 2.5 mg Tab	2.3	2.15
15	Amoxycillin+Cloxacillin 500 mg cap	12	11
16	Amoxycillin+Cloxacillin Dry syrup	120	105
17	Amoxycillin+Cloxacillin kid tab	7	6.8
18	Amoxycillin 125 mg DT	3.5	3
19	Amoxycillin 250 mg DT	6	5
20	Amoxycillin 500 mg Cap	8	7.8
21	Amoxycillin 60ml Syrup	125	90
22	Amoxycillin 90ml Dry syrup	110	105
23	Ampicilln+Cloxacillin 500 mg cap	12	11.5
24	Anticold Susp	60	45
25	Antacid Gel	110	100
26	Antacid Tab	3	2.85
27	Anticold Tab	3	2.8
28	Atenolol 100mg Tab	6	5.5
29	Atenolol 25mg Tab	2.2	2
30	Atenolol 50mg Tab	4	3.85
31	Atrovastatin 10 mg	10.78	10
32	Atrovastatin 20 mg	20.6	20
33	Atrovastatin 5 mg	6.75	6.5
34	Azithromycin 100mg Susp	110	100
35	Azithromycin 200mg Susp	160	145
36	Azithromycin 250mg Tab	17.45	17
37	azithromycin 500mg Tab	30	28.75
38	Benzoic acid+Salicyclic Acid 30g Oint.	90	82
39	Calamine 100ml Lotion	110	100
40	Calamine 30ml Lotion	60	48
41	Calcium 500 mg Tab	7	6.5
42	Calcium Susp	100	90
43	Cefixime 100 mg Tab	16	14
44	Cefixime 200 mg Tab	20	18.5
45	Cefixime 400mg Tab	50	42
46	Cefixime 60ml Syrup	180	160
47	Cefpodoxime 100mg Tab	12	10.5
48	Cefpodoxime 200mg Tab	15	13.5
49	Cefpodoxime 60ml Syrup	170	160
50	Cetrizine HCL 10mgTab	4	3.8
51	Cetrizine HCL 10mg Susp	60	53
52	Chlormphenicol 500 Cap	14	13
53	Chloramphenicol Syrup	100	90
54	Chlorpheniramine Mleate 4 mg Tab	1.5	1.42
55	Chlorazoxane 250mg& Paracetamol Tabs 500mg	6	5.5
56	Chlorzoxazone 500&paracetamol Tabs 500 mg	8.8	8
57	Ciprofloxacin 250mg Tab	6	5.85
58	Ciprofloxacin 500mg Tab	8	7.85
59	Clotrimazole Cream 15g tube	70	65
60	Clotrimazole Pressary tab	14	11
61	Clotrimazole Vaginal Gel	80	70
62	Cloxacillin Sodium 250mg Tab	6	5.5
63	Cloxacillin Sodium 500mg	13	12.5
64	Cloxacillin Sodium Dry syrup	130	123
65	Diclofenac 30gm Gel	100	90
66	Diclofenac 50mg tab	4	3.85
67	Diclofenac Mouth Wash 100ml	110	105
68	Domperidone 10mg tab	5	4.8
69	Domperdone Susp	50	45
70	Esomeprazole 20mg	5	4.85
71	Esomeprazole 40mg	10	9.5
72	Ferrous Salt+Folic Acid (Iron) Tab	3	2.85
73	Fexofenadine 120	11	10.5
74	Fexofenadine 180	16	14.5
75	Fexofenadine Susp	150	135
76	Fluconazole 150mg Cap	25	23
77	Folic Acid 5mg tab	2.25	2
78	Frusemide 40 mg Tab	1.5	1.4
79	Gamma Benzene Hexachloride 100ml	100	89
80	Glimpiride 1mg Tab	5.3	5.2
81	Hand Sanitizer Gel 100ml	75	70
82	Hand Sanitizer Gel 200ml	140	125
83	Hand Sanitizer gel 5Ltr.	3500	3300
84	Hand Sanitizer Gel 500 ml	300	280
85	Hand Sanitizer Liquid 100ml	70	65
86	Hand Sanitizer Liquid 200ml	125	110
87	Hand Sanitizer Liquid 5Ltr	3500	3300
88	Hand Sanitizer Liquid 500ml	250	245
89	Hyoscine Butyl Bromide 10mg Tab	16	12
90	Hyoscine Butyl Bromide 20mg Tab	28	26.5
91	Ibuprofen 200mg Tab	2	1.9
92	Ibuprofen 400mg Tab	4	3.85
93	Iron(III) hydroxide polymatose & Folic Acid Tab IP	8	7.8
94	Iron(III) hydroxide polymatose Syrup IP	140	130
95	Iron Cap	4.5	4.35
96	Iron Syrup 200ml	120	110
97	Itraconazole Tab	40	35
98	Levocertrizine Susp	65	60
99	Levocertrizine Tab	6	5.75
100	Losartan Potassium 25 Tab	4.41	4.3
101	Losartan Potassium 50 Tab	7.6	7.5
102	Metfromine 500mg Tab	2	1.9
103	Metronidazole 200mg Tab	2	1.92
104	Metronidazole 400 mg Tab	4	3.8
105	Metronidazole 60 ml Susp	60	55
106	Multivatimine Cap	4	3.8
107	Niemesulide Gel	90	85
108	Nimesulide Tab	3	2.92
109	Ofloxacin 100mg	5.5	5.4
110	Ofloxacin 200mg	7	6.8
111	Ofloxacin 400mg	8	7.82
112	Ofloxacin Susp	90	85
113	Omeparazole 20mg	6	5.85
114	Ondasteron 4mg	7	6.65
115	Ondasteron 8mg	10	9.5
116	Ondasteron Susp	70	65
117	ORS	10	9.5
118	Pantaparazole 40mg tab	8	7.82
119	Paracetamol 125 60ml Susp	30	28.5
120	Paracetamol 500mg Tab	1	0.88
121	Paracetamol Drop	30	28.5
122	Paracetamol +Caffein Tablets 525mg	2.5	2.4
123	Paracetamol +Ibuprofen Susp	30	28
124	Paracetamol +Ibuprofen Tab	2	1.9
125	Povidine Iodine 10% 100ml	170	165
126	Povidine Iodine 10% 30ml	70	65
127	Povidine Iodine 10% 450ml	450	435
128	Povidine Iodine 10% 60ml	100	90
129	Povidine Iodine 5% 100ml	100	90
130	Povidine Iodine 5% 15g Oint.	50	45
131	Povidine Iodine 5% 30ml	45	40
132	Povidine Iodine 5% 450ml	390	380
133	Povin Gargle 100ml	100	90
134	Povin Gargle 60ml	60	55
135	Pregabalin 150mg	34.5	34
136	Pregabalin 75mg	16.5	16
137	Pregabalin-75,Methylcobalamine 1500	33	30
138	Pregabillin-75,Methylcobalamine 750	22	20
139	Ranitidine HCL150mg Tab	3	2.85
140	Ranitidine HCL 300mg Tab	8	7.8
141	Rusovastaine 10mg	11	10
142	Rusovastaine 20mg	17	16
143	Salbutamol 4mg tab	2	1.92
144	Salbutamol 100ml Syrup	85	80
145	Silver Sulphadiazine Cream 30gm	90	82
146	Sulpha+Trimeh 120mg Tab	3	2.85
147	Sulpha+Trimeh 480mg Tab	4	3.82
148	Sulpha+Trimeh 960mg Tab	6	5.9
149	Sulpha+Trimeh Susp.	70	65
150	Tinidazole 1000mg Tab	11	10.5
151	Tinidazole 500mg Tab	5	4.9
152	Vitamine B-complex 100ml Syrup	90	85
153	Vitamin B-complex 200ml Syrup	150	140
154	Vitamin B Complex Tab	5	4.85
155	Vitamin B complex with Zinc Cap	6	5.9
156	Vitamin C	6	5.9
157	Zinc 20mg tab	5	4.8
158	Metfromin Hydrocloride 850 mg Tab	3.5	3.4
159	Navi Malam 3gm Oint.	30	28
160	Navi Malam 5gm Oint.	35	33
161	Betamethasone+ Gentamycin Ointment	60	55

बेपत्ता महिलाको शव फेला

भक्तपुर : दुई महिनाअगाडि घरबाट हराएकी एक महिलाको जंगलमा टाउको छिनेको अवस्थामा शनिबार शव फेला परेको छ । मध्यपुरथिमि नगरपालिका-४, तसीटोलस्थित बालकुमारी सामुदायिक वनमा घाँस काट्न गएकी महिलाले टाउको छिनेको शव देखेपछि प्रहरीलाई खबर गरेको जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक वसन्त पाठकले बताए ।

दुई महिनाअगाडि हराएकी महिलाको शवको कंकाल मध्यपुरथिमिको जंगलमा भेटिएको उनले जानकारी दिए । पाठकका अनुसार कंकालमा भेटिएको लुगाका आधारमा शवको पहिचान गरिएको हो । 'उक्त शव सूर्यविनायक नगरपालिका-२, बालकोटस्थित बंगलामुखी बस्ने ६१ वर्षीय परमेश्वरी दाहालको रहेको परिवारले पहिचान गरेको छ,' उनले भने ।

मृतककी छोरी जानुका दाहालले गत साउन १० गते आमा हराएको भन्दै प्रहरी वृत्त थिमिमा जाहेरी दिएकी थिइन् । शव परीक्षणका लागि काठमाडौं मेडिकल कलेज दुवाकोटमा पठाइएको जनाउँदै प्रनाउ पाठकले घटनाका बारेमा प्रहरीले थप अनुसन्धान गरिरहेको बताए ।

■ बौडेश्वर झरनामा पर्यटक


काठमाडौंको टोखा नगरपालिका- १ झोरस्थित धार्मिक एवं पर्यटकीय स्थल बौडेश्वर झरनामा रमाउँदै आन्तरिक पर्यटक । तस्बिर : रासस

उपत्यकामा मनाइयो गुँला पर्व

भक्तपुर/ चन्द्रमासअनुसार श्रावण शुक्ल प्रतिपदादेखि भाद्र शुक्ल प्रतिपदासम्म एक महिनासम्म मनाइने गुँला पर्व शनिबार सम्पन्न भएको छ ।

विशेष गरी बौद्ध समुदायले मनाउने यो पर्वमा सांस्कृतिक बाजागाजाका साथमा बुद्ध भगवान्को भजनकीर्तन गाएर मठमन्दिर, बौद्ध चैत्य परिक्रममा गरी मनाइएको छ । नेपाल भाषामा 'गुँ'को अर्थ नवौं र 'ला'को अर्थ महिना हो । यसरी गुँलाको अर्थ नवौं महिना भन्ने बुझिन्छ । गत साउन ३२ गतेदेखि सुरु भएको यो पर्व विभिन्न स्थानीय बौद्ध चैत्यको परिक्रमा गरी सम्पन्न आज भएको हो ।

बौद्ध समुदायबाहेक हिन्दू धर्मावलम्बीका नेवार समुदायले पनि पछिल्लो वर्षमा यो पर्व मनाउन थालेको स्थानीय संस्कृतिकर्मी रामशेखर शाक्यले बताए । हरेक दिन दुईदेखि तीन सय धर्मावलम्बीको सहभागिता रहने गुँला बाजाले प्रत्येक बिहान नगरका विभिन्न मठमन्दिर, बौद्ध बिहार र चैत्य परिक्रमा गरेर विशेष पूजाआजाका साथ मनाएको उनले बताए ।

यस पर्वमा प्रत्येक दिन नौ बाजा बजाएर चैत्य तथा मन्दिर परिक्रममा गरिने, एक महिनासम्म वर्तालुले नुन नखाई एक छाक मात्र खाने र पर्व अवधिभर बिहान-बेलुका पूजाअर्चना गर्ने प्रचलन रहेको शाक्यले जानकारी दिए ।

दर्शन गर्न जाँदा विभिन्न बाजागाजा बजाएर श्लोक मन्त्रोच्चारण गरेर मठ-मन्दिर, चैत्य, बिहार परिक्रमा गर्ने गरिन्छ । गुँला पर्व भक्तपुर, काठमाडौं, ललितपुर, कीर्तिपुर, मध्यपुरथिमिमा पनि यस्तै प्रक्रियाबाट मनाउने परम्परा छ ।

उनका अनुसार पर्वमा स्वयम्भू महाचैत्य, बौद्ध चैत्य, स्थानीय बहाः, बही, चैत्यलगायत उपत्यकाका विभिन्न चैत्यस्थलको दैनिक परिक्रमा गरिएको थियो । राँगा, भेडाको सिङबाट बनाइएको 'न्याकुँ' बाजा, दाफा, धाः, बाँसुरी, धिमे, भुस्यालगायत नौ बाजा बजाएर परिक्रमा गर्ने प्रचलन छ ।

शनिबार उपत्यकामा

टोखा : टोखा नपा-५ स्थित सुनकोशी क्याफेबाट दुर्लभ वन्यजन्तु सुनौलो रङको कछुवासहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा काभ्रे पनौती नपा-१०, बन्थलीका ३२ वर्षीय जयराम घिमिरे, ४२ वर्षीय नारायण थामी, २८ वर्षीय रूपक बस्नेत, काभ्रे नमोबुद्ध नपा-२, पातले गाउँका २६ वर्षीय रहर तामाङ, काभ्रे नमोबुद्ध नपा-३ का ४६ वर्षीय सुदर्शन तामाङ र उदयपुर त्रियुगा नपा-१३ का ३८ वर्षीय राजकुमार राई रहेका छन् । उनीहरूलाई प्रहरी वृत्त महाराजगन्जबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

चन्द्रागिरि : चन्द्रागिरि नपा-२, नागढुंगाबाट लागुऔषध एम्फेटामाइनसहित रौतहट राजपुर फरहदबा नपा-४ का ३७ वर्षीय सेख मालिकलाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ । प्रहरी प्रभाग नागढुंगा र लागुऔषध नियन्त्रण ब्युरोबाट खटिएको प्रहरीले सर्लाहीदखि काठमाडौंतर्फ आउँदै गरेको बा.प्र०३-००१ ख २४१६ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार मालिकलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

कागेश्वरी : कागेश्वरी-मनोहरा नपा-८, शिवचोक बस्ने सिन्धुपाल्चोक मेलम्ची गापा-४ की ३५ वर्षीया नीता लामिछानेको कोठामा ताल्चा फुटाई नगद तथा सुनका विभिन्न गरगहना गरी करिब चार लाख ७० हजार रुपैयाँबराबरको धनमाल चोरी भएको छ । प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

मिटरब्याजबाट उठाइयो सवा २२ करोड

परिवारका नाममा घरजग्गा र बैंकमा राखेर सम्पत्ति शुद्धीकरण गर्नेविरुद्ध मुद्दाको तयारी

सुवास भट्ट / नयाँ पत्रिका

गरिब तथा विपन्न वर्गलाई मिटरब्याजमा ऋण प्रवाह गरी अकुत धन आर्जन गर्ने र त्यसलाई कानुनी वैधताका लागि सम्पत्ति शुद्धीकरण गर्ने व्यक्तिविरुद्ध मुद्दाको तयारी अघि बढेको छ। गैरकानुनी मिटरब्याज धन्दाबाट आर्जित र त्यसबाट बढे-बढाएको समेत करिब सवा २२ करोड रुपैयाँबराबरको सम्पत्ति शुद्धीकरण भएको ठहरसहित सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुसन्धान सकेर अभियोजनको निर्णयका लागि पठाएको फाइल अहिले विशेष सरकारी वकिल कार्यालयमा छ।

कार्यालयबाट प्राप्त अनुसन्धान प्रतिवेदनअनुसार आठजनालाई प्रतिवादी बनाउनुपर्ने दाबी विभागले गरेको छ। विभागले लामो अनुसन्धानपछि मिटरब्याज धन्दा सम्पत्ति शुद्धीकरणसँग जोडिएको तथ्यसहित अनुसन्धान प्रतिवेदन अभियोजनको निर्णयका लागि कार्यालयमा पेस गरेको हो। यो मिटरब्याज जोडिएको सम्पत्ति शुद्धीकरणसम्बन्धी सबैभन्दा ठूलो मुद्दा हो। यसअघि गत वर्ष सर्लाहीका मिटरब्याजी श्याम परदेशी भनिने श्यामकृष्ण साहविरुद्ध सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा झन्डै चार करोड बिगो दाबीसहित विशेष अदालतमा मुद्दा दायर भएको थियो।

मिटरब्याज जोडिएको यो सम्पत्ति शुद्धीकरण अनुसन्धान प्रतिवेदनमा विभागले विभिन्न आठजनालाई प्रतिवादी उल्लेख गरेको छ। प्रमुख प्रतिवादी सर्लाहीको ब्रह्मपुरी गाउँपालिका- ४ का सञ्जयकुमार रौनियार छन्। उनकी पत्नी सारिकादेवी साह, पुत्रद्वय समिरवर्धन र सौम्यवर्धन, भाइ उमाशंकरप्रसाद साह, उमाशंकरकी पत्नी सुनिता गुप्ता र छिमेकी रामबाबु महतो कोइरी र अशोककुमार यादव छन्। उनीहरू सबैविरुद्ध सर्लाही जिल्ला अदालतमा लेनदेन मुद्दा विचाराधीन छ। करिब तीन वर्षअघिको यो मुद्दाको बिगो नै ९७ करोड रुपैयाँ छ। ठगीको यहीसम्बद्ध कसुरका आधारमा विभागले उनीहरूमाथि अनुसन्धान गरेको थियो।

कमजोर आर्थिक अवस्था भएका र समस्यामा परेका मानिसलाई कानुनविपरीत चर्को ब्याजदरमा रकम लगानी गरी ठगी गरेर आर्जित सम्पत्ति शुद्धीकरण गरेको अनुसन्धानबाट देखिएको छ। रौनियारले सर्लाही, धनुषा र महोत्तरीलगायत विभिन्न जिल्लाका मानिसलाई ३६ प्रतिशतसम्म ब्याजमा ऋण दिएको देखिन्छ। यसरी दिएको ऋणको दोब्बर/तेब्बरसम्मको लेनदेन कागज बनाएको भेटिएको छ। एउटै कारोबारका धेरै कागजात तयार गरेर पीडितबाट नगद र घरजग्गासमेत असुल गर्ने गरेको अनुसन्धानबाट देखिएको छ। यस्तो चरम ठगीबाट आर्जित सम्पत्ति रौनियारले घरजग्गा कारोबारमा लगाएर थप बढाएका छन्। कसुरबाट आर्जित सम्पत्ति लगानीमार्फत थप वृद्धि गरेर सञ्जयले पत्नी सारिका देवी, भाइ उमाशंकर र छोराहरू समिर र सौम्यवर्धनसमेतका नाममा बैंक मौज्दात र घरजग्गा जोरजम्मा गरेको देखिन्छ।

यसमा मुख्य आरोपी सञ्जयकुमार छन्। उनले नै आफ्नो सम्पत्ति अन्य प्रतिवादीका नाममा राखेको देखिन्छ। कुनै पनि वैधानिक आम्दानी नभएका उनीहरूको नाममा करोडौं बैंक मौज्दात र सयौं बिघा जग्गाजमिन छ। करोडौंको तमसुक कागज छ। वैधानिक व्यापार, व्यवसाय वा रोजगारीको आम्दानी नदेखिएको र सम्पत्तिको तुलनामा कुनै पनि प्रकारको कर, राजस्व तिरे बुझाएको देखिँदैन।



सञ्जयकुमार रौनियार

> मुख्य आरोपी सञ्जयकुमार रौनियारले आफ्नो सम्पत्ति अन्य व्यक्तिका नाममा राखेको, एउटै कारोबारका धेरै कागजात तयार गरेर पीडितबाट नगद र घरजग्गासमेत असुल गर्ने गरेको, पाँचवटा बैंकमा एक करोड १५ लाख ८८ हजार मौज्दात रहेको, सर्लाही र महोत्तरीमा ४५ कित्ता जग्गा किनेको अनुसन्धानबाट खुल्यो

सम्पत्ति शुद्धीकरण गर्ने उद्देश्यले कसुरबाट प्राप्त सम्पत्तिको स्वामित्व र त्यसमाथिको अधिकार हस्तान्तरण गर्ने, लुकाउने, छल्ने, बदल्नेजस्ता निषेधित कार्य गरेको देखिएको छ। शुद्धीकरण गरेको सम्पत्ति, घर, जग्गा छोरा, पत्नी तथा आफन्तका नाममा अंशमार्फत हक हस्तान्तरण गरेको भेटिएको अनुसन्धान प्रतिवेदनमा उल्लेख छ। सञ्जयले पत्नी र छोराहरूसमेतलाई केही वर्षअघि अंशबन्डा गरेर कसुरबाट प्राप्त सम्पत्तिको गैरकानुनी स्रोत लुकाउने, सम्पत्तिमाथि परिवारका सदस्यको व्यक्तिगत हक गराउने र कसुरजन्य सम्पत्ति सुरक्षित गरी राख्ने कार्य गरेका थिए।

सञ्जयले आफू र परिवारका नाममा पीडितबाट करिब सात करोड ६४ लाख रुपैयाँमा २७२ कित्ता जग्गा खरिद गरेको देखिएको छ। त्यसमध्ये ६ करोड ८५ लाख १३ हजार रुपैयाँमा जग्गा बिक्री गरी हाल उनी र परिवारका नाममा दुई करोड ९२ लाख मूल्यबराबरका ९५ कित्ता जग्गा छ। कसुरबाट प्राप्त तीन करोड दुई लाख ७६ हजार रुपैयाँ रकम विभिन्न बैंक तथा वित्तीय संस्थाका खातामा मौज्दात देखिएको छ।

पत्नी र छोराहरूका नाममा रहेको घरजग्गा, अन्य कारोबार र पीडितहरूमा गरेको ऋण लगानीको रकम २० करोड २० लाख ८५ हजारको स्रोत देखिँदैन। कसुरबाट आर्जित सम्पत्तिबाट बढे-बढाएको दुई करोड १३ लाख रुपैयाँ गरी २२ करोड ३४ लाख रुपैयाँ सम्पत्तिको गैरकानुनी स्रोत लुकाउने, छल्ने, रूपान्तरण एवं हस्तान्तरणसमेतका कार्य गरी सम्पत्ति शुद्धीकरण गरेको दाबी गरिएको छ।

सञ्जय रौनियारको विभिन्न पाँच बैंकमा एक करोड १५ लाख ८८ हजार मौज्दात देखिएको छ। त्यस्तै, पत्नी सारिकादेवीको नाममा तीनवटा बैंकमा २१ लाख ४० हजार बैंक मौज्दात तथा उनकै नाममा सर्लाही र महोत्तरीमा ४५ कित्ता जग्गा छ। पुत्रद्वय समिर र सौम्यका नाममा तीनवटा बैंकमा ६१ लाख २८ हजार मौज्दात रहेको छ। समिरका नाममा सर्लाही र महोत्तरीमा २६ कित्ता जग्गा र सौम्यका नाममा चार बैंकमा एक करोड चार लाख २९ हजार मौज्दात र सर्लाहीमा २४ कित्ता जग्गा छ।

यसैगरी, भाइ उमाशंकरको नाममा तीन बैंकमा ३८ हजार मौज्दात, सर्लाही र महोत्तरीमा २३ कित्ता जग्गा र उनकी पत्नी सुनिताका नाममा केही बैंक मौज्दात र तीन कित्ता जग्गा छ।

मुख्य आरोपी सञ्जयको मिलेमतोमा रामबाबु कोइरी महतोले जग्गा र बैंक मौज्दातसमेत ३१ लाख ४७ हजार रुपैयाँबराबरको कसुरबाट आर्जित सम्पत्ति धारण गरेको भेटिएको छ। सञ्जयको सम्पत्ति शुद्धीकरणसम्बन्धी कार्यमा अशोककुमार यादव पनि संलग्न देखिएका छन्।

सञ्जयको सहयोगी भई लक्ष्मण साह रौनियारले अस्वाभाविक रूपमा जग्गा खरिद र बिक्री गरेको भेटिएको छ। गैरकानुनी स्रोतको सम्पत्ति लुकाइछिपाइ गर्न सञ्जयले लक्ष्मणका नाममा ३६ कित्ता जग्गा हस्तान्तरण गरेका छन्। त्यसको मूल्य एक करोड ६६ लाख ४४ हजार पर्न आउँछ। सञ्जयको भारतमा समेत व्यवसाय र बैंक कारोबार देखिएकाले कसुरबाट आर्जित सम्पत्ति स्थानान्तरणसमेत गरेको हुन सक्ने दाबी गरिएको छ।

■ चिकित्सक कुटपिट प्रकरण

देशभरका स्वास्थ्य संस्थामा आकस्मिकबाहेकका सेवा ठप्प पारिने

काठमाडौं / नेपाल चिकित्सक संघले आइतबार देशभरका स्वास्थ्य संस्थाहरूमा आकस्मिकबाहेकका सेवा ठप्प पार्ने घोषणा गरेको छ। सरकारसँग आफूहरूले राखेका माग पूरा नभएको भन्दै संघले यस्तो घोषणा गरेको हो। संघले शनिबार विज्ञप्ति जारी गर्दै डाक्टर कुटपिट गर्ने घटनाका दोषीहरूलाई कारबाही नभएको भन्दै आकस्मिकबाहेकका सेवा बन्द गर्ने जनाएको छ। 'घटनाका सम्बन्धमा नेपाल सरकारले सम्पूर्ण दोषीहरूलाई कानुनी दायरामा नल्याएको हुनाले नेपाल चिकित्सक संघ बाध्यतावश ३१ भदौदेखि आन्दोलनका कार्यक्रम सार्वजनिक गर्न बाध्य भएको व्यहोरा विज्ञप्तिमार्फत सबैमा जानकारी गराइन्छ,' संघले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'आइतबार देशभरका सम्पूर्ण सरकारी स्वास्थ्य संस्था, अस्पताल, मेडिकल कलेज, निजी अस्पताल तथा क्लिनिकहरूमा आकस्मिक सेवाबाहेकका सम्पूर्ण सेवा पूर्ण रूपमा बन्द गरिनेछ।'

संघले २७ भदौमा हेटौंडास्थित सञ्चो अस्पतालमा भएको सांघातिक घटनामा संलग्न दोषीहरूको छानबिन गरी फौजदारी अभियोगमा कारबाही हुनुपर्ने माग गरेको छ। संघले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी पहिलो संशोधन ऐन २०७९ अनुसार कारबाही हुनुपर्ने जनाएको छ। चिकित्सा जनशक्ति दिनानुदिन पलायन भइरहेकाले राज्यले यसतर्फ सोच्नुपर्ने पनि संघले विज्ञप्तिमार्फत भनेको छ।

गत २५ साउनमा हेटौंडा-१ मा रहेको सञ्चो अस्पतालका चिकित्सकद्वय डा. विकास थापा र डा. प्रशान्त बिडारीमाथि कुटपिट भएको थियो। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले हेटौंडा-१२ का अनुप प्रधान, रोहित प्रधान, रमा प्रधान र रमिता प्रधान पक्राउ परेका छन्। रोहित र अनुपविरुद्ध किटानी जाहेरी परेको छ। सञ्चो अस्पतालमा उपचारका लागि आएका ४१ वर्षीय राजेश प्रधानको मृत्युको विषयलाई लिएर अस्पतालभित्रै चिकित्सकद्वय थापा र बिडारीमाथि कुटपिट गरिएको थियो। यो घटनापछि देशभरका चिकित्सक आन्दोलित भएका हुन्।

अनलाइन ठगीमा संलग्न युवकसँग २७ सय सिमकार्ड

काठमाडौं / एउटै व्यक्तिसँग दुई हजार सात सय सिमकार्ड। पत्याउनै मुस्किल। तर, प्रहरीले अनलाइन ठगीमा संलग्न युवकसँग दुई हजार सात सय सिमकार्ड बरामद गरेको छ। चिनियाँ गिरोहसँग मिलेर अनलाइनमार्फत ठगीमा संलग्न एक युवकबाट दुई हजार सात सय सिमकार्ड बरामद भएको हो।

सिन्धुपाल्चोकको बाह्रबिसे घर भई काठमाडौं कीर्तिपुर बस्ने २० वर्षीय मिलन थापासँग यसरी ठूलो मात्रामा सिमकार्ड र २७ व्यक्तिका नागरिकता बरामद भएको हो। उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले उनलाई बिहीबार पक्राउ गरेको थियो।

उनले चिनियाँ समूहसँग मिलेर अनलाइनमार्फत ठगीको काम गर्दै आएको अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सोमेन्द्रसिंह राठौरले बताए। 'टेलिग्राम नामक एपमार्फत उनले भारतीयहरूलाई चर्को ब्याजदरमा पैसा लगानी गर्ने काम गर्दै आएका थिए,' एसएसपी राठौर भन्छन्, 'विगतमा चिनियाँहरूले नेपालमा छुट्टै कार्यालय नै खोलेर यस्तो काममा लगाउने गरेकोमा अहिले नेपालीलाई घरबाटै काममा लगाउने गरेको देखिन्छ।' थापाले कीर्तिपुरस्थित आफ्नो डेराबाटै यस्तो काम गर्दै आएका थिए। खासगरी युवाहरूलाई लक्षित गरी मोबाइल वालेटमा ऋण दिने र एक सातामै ऋणको ५० प्रतिशत थप असुल गर्दछन्। पैसा नदिए उनीहरूको परिवारलाई समेत फोन गरेर यातना दिने तथा अश्लील फोटोहरूसँग जोडेर बेइज्जती गर्दै आएका छन्। ऋण लिनका लागि उनीहरूको फोटोदेखि परिवारको विस्तृत विवरण मान्ने गर्दछन्।

भारतमा यस्ता घटनाले कतिपय किशोर-किशोरीले आत्महत्या गरेपछि यसरी मोबाइल वालेटमा ऋण दिन कडाइ गरिएको थियो। चिनियाँ गिरोहले नेपालमा बसेर भारतमै बस्ने भारतीयलाई यसरी अनलाइन ऋणका नाममा ठगी गर्दै आएका छन्। विगतमा पनि यस्ता घटनामा नेपाल प्रहरीले अनुसन्धान गरी चिनियाँसहितको समूहलाई पक्राउ गरेको छ। डेढ वर्षअघि काठमाडौं प्रहरीले यस्ता दुईवटा समूहलाई पक्राउ गरेको थियो। यो गिरोहका नाइके डेभिड नामक चिनियाँ भएको र उनी सिंगापुरमा बस्दै आएको खुलेको छ।

पक्राउ परेका थापालाई उनले नै सिंगापुरबाट यस्तो काममा लगाई मासिक तलब दिने गर्दथे। पक्राउ परेका थापासँग २३ वटा ल्यापटप तथा २७ वटा विभिन्न व्यक्तिका नागरिकता बरामद भएको छ। सिमकार्ड निकाल्नकै लागि ती नागरिकता दुरुपयोग भएको प्रहरी आशंका छ। एउटा सिमकार्ड एक-दुई दिन मात्र उनीहरूले प्रयोग गर्दथे।

मोटरसाइकल दुर्घटनामा दुई विद्यार्थीको मृत्यु

सिन्धुपाल्चोक / मोटरसाइकल दुर्घटनामा दुई विद्यार्थीको मृत्यु भएको छ । सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका-११ का २७ वर्षीय नवीन पाण्डे र पाँचपोखरी थाङपाल गाउँपालिका-१ का २८ वर्षीय समीर तामाङको सडक दुर्घटनामा मृत्यु भएको हो । पाण्डे एमालेनिकट अनेरास्ववियु जिल्ला सहसंयोजक र तामाङ सचिवालय सदस्य हुन् ।

पम्पमा पेट्रोल हालेर खाडीचौरबाट काठमाडौं फर्कँदै गरेको ना.८ख३७६ नम्बरको ट्र्याकरले विपरीत दिशाबाट आएको बा.प्र०२-०३१प ५९७६ नम्बरको मोटरसाइकललाई चौतारा साँगाचोकगढी नगरपालिका-९ अरनिको राजमार्गस्थित घुमाउनेडाँडामा ठक्कर दिएको थियो ।

जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका अनुसार घटना शनिबार दिउँसो १:३० बजेको हो । ठक्करबाट गम्भीर घाइते पाण्डे र तामाङलाई प्रहरीले तत्काल धुलिखेल अस्पताल पुऱ्याएको थियो । तर, उपचार हुन नपाउँदै उनीहरूको मृत्यु भयो । दुवैको टाउको र छातीमा गम्भीर चोट भएको र रगत बढी बगेकाले अस्पतालमा उपचार सम्भव नभएको हो । संगठनको सचिवालय बैठकमा भाग लिन उनीहरू मेलम्चीबाट बाह्रबिसे जाँदै थिए ।

अझै २० वर्ष राजनीतिमा सक्रिय रहने ओलीको घोषणा



अहिले पनि मेरो बुबा मजत्तिकै तगडा हुनुहुन्छ । मेरो बुबा नै त्यति तगडा हुनुहुन्छ भने २० वर्ष त मैले सक्रिय रहने विचार गरेको हुँ । तर, २० वर्ष सक्रिय रहनुको अर्थ म २० वर्षै, देशको नेतृत्व गर्छु, पार्टीको नेतृत्व गर्छु भनेको होइन । नेतृत्व गर्नेहरूलाई सहयोग गर्छु, सक्रिय रहेर ।

नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले आफू अझै २० वर्ष राजनीतिमा सक्रिय रहने बताएका छन् । भक्तपुरमा शनिबार आयोजित विद्यार्थीसँगको अन्तर्क्रियामा ७२ वर्षीय ओलीले पहिला बिरामी भए पनि हाल कुनै समस्या नभएको बताए ।

पार्टी नेतृत्वको विषयमा भने ओलीले आफू लचक रहेको दाबी गरेका छन् । राजनीतिमा सक्रिय रहँदै नेतृत्व हस्तान्तरण गर्ने र नेतृत्व गर्नेलाई सहयोग गर्ने ओलीको भनाइ छ । 'पहिला म बिरामी थिएँ, धेरैपटक अप्रेसन गर्नुपऱ्यो । दुईपटक किड्नी ट्रान्सप्लान्ट गर्नुपऱ्यो । अहिले किड्नीले धेरै राम्रो काम गरिरहेको छ । कुनै प्रकारको समस्या छैन,' ओलीले भने, 'अर्को कुरा अहिले पनि मेरो बुबा मजत्तिकै तगडा हुनुहुन्छ । मेरो बुबा नै त्यति तगडा हुनुहुन्छ भने २० वर्ष त मैले सक्रिय रहने विचार गरेको हुँ । तर, २० वर्ष सक्रिय रहनुको अर्थ म २० वर्षै, देशको नेतृत्व गर्छु, पार्टीको नेतृत्व गर्छु भनेको होइन । नेतृत्व गर्नेहरूलाई सहयोग गर्छु, सक्रिय रहेर ।'

उनले बाँचुन्जेल पद नछोड्न प्रवृत्तिलाई आफूले तोड्ने पनि सुनाए । 'मान्छे बाचुन्जेलसम्म पद छाड्न नखोज्ने प्रवृत्ति छ । पदमै टाँसिन खोज्ने, आवश्यक्ता होस् कि नहोस्, काम गर्न सकोस् कि नसकोस्, स्मरण शक्ति होस् कि नहोस्, बोल्न सकोस् कि नसकोस्, तर पनि पदमा बसिरहन चाहने प्रवृत्ति छ । त्यो प्रवृत्तिलाई मैले सचेतनापूर्वक तोड्न चाहन्छु,' उनले भने । उनले आफू सक्रिय रहँदारहँदै कार्यभार सुम्पिएर देश चलाउनका लागि सहयोग गर्ने बताए ।

उनले नयाँ पुस्ताले नेपाललाई सार्वभौम, स्वतन्त्र र राष्ट्रिय हितको रक्षा गर्ने गरी स्वाभिमानको झन्डा उठाउनुपर्नेमा जोड दिए । 'हाम्रो पिँढीभन्दा बढी देशभक्त, विकासप्रेमी, क्लिन, भिजिनरी, कर्मठ र क्रियाशील सफल नेताका रूपमा तपाईंहरू आउनुहुनेछ । मेरा केही असफलता छन् । मैले नेपालविरुद्धको षड्यन्त्र पराजित गर्न सकिरहेको छैन । तपाईंहरूले ती षड्यन्त्रलाई पराजित गर्नुपर्छ र नेपाललाई साँच्चिकै सार्वभौम, साँच्चिकै स्वतन्त्र, साँच्चिकै स्वाधीन, आफ्नो भूगोलको बिल्कुल रक्षा गर्न सक्ने, राष्ट्रिय हितको रक्षा गर्न सक्ने, राष्ट्रिय स्वाभिमानको झन्डा माथि उठाउन सक्नुपर्छ,' उनले भने ।

■ बागमती प्रदेश सभा बैठक

चारवटा विधेयक संसदीय समितिमा पठाइयो

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सभाको शनिबार बसेको बैठकले चारवटा विधेयकलाई छलफलका लागि संसदीय समितिमा पठाएको छ । २४ भदौमा बसेको बैठकमा पेस भएका चारवटा विधेयकलाई संसदीय समितिमा छलफलका लागि पठाइएको हो । यसअघिको शनिबार बसेको प्रदेश सभा बैठकमा सभामुख भुवनकुमार पाठकले संसद्मा पेस भएका तीनवटा विधेयकलाई दफावार छलफल तथा संशोधनका लागि संसदीय समितिमा पठाइयोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गरेका थिए । प्रस्ताव सदनबाट सर्वसम्मत पारित भएको हो ।

शनिबार दिउँसो बसेको बैठकले आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठका तर्फबाट सामाजिक विकासमन्त्री कुमारी मोक्तानले संसद्मा पेस गरेको 'प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक'लाई दफावार छलफलका लागि प्रदेश मामिला समितिमा पठाइएको छ । कृषि तथा पशुपन्छी विकासमन्त्री डा. राजेन्द्रमान श्रेष्ठले संसद्मा पेस गरेको 'प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' लाई दफावार छलफलका लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाइएको छ । सामाजिक विकासमन्त्री मोक्तानले नै बैठकमा पेस गरेको 'विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'लाई दफावार छलफलका लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाइएको छ । स्वास्थ्यमन्त्री उत्तम जोशीले सदनमा पेस गरेको 'प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०८०' लाई दफावार छलफलका लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाइएको छ ।

प्रदेश सभा बैठकमा विशेष समय लिएर २२ सांसदले आफ्नो धारणा राखेका थिए । अधिकांश सांसदले गत बुधबार हेटौंडामा चिकित्सकमाथि भएको सांघातिक आक्रमणको घटना र एक किलो सुन तस्करीमा प्रदेशका मन्त्रीको संलग्नता भएको भन्दै सरकारसँग जवाफ माग गरेका छन् ।

एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले चिकित्सकमाथि भएको आक्रमणले राज्यको सुरक्षा संयन्त्रमाथि नै



प्रश्नचिह्न खडा गरेको आरोप लगाए । उनले घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरे । थपलियाले एक किलो सुन तस्करीमा प्रदेशका मन्त्रीकै नाम मुछिनु लज्जास्पद भएको भन्दै सत्यतथ्य के हो सदनमा उपस्थित भएर जवाफ दिनुपर्ने बताए ।

एमालेकै सांसद एकालाल श्रेष्ठले चिकित्सकमाथि भएको कुटपिट घटनाको छानबिनका लागि उच्चस्तरीय समिति बनाउनुपर्ने माग गरे । उनले बहुपक्षीय हिसाबमा घटनाको छानबिन हुनुपर्ने बताए ।

कांग्रेस सांसद रामकुमार पहाडीले आफै व्यवस्थित हुन नसकेको प्रदेश सभाले जनताका कुरा कसरी समाधान गर्न सक्छ भन्दै प्रश्न गरे । उनले पटकपटक प्रदेश सभा बैठक सर्ने, तोकिएको समयभन्दा धेरै ढिला गरी मात्रै बस्ने र सदनमा सांसदहरूको उपस्थिति न्यून हुनु गम्भीर विषय भएको बताए । उनले सबभन्दा पहिले आफैंलाई व्यवस्थित बनाउन सकेमा मात्रै जनताका सवालमा खरो उत्रिन सक्ने भन्दै सदनको ध्यानाकर्षण गराए ।

कांग्रेस सांसद समिता खड्गीले चिकित्सकहरूमाथि भएको कुटपिटको घटना निन्दनीय भएको बताइन् । उनले डाक्टरहरूको जीवन सुरक्षित हुन नसकेको भन्दै तत्काल दोषीलाई नियन्त्रणमा लिएर कारबाही गर्न माग गरिन् । शनिवारको बैठकले संविधानसभा अध्यक्ष, प्रतिनिधिसभाका पूर्वसभामुख एवं प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्वाङको निधनप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोक प्रस्तावसमेत पारित गरेको छ ।

बागमती प्रदेश सरकारका खानेपानी, ऊर्जा तथा सिंचाइमन्त्री तीर्थबहादुर लामाले आफूलाई अनावश्यक विवादमा मुछेर गलत प्रचार गरेको बताएका छन् । २५ भदौमा काठमाडौंमा सुनजस्तो पहेंलो धातुको डल्ला (९६० ग्राम) बरामद भएको घटनामा आफ्नो नाम जोडेर समाचार प्रकाशित भइरहेको भन्दै उनले आपत्ति जनाएका छन् । 'कपोलकल्पित, तथ्यहीन र पूर्वाग्रही' समाचारले आफूलाई मर्माहत र दुःखित तुल्याएको भन्दै उनले समाचारमा कुनै सत्यता नरहेको र कुनै प्रकारको संलग्नता नरहेको विज्ञप्तिमार्फत प्रस्ट पारेका छन् ।


भाखा नाघेका ऋणीहरूमा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०५/३१ गते)

यस संस्थाबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिँदा गरिदिएको लिखतको शर्तमा तोकिएको अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको संस्थाको लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र संस्थाबाट मौखिक एवम् लिखित् रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछर्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

अतः यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य देदस्तुर चुक्ता गरी संस्थाको कर्जा फरफारक गर्न गराउन सम्बन्धित ऋणी, धितो जमानतकर्ता एंव सम्बद्ध सबैलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ । सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता नगरेमा ऋणी एवं धितो जमानतकर्तालें संस्थालाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी असुल उपर गरिने व्यहोरा यसै सुचनाद्वारा सूचित गरिन्छ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट सहकारी ऐन, नियम तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्रि गरी संस्थाको लेना रकम असुल उपर गरीने व्यहोरा सम्बद्ध सबैलाई यसै सुचनाबाट जानकारी गराईन्छ ।

तपसिल

क्र.स.	फोटो	ऋणी सदस्यको विवरण	जमानीकर्ताको फोटो	व्यक्तिगत जमानी दिने सदस्यको विवरण	धितोको विवरण
१.		**नाम : सोम प्रसाद काफले** **ना.प्र.नं.२६१, जि.प्र.का. काभ्रे,** जारी मिति : २०३०/११/०२ बाबुको नाम : रविराज काफले बाजे : नारायण प्रसाद काफले ठेगाना :काभ्रे जिल्ला, पाँचखाल वडा नं. ६ हाल : काभ्रे जिल्ला, पाँचखाल वडा नं. ६		१. **नाम : रुपक काफले** ना.प्र.नं.९४५, जि.प्र.का. काठमाण्डौं, जारी मिति : २०५६/११/२४ बाबुको नाम : सोम प्रसाद काफले बाजे : रविराज काफले ठेगाना : काभ्रे जिल्ला, पाँचखाल वडा नं. ६ हाल : काभ्रे जिल्ला, पाँचखाल वडा नं. ६	सोम प्रसाद काफलेको नाममा मालपोत कार्यलय काभ्रेमा दर्ता श्रेष्ता कायम रहेको काभ्रे जिल्ला पाँचखाल वडा नं. ६ स्थित कित्ता नं. १२२६ को क्षेत्रफल १-८-०-०, कित्ता नं. १२२७ को क्षेत्रफल ०-४-०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२.		**नाम : सविन कुमार तोलाञ्री** **ना.प्र.नं. १३३०३७/३४, जि.प्र.का. ओखलढुङ्गा,** जारी मिति : २०६३/१०/२९ बाबुको नाम : बल बहादुर तोलाञ्री बाजे : भगन्त बहादुर तोलाञ्री ठेगाना : ओखलढुङ्गा जिल्ला , रानीवन वडा नं.७ हाल : ओखलढुङ्गा जिल्ला , चम्पादेवी वडा नं.१०		१. **नाम : शोभा श्रेष्ठ** ना.प्र.नं. ४१३०६६-२२, जि.प्र.का. गुल्मी, जारी मिति : २०७०/०२/१४ पतिको नाम : सविन कुमार तोलाञ्री ससुरा : बल बहादुर तोलाञ्री ठेगाना : गुल्मी जिल्ला ,बस्तु वडा नं.९ हाल : गुल्मी जिल्ला ,धुर्कोट वडा नं. ५	सविन कुमार तोलाञ्रीको नाममा मालपोत कार्यलय बेलबारी मोरंगमा दर्ता श्रेष्ता कायम रहेको मोरंग जिल्ला कसेनी वडा नं. ४ड स्थित कित्ता नं. ३७३ को क्षेत्रफल ०-५-१८-२, भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३.		**नाम : कुलचन्द्र अधिकारी** **ना.प्र.नं. ४७००५, जि.प्र.का. काभ्रे, जारी मिति : २०५०/०३/२९** बाबुको नाम : मिन बहादुर अधिकारी बाजे : राम बहादुर अधिकारी ठेगाना :काभ्रे जिल्ला , खनालथोक वडा नं. ५ हाल : काभ्रे जिल्ला , पाँचखाल वडा नं. १२		१. **नाम : रमा कुमारी ढकाल** ना.प्र.नं. ४६४७२५१४, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५९/०६/१६ पतिको नाम : कुलचन्द्र अधिकारी ससुरा : मिन बहादुर अधिकारी ठेगाना : महोत्तरी जिल्ला, खयरमारा वडा नं.६ हाल : महोत्तरी जिल्ला, बर्दिबास वडा नं. ११	कुलचन्द्र अधिकारीको नाममा मालपोत कार्यलय धुलिखेल काभ्रेपलान्चोकमा दर्ता श्रेष्ता कायम रहेको काभ्रे जिल्ला खनालथोक वडा नं. ६ स्थित कित्ता नं. ७७७ को क्षेत्रफल ४-६-१-२, भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
४.		**नाम : प्रेमलाल श्रेष्ठ** **ना.प्र.नं. ५५३७, जि.प्र.का.काठमाण्डौं,** जारी मिति : २०४२/०६/१७ बाबुको नाम : बेखा सिं. श्रेष्ठ बाजे : बेखा नारायण श्रेष्ठ ठेगाना : काठमाण्डौं जिल्ला, टोखा सरस्वती वडा नं. ७ हाल : काठमाण्डौं जिल्ला, टोखा वडा नं. ४		१. **नाम : नवराज सार्की** ना.प्र.नं. : ७०२७१, जि.प्र.का. गोरखा, जारी मिति : २०५५/१२/२९ बाबुको नाम : गोपाल सार्की बाजे : निम बहादुर सार्की ठेगाना : गोरखा जिल्ला, बगुवा वडा नं.८ हाल : गोरखा जिल्ला, भिमसेनथापा वडा नं.५	प्रेमलाल श्रेष्ठको नाममा मालपोत कार्यलय मनमैजु काठमाण्डौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला चण्डेश्वरी वडा नं. ४ क स्थित कित्ता नं. २४२ को क्षेत्रफल ०-४-२-०, भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
५.		**नाम : धन माया गुरुङ** ना.प्र.नं. ५२९०, जि.प्र.का. पर्वत, जारी मिति : २०५१/०५/२९ बाबुको नाम : बक बहादुर गुरुङ बाजे : चम्फा सिं गुरुङ ठेगाना : पर्वत जिल्ला, रानीपानी वडा नं. २ हाल : पर्वत जिल्ला, विहदी वडा नं. ३		१. **नाम : ईश्वर प्रसाद काफले** ना.प्र.नं.: ३४६३४/५०७, जि.प्र.का. दोलखा, जारी मिति :२०६१/०१/०३ बाबुको नाम : विष्णु प्रसाद काफले ससुरा : डिल्ली नाथ काफले ठेगाना : दोलखा जिल्ला, भिरकोट वडा नं.४ हाल : दोलखा जिल्ला, तामाकोशी वडा नं.१	धन माया गुरुङको नाममा मालपोत कार्यलय संखु काठमाण्डौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला नाङ्लेभारे वडा नं. ६ख स्थित कित्ता नं. ३६७ को क्षेत्रफल १-०-०-०, भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
६.		**नाम : भगवती थापा** **ना.प्र.नं. ८९६४, जि.प्र.का. काठमाण्डौं,** जारी मिति : २०५२/१०/१७ पतिको नाम : बिकास थापा ससुराको नाम : विष्णु कुमार थापा ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं.३३ हाल : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं.३०		१. **नाम : बिकास थापा** ना.प्र.नं.११७०३, जि.प्र.का. काठमाण्डौ बाबुको नाम : विष्णु कुमार थापा बाजे :गोपाल थापा ठेगामा : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं.३३ हाल : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं.३०	भगवती थापाको नाममा मालपोत कार्यलय काठमाण्डौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला विष्णु(बुढानिलकण्ठ) वडा नं. ६ख स्थित कित्ता नं. ७९९ को क्षेत्रफल ०-४-२-१ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
७.		**नाम : शिव राम सिलवाल** **ना.प्र.नं. : १२८७/२७४७, जि.प्र.का. रसुवा,** जारी मिति : २०३६/०५/१४ बाबुको नाम : भोज राज सिलवाल बाजे : कृष्ण प्रसाद सिलवाल ठेगाना : रसुवा जिल्ला लहरेपौवा वडा नं.१ हाल : रसुवा जिल्ला उत्तरगया वडा नं.५		१. **नाम : भिमसेन कुमार श्रेष्ठ** ना.प्र.नं. : ५७४०, जि.प्र.का. धादिङ, जारी मिति : २०५१/०५/०६ बाबुको नाम :लाल बहादुर श्रेष्ठ बाजे : खड्ग बहादुर श्रेष्ठ ठेगाना : धादिङ जिल्ला, सुनौलाबजार वडा नं. ५ हाल : धादिङ जिल्ला, नीलकण्ठ वडा नं. १०	शिवराम सिलवालको नाममा मालपोत कार्यलय रसुवामा दर्ता श्रेष्ता कायम रहेको रसुवा जिल्ला डाडागाँउ वडा नं. ९ स्थित कित्ता नं. ९८ को क्षेत्रफल ८-१२-१-०, कित्ता नं. ११७ को क्षेत्रफल १२-३-२-२, कित्ता नं. १३७ को क्षेत्रफल ३-३-२-१, कित्ता नं. १३८ को क्षेत्रफल ३-८-३-३, कित्ता नं. १३९ को क्षेत्रफल ७-१४-३-०, भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
८.		**नाम : ज्ञानु खत्री** **ना.प्र.नं. : ४६७, जि.प्र.का. काठमाण्डौं** जारी मिति : २०५७/०२/१३ बाबुको नाम : पदम बहादुर खत्री बाजे : लाल बहादुर खत्री ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं.३ हाल : काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं.३		१. **नाम : अपर्णा घिमिरे** **ना.प्र.नं. : ३५-०१-७३-०२७१३,** जि.प्र.का.चितवन, जारी मिति :२०७३/०२/२३ बाबुको नाम : वैध प्रसाद घिमिरे बाजे : चिरंजिवि घिमिरे ठेगाना :चितवन जिल्ला, रत्ननगर वडा नं.१९ हाल : चितवन जिल्ला, रत्ननगर वडा नं. ५	ज्ञानु खत्रीको नाममा मालपोत कार्यलय काठमाण्डौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला विष्णु (बुढानिलकण्ठ) वडा नं. ६ ख स्थित कित्ता नं. ८०० को क्षेत्रफल ०-४-२-१ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
९.		**नाम : कृष्ण बहादुर नगरकोटी** **ना.प्र.नं.१६४३५, जि.प्र.का. धादिङ,** जारी मिति : २०५३/०८/०२ बाबुको नाम : जित बहादुर नगरकोटी बाजे : रण बहादुर नगरकोटी ठेगाना : धादिङ जिल्ला, ज्यामरुङ वडा नं.२ हाल : धादिङ जिल्ला, नीलकण्ठ वडा नं. ११	 	१. **नाम : भिमसेन कुमार श्रेष्ठ** ना.प्र.नं.५७४०, जि.प्र.का. धादिङ, जारी मिति : २०५१/०५/०६ बाबुको नाम : लाल बहादुर श्रेष्ठ बाजे : खड्ग बहादुर श्रेष्ठ ठेगाना : धादिङ जिल्ला, सुनौलाबजार वडा नं. ५ हाल : धादिङ जिल्ला, नीलकण्ठ वडा नं. १० २. **नाम : शिव राम सिलवाल** ना.प्र.नं. : १२८७/२७४७, जि.प्र.का. रसुवा, जारी मिति : २०३६/०५/१४ बाबुको नाम : भोज राज सिलवाल बाजे : कृष्ण प्रसाद सिलवाल ठेगाना : रसुवा जिल्ला लहरेपौवा वडा नं.१ हाल : रसुवा जिल्ला उत्तरगया वडा नं.५	कृष्ण बहादुर नगरकोटीको नाममा मालपोत कार्यलय मनमैजुमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला गोलढुंगा वडा नं. १ ख स्थित कित्ता नं. ३४०० को क्षेत्रफल ०-३-१-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
१०.		**नाम : चन्द्र देवान** **ना.प्र.नं.२५६६३०६२, जि.प्र.का.धनुषा,** जारी मिति : २०३९/११/१७ बाबुको नाम : जसलाल देवान बाजे : मानधर देवान ठेगाना : धनुषा जिल्ला, ढल्केबार वडा नं.५ हाल : धनुषा जिल्ला, मिथिला वडा नं. ६		१. **नाम : कृपा राजभण्डारी** ना.प्र.नं.४१११, जि.प्र.का. काठमाण्डौं, जारी मिति : २०४७/०८/१७ बाबुको नाम :कृष्ण राजभण्डारी बाजे : प्रेम राजभण्डारी ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं. ३१ हाल : काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं. २८	चन्द्र देवानको नाममा मालपोत कार्यलय मकवानपुरमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला हेटौडा वडा नं. ११ स्थित कित्ता नं. १०५५ को क्षेत्रफल ०-३-१-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

डि.स.का. काठमाडौं दर्ता नं.: ५९५/०५७/०५८

नेशनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था लि.
NATIONAL NAMOBUDDHA SAVING & CREDIT CO-OPERATIVE LTD.

केन्द्रीय कार्यालय: सामाखुशी-२६, काठमाडौं
फोन नं. ०१-४९८४४०५, ४९८५४६५

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९००/०८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.		
१)	ऋणीको विवरण	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. १५६६/३४६ अन्तर्गत मिति २०६९/१०/२२ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, गरुडा बैरीया गा.वि.स. वडा नं. ८ स्थित **अनु इलेक्ट्रोनिकस** **प्रोप्राइटर तथा जमानीकर्ता : फुल कुमारी देवि**
	धितोको विवरण	१) जगदेव ठाकुरकी छोरी, जगार नाथ ठाकुरकी बुहारी, उपेन्द्र ठाकुरकी पत्नी, रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. १ बस्ने फुल कुमारी देविको नाममा मालपोत कार्यालय रौतहट, गौरको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गरुडा बैरीया गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. १) स्थित कित्ता नं. २२६४ र ४५९ को क्षेत्रफल क्रमशः ०-०-५ र ०-०-५ (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) अनु इलेकट्रोनिकसको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	**१) पिन्टु कुमार शर्मा** ठेगाना : रौतहट जिल्ला, गरुडा बैरीया गा.वि.स. वडा नं. ८ बाबु : उपेन्द्र ठाकुर बाजे : जगार नाथ ठाकुर **२) उपेन्द्र ठाकुर** ठेगाना : रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. १ बाबु : जगार नाथ ठाकुर बाजे : चुल्हाई ठाकुर **३) फुल कुमारी देवि** ठेगाना : रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. १ बाबु : जगदेव ठाकुर ससुरा : जगार नाथ ठाकुर पति : उपेन्द्र ठाकुर
२)	ऋणीको विवरण	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय गौर, रौ



'डिग्री माइला'को शुभमुहूर्त

रामबाबु गुरुङको निर्देशनमा बन्न लागेको चलचित्र 'डिग्री माइला : एमए थर्ड क्लास'को शुभमुहूर्त गरिएको छ। निर्माण टिमले शनिबार क्यामेरा र स्क्रिप्ट पूजा गर्दै मुहूर्त गरेका हुन्। शुभमुहूर्त समारोहमा निर्देशक गुरुङसहित चलचित्रका कलाकार दयाहाङ राई, आँचल शर्मा, विजय बराल, माओत्से गुरुङलगायत उपस्थित थिए।



बाबु-छोरीको कथामा 'चित्रा'

घनश्याम लामिछाने निर्देशित चलचित्र 'चित्रा'को छायांकन सुरु भएको छ। चलचित्रमा अर्पण थापा, प्रमोद अग्रहरी, मेनुका प्रधान, शुभेच्छा खड्का, सिम्रन खड्का, आयुशी ढकाल, प्रकाश घिमिरेलगायतको अभिनय छ। चलचित्रले बाबु-छोरीको कथालाई प्रस्तुत गर्ने निर्देशक लामिछानेले बताए। चलचित्रमा अजय अधिकारीको कथा र मनीष गौतमको पटकथा तथा संवाद छ।

यसरी बनाउनुस् स्वादिष्ट दर



आरबी बुढाथोकी
सु-सेफ

हरितालिका तिजको अघिल्लो दिन दर खाएर भोलिपल्ट व्रत बसी पूजाआजा, नाचगान तथा दिदीबहिनी भेटघाट गर्ने चलन थियो। हिजोआज तिज आउनुभन्दा धेरै अघिदेखि नै पार्टी प्यालेस र रेस्टुरेन्टमा दर खाने र खुवाउने कार्यक्रम हुने गरेका छन्। तिजका अवसरमा आवश्यक सामग्री जुटाएर घरमै पनि स्वादिष्ट दर बनाउन सकिन्छ।



खिर

सामग्री : दूध, घिउ, टाइचिन चामल, चिनी, सुकुमेल धुलो, काजु, नरिवल।

पकाउने विधि : एउटा भाँडामा दूध उमाल्ने। उम्लेको दूधमा टाइचिनी चामल राख्ने। उम्लिएको दूधमा राखिएको चामल पाक्न थालिसक्यो भन्ने लागेपछि सुकुमेलको धुलो, चिनी, कोरेसोमा कोरेको नरिवल, काजु र किसमिस राख्ने। एउटा भाँडामा अलिकति घिउ खार्ने र खिर पाकिसकेपछि खारेको घिउलाई राख्ने।

अथवा बाक्लो देक्ची या कसौडीमा घिउ तताउने र राम्ररी पखालेर चामल हल्का भुटेर दूध खन्याउने। सानो आँचमा चलाइचलाई पकाउने। मरिच र अलैँचीको धुलो हालेर चलाउने र अन्तमा घिउमा भुटेको ड्राई नट्स र चिनी हालेर पुनः चलाउने। अब ताछेर कोरेसो गरेको चुकन्दर हालेर मिक्स गर्ने र तात्तातो पस्कने।

कागुनोको खिर

सामग्री : कागुनो आधा कप, दूध डेढ लिटर, मह पाँच चम्चा, ड्राई नट्स ५० ग्राम, घिउ दुई चम्चा, अलैँचीको धुलो पिन्च।

विधि : बाक्लो भाँडोमा दूध बसाल्ने र कागुनोलाई राम्ररी पखालेर ओइराउने। सानो आँचमा चलाइचलाई ४५ मिनेट पकाउने। कागुनो राम्रोसँग पाक्न थालेपछि अलैँचीको धुलो र मह हालेर चलाउने। अन्तमा ड्राई नट्स घिउमा फुराएर खिरमा मिक्स गरी तात्तातो सर्भ गर्ने।

पुलाउ

कतिपयले दूधमा पकाएको खिर नखान सक्छन्। उनीहरूका लागि घिउमा दम गरेको पुलाउ बनाउन सकिन्छ।

पकाउने विधि : सुरुमा चाममललाई केही बेर भिजाउने। एउटा भाँडामा घिउ राख्ने। त्यसमा तेजपत्ता, दालचिनी, ल्वाङ, सुकुमेललाई फुराउने र त्यसमा पानी राख्ने। सँगै, त्यसमा हल्का दूध राख्ने। भिजाएको चाममललाई पनि राख्ने र पकाउने।

अचार

सामग्री : काँक्रो, उसिनेको आलु, सानो केराउ, मेथी, तोरीको तेल, चुक अमिलो, नुन, बेसार, हरियो खुर्सानी, तिल।

बनाउने विधि : केराउको दाना आकारमा काँक्रोलाई काट्ने, उसिनेको आलुलाई सानो आकारमा काट्ने। भिजाएको सानो दानाको केराउ, काटिएको काँक्रो र आलुलाई एउटा सफा भाँडामा एकै ठाउँमा राख्ने। यसमा नुन, खुर्सानी, अमिलो राख्ने। तिललाई भुट्ने र पिस्ने। पिसेको तिललाई एकै ठाउँमा राख्ने। अर्को एउटा भाँडामा तोरीको तेल तताउने, त्यसमा मेथीको दाना पड्काउने र त्यसमा बेसार राखेर मोल्ने।

तरकारी

तिजको दरमा कर्कलो, आलु वा सिमी, काउली, आलुलाई मिक्स गरेर घरमै बनाउनेजस्तै तरकारी बनाउन सकिन्छ।

पक्कु मटन

पक्कु मटन अर्थात् ड्राई मटनलाई प्रायले रुचाउँछन्। एउटा पित्तल वा तामाको भाँडामा पकाउन सकिन्छ।

पकाउने विधि : एउटा तामा वा पित्तलको भाँडामा थोरै तेल राख्ने। जिरा, लसुन, प्याज फुराउने। सँगै मटन राखेर भुट्ने। त्यसमा पिसेको जिरा, धनियाँ राख्ने। बेसार, हरियो खुर्सानी पनि राख्ने। पिसेको अदुवा, लसुन, नुन राखेर नरम खालको बनाएर ड्राई मटन वा पक्कु मटन बनाउन सकिन्छ।

चिकेन

सामग्री : नुन, बेसार, जिराको धुलो, धनियाँको धुलो, टमाटर, चिकेन।

पकाउने विधि : २० देखि २५ ग्रामको हुनेगरी कटिङ गर्ने। चिकेनलाई नुन र बेसार हालेर एक घन्टा छोपेर राख्ने। एउटा भाँडामा थोरै तेल तताउने। चिकेनलाई हल्का रूपमा तेलमा फ्राई गर्ने। हाफ काँचो फ्राई गरेर निकालेर अर्को भाँडामा राख्ने। पुनः तेलमा जिरा, प्याज, लसुन फुराउने। त्यसमा काटेको टमाटर राख्ने। सँगै नुन, बेसार, चिकेन मसला, पिसेको जिरा र धनियाँ राखेर मसला बनाउने। फ्राई गरेको चिकेनलाई मसलामा मिसाउने। केही समय पाकिसकेपछि तातो पानी मिक्स गर्ने। चिकेन र झोल बराबर देखिने गरी बनाउने। यस्तो बनाउँदा सधैँ खाएकोभन्दा फरक स्वाद हुन आउँछ।

ड्राई सब्जी मिक्स भेजिटेबल

अहिले बजारमा पाइने भेजिटेबलहरूलाई मिश्रण गरेर 'ड्राई सब्जी मिक्स भेजिटेबल' बनाइन्छ। भिन्डी, पर्बल, आलु, काउलीलाई यसरी नै बनाउन सकिन्छ।

पनिर

बजारमा पाइने ठूलो खालको टमाटरलाई मिक्सरमा ग्राइन्डर गर्ने। धनियाँको दाना, रातो खुर्सानीलाई फ्राई गर्ने। टोमाटो, क्याप्सिकम राख्ने। हरियो खुर्सानी, नुन, खुर्सानीको धुलो, धनियाँ र जिराको धुलो प्रयोग गर्ने। यो पाकेपछि ग्राइन्डर गरिएको टमाटर राख्ने र नुन-मसला ठीक छ/छैन हेर्ने।

पनिरलाई स-साना आकारमा कटिङ गर्ने। एउटा भाँडामा तेल राखेर ब्राउन हुने गरी फ्राई गर्ने। यसलाई झिकेर चिसो पानीमा राख्ने। चिसो पानीबाट निकालेर तयार भएको मसलामा मिक्स गर्ने। यसमा बटर र थोरै क्रिम हाल्यौँ भने होटेलमा पाइनेजस्तै कडाइ पनिर खान सकिन्छ।

सलाद

दरमा सलादको रूपमा काँक्रो, गाँजरलाई नै सलादको रूपमा प्रयोग गरिएको पाइन्छ। बजारमा विभिन्न प्रकारका सलाद पाइन्छ। जस्तै- टुसा उमारेका सलाद पाइन्छ। स्वास्थ्यलाई ध्यान दिँदै पछिल्लो समय मानिसहरूले टुसा सलादलाई प्रयोग गरेको पाइन्छ। भटमास, मुगको दाल, मासको गेडाबाट उमारेको टुसालाई सलादको रूपमा प्रयोग गर्न सकिन्छ। साथै, हरियो सागपात, काँक्रो, गाँजर, मुलालाई पनि लिन सकिन्छ।

छालामा चमक ल्याउन



डा. ललन खतिवडा
छालारोग विशेषज्ञ
नेपाल स्किन हस्पिटल

पछिल्लो समय नेपालमा छालारोगका बिरामीको संख्या बढ्दो छ। ९-१० वर्षका केटामा पनि तालु खुइलिने समस्या देखा परेको छ। सामान्यतया ४० वर्षपछि मात्रै तालु खुइलिन्छ वा युवावस्थामा मात्रै 'डन्डिफोर' आउँछ भन्ने हाम्रो आमबुझाइ गलत हो। यस्ता जटिल समस्या देखा परेमा हेलचेक्रयाइँ गरेर बस्नुहुन्न। बजारमा विभिन्न प्रकारका सौन्दर्य सामग्री पाइन्छन्। तर, चिकित्सकसँग परामर्श नगरी जथाभावी त्यस्ता सामग्री प्रयोग गर्नाले स्वास्थ्यमा उल्टै गम्भीर समस्या निम्त्याउने जोखिम हुन्छ।



- मुख्य कुरा, मानसिक रूपमा सन्तुष्ट हुनुपर्छ। आफू जे छु, त्यसैमा सन्तोष गर्न सक्यो, आफैँलाई राम्रो ठान्यो भने अनुहारमा स्वतः चमक आउँछ।
- नियमित शारीरिक व्यायाम पनि आवश्यक छ। नियमित व्यायामले तपाईंको शरीरबाट पसिनासँगै धेरै विकार बाहिर निकाल्छ, शरीरलाई ऊर्जाशील र अनुहार सफा बनाउँछ।
- हामीले खाने खाना कति स्वस्थकर छ, यस विषयमा ख्याल गर्नुपर्छ। खानपानमा पर्याप्त ध्यान दिनुपर्छ, समयमा खानुपर्छ। पानी पर्याप्त पिउनुपर्छ।
- हरेक दिन हाम्रो जीवन दौडधुपमै बितिरहेको छ। सूर्यको प्रकाशमा फैलिएका विभिन्न विकिरणले हाम्रो छालामा प्रत्यक्ष असर गर्छन्। त्यसैले यसबाट जोगिन हामीले बाहिर निस्कनुअघि सनस्क्रिन लगाउनुपर्छ। सनस्क्रिनले प्रदूषणबाट पनि हाम्रो छालालाई जोगाउँछ।
- राति अबेर बस्ने, बिहान ढिलोसम्म सुत्ने बानीले छाला मात्रै होइन, अन्य रोग निम्त्याउनसमेत भूमिका खेलिरहेको हुन्छ। त्यसैले कम्तीमा सातदेखि १० घन्टा सुत्नुपर्छ।

शान्ति र बाटुकुमारीलाई जागरुक महिला सम्मान

हेटौँडा/ मकवानपुरे साहित्यकार शान्ति प्रियबन्दना र सहकारीकर्मी बाटुकुमारी योञ्जनलाई जागरुक महिला सम्मान २०८० प्रदान गरिएको छ। सामुदायिक रेडियो, रेडियो मकवानपुरले महिलाहरूको पर्व हरितालिका तिजको अवसरमा शनिबार एक कार्यक्रमबीच दुईजनालाई जनही नगद १० हजार रुपैयाँसहित जागरुक महिला सम्मान प्रदान गरिएको हो। साहित्य र सहकारीको क्षेत्रबाट महिला सशक्तीकरणमा योगदान पुऱ्याएको भन्दै उनीहरूलाई सम्मान गरिएको आयोजकले जानकारी दिएको छ।

उनीहरूलाई कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेसका केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिना, बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठ, रेडियो मकवानपुर सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुलीलगायतले नगदसहित सम्मानपत्र प्रदान गरेका हुन्। रेडियोले स्थापनाकालदेखि नै तिजको सन्दर्भमा दुई महिलालाई जागरुक सम्मान प्रदान गर्दै आएको रेडियोका अध्यक्ष पराजुलीले जानकारी दिए। कार्यक्रमलाई सम्बोधन गर्दै कांग्रेस केन्द्रीय सहमहामन्त्री डिनाले चाडपर्वमा अनावश्यक खर्च नगर्न अनुरोध गर्दै संस्कृतिको जगेर्ना गर्ने गरी मनाउन आग्रह गरिन्।



महिलालाई सुहाउँछ मेहदीका यस्ता डिजाइन

नारीले चाडपर्व तथा विभिन्न सभा समारोहमा मेहदी लगाउने गर्छन्। मेहदी लगाउँदा हातखुट्टामा दूषित पानीको असर पर्दैन, त्यही कारण पनि तिज तथा अन्य चाडपर्वको वेलामा पानीसँग बढी खेल्नुपर्ने भएकाले महिलाले मेहदी लगाउने गरेका हुन्। बजारमा चलेका मेहदीका डिजाइन यस्ता छन् :

- **बेंगल डिजाइन** : यसलाई हातखुट्टामा लगाइने बृहत् डिजाइन मानिन्छ। हुन त खुट्टामा झपक्कै देखिने प्रकारको डिजाइन बेंगल डिजाइन हो। यसमा विभिन्न प्रकारका फूलबुट्टा बनाइन्छ।
- **वान लाइन डिजाइन** : यो एक धर्के प्रकारको डिजाइन हो। यो डिजाइनमा एकसरो लामो प्रकारको फूलबुट्टा तथा माछिकाँडे डिजाइनहरू बनाइन्छ।
- **पार्टी मेहदी** : पारम्परिक मेहदीभन्दा यो केही फरक हुन्छ। यो मेहदीमा विभिन्न टल्कने सामग्री मिसावट गरिन्छ। जसका कारण यस्तो मेहदीको फूलबुट्टा तथा डिजाइन पार्टीमा रातिको समयमा टल्कने र अझ आकर्षक देखिन्छ। सोही कारण यसको नाम पार्टी डिजाइन मेहदी राखिएको हो।



सुरक्षित भविष्यका लागि सञ्चय कोष तथा निवृत्तभरण कोष

कर्मचारी सञ्चय कोष ६२औँ वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योगदानकर्ताको सन्तुष्टिप्रति सदैव समर्पित रहने सङ्कल्पसहित कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिबद्धता जनाउँदै सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं।

१. सञ्चयकर्ता विवरण

विवरण	योगदानकर्ता	योगदानकर्ता कार्यालय
सञ्चय कोष	५ लाख ८२ हजार	२७ हजार ६ सय
निवृत्तभरण कोष	६३ हजार ३ सय	३ हजार २ सय

२. आ.व. २०७९/८० को वित्तीय अवस्था (अपरिष्कृत)

विवरण	सञ्चय कोष	निवृत्तभरण कोष	जगेडा कोष	दायित्वहरू	कूल स्रोत	कूल लगानी	बचत
रकम रु. अर्बमा	४६१.७८	६.५१	३८.१०	५.६५	५१२.०४	५०३.७४	४.७२

३. वित्तीय सुविधा

(क) **ब्याज तथा मुनाफा** : कोष रकममा ब्याज दर : ७.५ प्रतिशत
मुनाफा : १.२० प्रतिशत (आर्थिक वर्ष २०७८/७९ को सुरु मौज्दातमा)

(ख) **सापटी, सीमा र ब्याजदर**

विवरण	विशेष सापटी	घर सापटी	शैक्षिक सापटी	सरल चक्र कर्जा	घर मर्मत सापटी	जग्गा खरिद सापटी
सापटी सीमा	सञ्चित रकमको ८० प्रतिशतसम्म	रु.१ करोडसम्म	रु.२५ लाखसम्म	रु.३० लाखसम्म	रु.२५ लाखसम्म	रु. १ करोडसम्म
ब्याजदर	८.६० प्रतिशत	९.२५ प्रतिशत	९.२५ प्रतिशत	९.७५ प्रतिशत	९.२५ प्रतिशत	९.७५ प्रतिशत

(ग) **ब्याजमा छुट** : धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रूपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासमा ०.२५ प्रतिशतले बिन्दुले छुट।

४. सामाजिक सुरक्षा सुविधा

(क) **सञ्चयकर्ता स्वास्थ्योपचार योजना** : सञ्चयकर्तालाई साधारण रोगका लागि उपचार गराएको हकमा प्रत्येक आर्थिक वर्षमा रू. १ लाखसम्म र घातक रोगको उपचारको हकमा सेवा अवधिभरिमा अधिकतम रु. १० लाखसम्म ।

(ख) **सुत्केरी तथा शिशु स्याहार सुविधा** : प्रति प्रसुति रु.७,५००।- (२ सन्ततिका लागि)।

(ग) **दुर्घटना क्षतिपूर्ति योजना** : निज वा निजको हकवालालाई रु.२ लाख।

(घ) **काजक्रिया अनुदान** : हकवालालाई रु.४० हजार।

५. कोषका कार्यालयहरू

उपत्यकास्थित : **पुल्चोक, ठमेल, लगनखेल र सिंहदरबार।**
उपत्यकाबाहिर : **विराटनगर, जनकपुर, हेटौँडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत, धनगढी र धनकुटा।**

कर्मचारी सञ्चय कोष
पुल्चोक, ललितपुर
फोन नं.: ५०१०१६५, ५०१०१६६

Invitation for Sealed Quotation

Khajura Rural Municipality
Office of Rural Municipal Executive
Banke, Nepalgunj Banke

Sealed Quotation No: KRM/SQ/GOODS/01/2080/81

Date of Publication :17/09/2023

1. The Khajura Rural Municipality, Banke invites sealed quotations from registered Suppliers for the Sealed Quotation For Purchase of Per CC Rate For Notices and Vacancy in Newspaper, Khajura Rural Municipality, Khajura, Banke.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Banke Nepalgunj Banke, 9803231395, khajura666@gmail.com.
   OR
   [may visit PPMO website www.bolpatra.gov.np.]
3. If hard copy is allowed then a complete then a complete set of Bidding Documents may be purchased from the office Khajura Rural Municipality, Banke Banke Nepalgunj Banke and the officeKhajura Rural Municipality,Banke Banke Nepalgunj Banke by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.0 till 02-10-2023 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   i. Name of the Bank : NIC Asia Bank Ltd.
   ii. Name of Office : Khajura Rural Municipality,Banke
   iii. Office Code no :
   iv. Office Account No : ga.1.1(1112051498621003)
   v. Rajaswa (revenue) Shirshak No :
5. Sealed bids must be submitted to the office Khajura Rural Municipality,Banke Banke Nepalgunj Banke by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 02-10-2023 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02-10-2023 14:00 at the office of Khajura Rural Municipality, Banke,
   Banke
   Nepalgunj, Banke
   Lumbini Province
   Nepal.
   Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 35000 , which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[ga.3.(B141498621524004)] at [NIC Asia Bank Ltd. , Khajura,Banke] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

विश्वव्यापी शासन प्रणालीमा चीनको बढ्दो भूमिका

बढ्दो चीन-अमेरिका तनाव, युक्रेन संकट तथा विश्व राजनीतिमा घट्दो पश्चिमा प्रभावले विश्वव्यापी शासनमा शक्तिको बाँडफाँटमा ठूलो असन्तुलन बढाएको छ



● पामिर गौतम

अग्रलेख

राष्ट्रपति सी चिनफिंगले सेप्टेम्बर २०१६ मा महान् शक्तिका रूपमा चीनको कूटनीतिबारे बोल्दै गर्दा पहिलोपटक विश्वव्यापी शासन व्यवस्थामा चीनको क्षमता वृद्धि गर्न आवश्यक रहेको उल्लेख गरेका थिए। मार्च २०२३ मा आफ्नो तेस्रो कार्यकाललाई औपचारिक रूपमा अनुमोदन गर्ने राष्ट्रिय जनकांग्रेसको विधायी सत्रको समापन कार्यक्रममा बोल्दै सीले चीनले विश्वव्यापी शासन प्रणालीको सुधार र विकासमा सक्रिय भूमिका खेल्ने बताएका थिए।

विगत दुई दशकमा चीन विश्वको दोस्रो ठूलो अर्थतन्त्र र विश्वस्तरको सैन्य शक्तिका साथ एक प्रमुख शक्तिका रूपमा उभिएको छ। त्यसैले, आफ्नो बढ्दो शक्ति र सामर्थ्यअनुसार अन्तर्राष्ट्रिय प्रणाली र विश्वव्यापी शासन व्यवस्थामा उसले आफ्नो केन्द्रीयता दाबी गर्नु स्वाभाविक नै हो। राष्ट्रपति सी चिनफिंगले बारम्बार बेइजिङको मूल्य र प्राथमिकता प्रतिबिम्बित हुने गरी चीनले निष्पक्ष र न्यायिक अवधारणाका साथ विश्वव्यापी शासन प्रणाली सुधारको नेतृत्व गर्न आवश्यक रहेको बताउँदै आएका छन्। चीनले जोड दिने 'निष्पक्ष र न्यायपूर्ण' विश्व व्यवस्थाका अवधारणाले एक बहुध्रुवीय संसारको निर्माणलाई संकेत गर्छ, जसअनुसार अन्तर्राष्ट्रिय नियम कुनै एउटा राष्ट्र अथवा गुटले निर्धारण गर्ने नभई विश्व समुदायको प्रमुख राष्ट्रबीचको व्यापक सहभागिता र वार्ताको सिद्धान्तमा आधारित हुनुपर्छ।

चिनियाँ परराष्ट्र मन्त्रालयले गत बुधबार चीनको विश्वव्यापी शासनको सुधार र विकाससम्बन्धी प्रस्ताव जारी गरेको छ। सो दस्ताबेजमा चीनले युक्रेन संकट, इरान र कोरियाली प्रायद्वीपको आणविक समस्या, अफगानिस्तान समस्या, प्यालेस्टाइन-इजरायल द्वन्द्व, सिरिया, सुडान, लिबिया र यमनका मुद्दा, कृत्रिम बुद्धिमत्ता (आर्टिफिसियल इन्टेलिजेन्स), संयुक्त राष्ट्रसंघ र अन्य अन्तर्राष्ट्रिय संगठन, मानवअधिकार इत्यादि विषयमा आफ्नो पछिल्लो अडान र प्रस्ताव सार्वजनिक गरेको हो।

दस्ताबेजअनुसार युरोपमा व्याप्त सुरक्षा र सुशासन संयन्त्रको अभावले युक्रेन संकट निमत्याएको हो। शीतयुद्धको मानसिकता, प्रतिबन्ध, दबाब र आगोमा घिउ थप्ने प्रवृत्तिले अवस्थालाई झन् बिगार्ने भएकाले सबै पक्षको वैध सुरक्षा चासोलाई ध्यानमा राखेर यस संकटको राजनीतिक समाधान खोज्दै दिगो युरोपेली सुरक्षा संरचना निर्माण गरी अघि बढ्न चीनले अपिल गरेको छ। त्यस्तै कोरियाली प्रायद्वीपमा शान्ति र स्थायित्वको रक्षा गर्न, निःशस्त्रीकरण हासिल गर्न र वार्ता र परामर्शका माध्यमबाट प्रायद्वीपमा शान्ति संयन्त्र स्थापना गर्नु महत्त्वपूर्ण रहेको चीनले जनाएको छ। दस्ताबेजअनुसार वर्तमान अवस्थालाई ध्यानमा राख्दै सरोकारवाला पक्षले शान्त र संयमित भएर परिस्थितिलाई सहज बनाउने र वार्ताको पुनः सुरुवातका लागि वातावरण सिर्जना गर्ने प्रयास गर्नुपर्छ।

चीनले अन्तर्राष्ट्रिय समुदायलाई अफगानिस्तानको स्वतन्त्रता, सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको सम्मान गर्न 'अफगान नेतृत्वको, अफगान स्वामित्वको' सिद्धान्त पालना गर्न, अफगानिस्तानका लागि मानवीय र विकास सहायता जारी राख्न, अफगानिस्तानको पुनर्निर्माण र आर्थिक विकासका लागि क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउन आह्वान गरेको छ। प्यालेस्टाइन-इजरायल मुद्दामा दस्ताबेजले प्यालेस्टाइन र इजरायलको शान्तिपूर्ण सहअस्तित्व र १९६७ को सिमानाको आधारमा पूर्वी जेरुसेलम राजधानी भएको स्वतन्त्र प्यालेस्टाइन राज्य स्थापनामा चीनले जोड दिएको छ।

इरानको आणविक समस्या र सिरिया, सुडान, लिबिया र यमनजस्ता क्षेत्रीय 'हटस्पट'हरूको समस्या राजनीतिक माध्यमबाट समाधान गर्न सकिने चीनको विश्वास छ। चीनले मध्यपूर्वका देशलाई स्वतन्त्र रूपमा विकास मार्ग खोज्न, ऐक्यबद्धता र समन्वयका माध्यमबाट क्षेत्रीय सुरक्षा समस्या समाधान गर्न र दिगो शान्ति र सुरक्षा कायम गर्न आफूले समर्थन गर्ने जनाएको छ। त्यस्तै, चीनले अफ्रिकी महाद्वीपमा शान्ति र स्थायित्वको पुनर्स्थापना गर्ने, स्वतन्त्र रूपमा आधुनिकीकरणको बाटो छनोट गर्ने, अफ्रिकाको औद्योगिकीकरण र कृषि आधुनिकीकरणलाई सहयोग गर्ने जनाएको छ। विभिन्न राष्ट्र र क्षेत्रसँगको सम्बन्धका अतिरिक्त विभिन्न अन्तर्राष्ट्रिय विषयमा पनि चीनले आफ्नो 'पोजिसन' स्पष्ट गरेको छ।



आणविक हतियारको मामलामा चीनले ठूला आणविक हतियार भएका देशले आणविक निःशस्त्रीकरणका विभिन्न अन्तर्राष्ट्रिय सन्धिबमोजिम आफ्ना प्राथमिक जिम्मेवारी इमानदारीपूर्वक पूरा गरे मात्र विश्वशान्ति र विकासमा बढावा पुग्ने जनाएको छ। त्यस्तै आणविक ऊर्जाको शान्तिपूर्ण उपयोग वातावरण र मानव स्वास्थ्यसँगको समझौतामा हुन नहुने जनाउँदै चीनले आणविक दूषित पानीको निकासीको सन्दर्भमा जापान सरकारले इमानदारी देखाउनुपर्ने, अन्तर्राष्ट्रिय निगरानीलाई स्वीकार गर्नुपर्ने र दूषित पानीलाई विज्ञानमा आधारित, सुरक्षित र पारदर्शी तरिकाले निकासा गर्नुपर्ने बताएको छ।

> चीनले अघि सारेको विश्वव्यापी शासनको सुधार र विकाससम्बन्धी प्रस्तावहरू अमेरिका र यसका केही पश्चिमी सहयोगीभन्दा फरक छन्, तर विकासशील देशहरूको भावना र दृष्टिकोणसँग मिल्दाजुल्दा छन्

राष्ट्रपति सीले अघि सारेका विश्वव्यापी विकासका पहल (जिडिआई) र बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) लाई मुख्य फोकसका रूपमा कार्यान्वयन गर्नेमा चीनले जोड दिएको छ। यसका लागि उसले विश्व, क्षेत्रीय, उपक्षेत्रीय र राष्ट्रियस्तरमा जिडिआई र संयुक्त राष्ट्र संघले अघि सारेका विकासका एजेन्डाबीचका तालमेललाई बढाउने जनाएको छ भने विकसित देशलाई आधिकारिक विकास सहायता र जलवायु वित्तपोषणमा आफ्ना प्रतिबद्धता पूरा गर्न, विश्वव्यापी विकास स्रोतको असमान वितरणलाई सम्बोधन गर्न र विकासशील देशको क्षमता निर्माणमा सहयोग गर्न आह्वान गरेको छ।

चीनले आर्थिक विश्वव्यापीकरणलाई अझ खुला, समावेशी, सन्तुलित बनाउन, बहुपक्षीयतालाई कायम राख्न, बहुपक्षीय व्यापार प्रणालीको दृढतापूर्वक संरक्षण गर्न, एकपक्षीयता र संरक्षणवादको विरोध गर्न आह्वान गरेको छ। त्यस्तै अन्तर्राष्ट्रिय समुदायले विभिन्न देशको सामाजिक प्रणाली र विकास मार्गलाई सम्मान गर्नुपर्ने, विश्वव्यापी आर्थिक शासन प्रणालीलाई अझ न्यायपूर्ण र न्यायोचित बनाउनुपर्ने र राष्ट्रबीच साझा लाभका लागि व्यापक परामर्श र पारस्परिक लाभकारी सहयोगलाई बढावा दिन अत्यावश्यक रहेको जनाएको छ।

अन्तर्राष्ट्रिय समुदायले कृषि व्यापारका लागि निष्पक्ष, समतामूलक, दिगो र स्थिर व्यवस्था स्थापना गर्न र खाद्य सुरक्षाका मुद्दालाई राजनीतीकरण र हतियारीकरण गर्न नहुने र सबैभन्दा जोखिममा परेका देशलाई खाद्य सुरक्षाका लागि क्षमता अभिवृद्धि गर्न मद्दत गर्न जोड दिएको छ।

चीनले जलवायु परिवर्तनलाई सम्बोधन गर्न ठूलो महत्त्व दिएको छ र यस महत्त्वपूर्ण विश्वव्यापी चुनौतीलाई सम्बोधन गर्न देशहरूले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र संघको फ्रेमवर्क कन्भेन्सन र यसको पेरिस सम्झौतामा उल्लिखित उद्देश्य र सिद्धान्तअनुसार मिलेर काम गर्नुपर्नेमा जोड दिएको छ। जलवायु परिवर्तनलाई सम्बोधन गर्न विकसित देशले आफ्ना ऐतिहासिक जिम्मेवारी पूरा गर्न, उत्सर्जनलाई उल्लेखनीय रूपमा घटाउन र विकासोन्मुख देशको आर्थिक, प्राविधिक र क्षमता निर्माणमा सहयोग गर्न चीनले आह्वान गरेको छ।

चीनले अघि सारेको दस्ताबेजले मानव अधिकारको विषयलाई विशेष ध्यान दिएको देखिन्छ। मानवअधिकार प्रवर्द्धन र संरक्षणका लागि कुनै एउटा राष्ट्र वा समुदायले तोकिदिएको मोडल नै सर्वोत्तम हुने र मानवअधिकारका मुद्दालाई राजनीतीकरण वा औजारका रूपमा प्रयोग गर्ने प्रवृत्तिलाई चिनियाँ दस्ताबेजले आलोचना गरेको छ। ऐतिहासिक पृष्ठभूमि, सांस्कृतिक सम्पदा, सामाजिक प्रणाली र सामाजिक-आर्थिक विकासको स्तरमा देशहरू एक-अर्काबाट भिन्न हुने भएकाले तिनको राष्ट्रिय अवस्थालाई जोडेर राष्ट्रिय यथार्थ र जनताको आवश्यकतालाई ध्यानमा राखी मानवअधिकारलाई अगाडि बढाउन आवश्यक रहेको चीनले बताएको छ।

गहिरो समुद्री अन्वेषण, ध्रुवीय क्षेत्रहरू, बाह्य अन्तरिक्ष, साइबरस्पेस र डिजिटल प्रविधि, र कृत्रिम बुद्धिमत्ता (एआई) विश्वव्यापी शासनको नयाँ सीमा बनेको अवस्थामा अन्तर्राष्ट्रिय समुदायले नयाँ परिस्थिति र चुनौती सामना गर्न शासनको सिद्धान्तलाई समयसापेक्ष राख्न आवश्यक छ। देशहरूले वैज्ञानिक, प्राविधिक र औद्योगिक क्रान्तिको नयाँ चरणको ऐतिहासिक अवसरलाई सदुपयोग गर्न र यसको विकासलाई उत्पादकत्वमा अनुवाद गर्न मिलेर काम गर्न जरुरी रहेको चीनले बताएको छ।

विगत केही वर्षयता विश्वको राजनीतिक परिदृश्य नाटकीय रूपमा परिवर्तन भएको छ। बढ्दो चीन-अमेरिका तनाव, युक्रेन संकट, विश्व राजनीतिमा घट्दो पश्चिमा प्रभावले विश्वव्यापी शासनमा शक्तिको बाँडफाँडमा ठूलो असन्तुलन बढाएको छ। एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका धेरैजसो विकासशील देशले धेरै अन्तर्राष्ट्रिय मुद्दामा पश्चिमबाट आफूलाई टाढा राखेका छन्।

अब आउने दशकमा विश्व राजनीति थप जटिल हुने र बहुध्रुवीय प्रणाली बढ्दै जानेछ। चीनले अघि सारेको विश्वव्यापी शासनको सुधार र विकाससम्बन्धी प्रस्ताव अमेरिका र यसका केही पश्चिमी सहयोगीभन्दा फरक छन्, तर विकासशील देशको भावना र दृष्टिकोणसँग मिल्दाजुल्दा छन्। चीनले अघि सारेको दस्ताबेजले चीन अन्तर्राष्ट्रिय सम्बन्धमा आधिपत्यको अधीनमा नभई बहुसंख्यक अन्तर्राष्ट्रिय समुदायले समर्थन गरेको न्याय र निष्पक्षतामा दृढतासाथ उभिनेछ भन्ने सन्देश अवश्य दिएको छ।

३ प्रश्न

अखिल नेपाल फुटबल संघ (एन्फा)का पूर्वअध्यक्ष **कर्माछिरिङ शेर्पा**लाई



एन्फाको वर्तमान विवादलाई कसरी हेरिरहनुभएको छ ?

एन्फाभित्र यसरी विवाद देखिनुका पछाडि धेरै कारण छन्। मुख्य विवाद भनेको नेतृत्व विधानविपरीत चल्नु नै हो। नेतृत्वले बैठक नै गर्न नसक्ने, बैठक बोलाए पनि एजेन्डा नै थाहा नदिने जस्ता गतिविधि देखायो। विधानमा हुँदै नभएको अवैधानिक जुम साधारण सभा आयोजना गरेर नेतृत्वले गल्ती गरेको छ। नेतृत्वले नै एकपछि अर्को गल्ती गर्दै गएपछि संस्थामा विवाद जन्मिनु अनौठो होइन।

नेपाली फुटबलको स्तर खस्किरहने र एन्फाको विवाद भने पटकपटक चर्किरहने अवस्था किन आउँछ ?

यसको मूल जिम्मेवारी नेतृत्वले लिनुपर्छ। मेरो कार्यकालमा डिभिजन लिगका तीनै चरण पूरा भएका थिए। अहिलेको नेतृत्वले त्यसलाई पूरा गर्न सकेको छैन। महिला लिग हुँदै भएन। फुटसलको लिग पनि हुन सकेको छैन। एन्फाका एकेडेमीहरू अस्तव्यस्त छन्। आर्थिक पारदर्शिता कत्ति पनि छैन। विधानविपरीत जुम साधारण सभा गरिसकेपछि नेतृत्वले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने थियो।

एन्फाको यस्तो विवादबिच नेपाली फुटबलको भविष्य कस्तो होला ?

नेतृत्वको यस्तै रबैया रहिरहने भने नेपाली फुटबलको भविष्य थप नाजुक हुनेछ। अहिले 'ग्रासरुट प्रोग्राम' छैन। युवालक्षित कार्यक्रम छैन। राज्यबाट थप लगानी ल्याउन, नयाँ नयाँ थप प्रायोजक भित्र्याउन, थप भौतिक पूर्वाधार निर्माण गर्न नेतृत्वले चासो दिएको छैन। प्रतिभावान् खेलाडी दिनदिनै पलायन भइरहेका छन्। लिगहरू अस्तव्यस्त छन्। अनि कसरी नेपाली फुटबलको भविष्य उज्ज्वल होला त ?

प्रेरक प्रसंग

केएफसीको जन्मकथा

अमेरिकाको केन्टुकी राज्यको एक सानो घरमा एक वृद्ध बस्थे। उनी प्रत्येक साता आउने ९९ सय डलरको सामाजिक सुरक्षा रकमबाट आफ्नो जीवन चलाइरहेका थिए। दिन यथावत् बित्दै थिए। ६५ वर्षको उमेरमा पुगेपछि उनलाई अवस्थामा केही परिवर्तन ल्याउनुपर्छ भन्ने लाग्यो। परिवर्तन त ल्याउने तर कसरी ? उनी कुखुराको मासु निकै मिठो स्वादमा तयार गर्थे। उनका साथीले उनलाई आफ्नो सोही सीपमार्फत जीवनमा परिवर्तन ल्याउन सल्लाह दिए। उनलाई पनि साथीहरूको सुझाब ठिक लाग्यो।



आफ्नो सीप बेच्न उनले केन्टुकी छाडे। नयाँ-नयाँ राज्यका सहरमा पुगेर उनले त्यहाँका नामी रेस्टुरेन्ट मालिकलाई आफ्नो सीपबारे बताए। सबैलाई आफ्नो विशेष स्वाद चखाए पनि। तर, कसैले पनि उनको स्वाद प्रयोग गरेबापत त्यसबाट आउने कमाइको सानो हिस्सा दिन चाहेनन्। कोसिस गर्दै जाँदा उनले हजार पटकभन्दा बढी 'माफ गर्नुहोस्, हामीलाई यसको आवश्यकता छैन' भन्ने जवाफ पाए। तैपनि उनी निराश भएनन्। उनलाई आफ्नो सीप र क्षमतामाथि पूरापूर विश्वास थियो। त्यसैले, उनले आफ्नो प्रयास जारी राखे। अन्ततः एक हजार नवौँपटकमा उनको प्रस्तावमा कसैले सहमति जनाए। उनको सीप बिक्ने भयो। एक रेस्टुरेन्ट मालिकले उनको स्वादको तारिफ गर्दै भने- हुन्छ, हामी सहकार्य गर्न सक्छौं। त्यसका लागि म तयार छु।

यसरी जीवनको वृद्धावस्थामा हरेस नखाई, निराश नभई लगातार आफ्नो सीप प्रवर्द्धनका लागि दौडधुप गर्ने वृद्ध थिए- कर्नेल हार्टल्यान्ड डेभिड स्यान्डर्स। उनैको अथक विश्वास, परिश्रम, सीप तथा कहिल्यै हार नमान्ने र निराश नहुने स्वभावका कारण जन्मिएको थियो- विश्वप्रसिद्ध 'केन्टुकी फ्राइड चिकेन' अर्थात् 'केएफसी'।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सरकारी अस्पताल सुधार्ने कसले ?

'कान्ति अस्पतालको गेटमै पुगेका गम्भीर बिरामीलाई पनि 'सेटिङ'मा पठाइन्छ निजीमा' शीर्षकको समाचार पढेपछि केही लेख्न मन लाग्यो। के सरकारी अस्पतालका चिकित्सक, नर्स र कर्मचारी सबै बिकेका हुन्छन् हो ? होइन भने यिनले किन यसरी गरिब जनताका सन्तानलाई सरकारी अस्पतालभित्र छिर्नै नदिई निजीतिर लखेट्छन् ? तैपनि, यस्ता कर्मचारीमाथि सम्बन्धित निकायबाट कुनै कारबाहीको पहल गरिएको देखिन्न। के ती कर्मचारीलाई त्यसरी बिरामी अन्यत्र पठाउन अस्पताल प्रशासनले नै खटाएको हो ? होइन भने गरिब जनतामाथि यो हदको अत्याचार कहिलेसम्म ? अनि, जनताले उपचार नै नपाएर मनुपर्ने कहिलेसम्म हो ? के गरिब जनताको ज्यानचाहिँ ज्यान होइन ?

● **सुमित्रा भुजेल**, सिनामंगल, काठमाडौं

सुरक्षा गार्डलाई कारबाही गर

कान्ति अस्पतालका सुरक्षा गार्डले पटक-पटक गरी दर्जनौं बिरामीलाई अस्पतालमा बेड छैन भनेर विभिन्न निजी अस्पतालमा पठाउने गरेको समाचार पढियो। आफ्ना सन्तानलाई सरकारी अस्पतालमा उपचारको आसमा अस्पताल ल्याउने गरिब जनतालाई निराश बनाएर निजी अस्पतालमा जान बाध्य बनाउनु गम्भीर अपराध हो। गरिब जनताले उपचार पाउने सरकारी अस्पतालबाटै हो। निजीको महँगो उपचार सेवामा उनीहरूको पहुँच नै पुग्दैन। उपचारका लागि निजीमा गइहाले पनि तिनै घरखेतै बेच्नुपर्ने अवस्था आउँछ। त्यसैले, यस्ता सुरक्षा गार्डलाई कारबाही गरियोस्।

● **सुमिना महर्जन**
कीर्तिपुर, काठमाडौं

सरकारले ठीक निर्णय गऱ्यो

सरकारले आगामी संविधान दिवसमा नयाँ विभूषण वितरणको घोषणा नगर्ने भनी गरेको निर्णय उचित छ। विभूषण वितरण जहिल्यै विवादमा पर्दै आएको विषय हो। हरेकपटक विभूषण पाउनलायक इमानदार राष्ट्रसेवकले नपाउने, तर छनोटकर्ता, उनका आफन्त र आसेपासेले भने पाउने योग्यता नहुँदानहुँदै पनि विभूषण पाइरहेको अवस्था देखिन्थ्यो। कहिलेकाहीं त सरकारले कारबाही सिफारिस गरेका, भ्रष्टाचारको आरोप लागेका या कुनै कारणवश नसिहत दिइएका व्यक्तिले समेत विभूषण पाउँदा त्यसको ओझ र गरिमा नै धूमिलसमेत हुँदै आएको थियो।

● **अव्यक्त रेस्मी मगर**
लामबगर, काठमाडौं

विमानस्थल र सुनको साइनो

एयरपोर्टबाट सर्वसाधारणले एउटा मोबाइल ल्याउन पाउँदैन, तर सय किलो सुन सजिलै 'पास' हुन्छ। त्यही सुन बाहिर सिनामंगलमा समातिन्छ। त्यति ठूलो परिमाणको सुन बाहिर आयो चाहिँ कसरी ? कहिले केमा त कहिले केमा लुकाएर सुन ल्याइएको खबर आउँछ। अझ मलद्वारमा लुकाएर पनि सुन ल्याइएको समाचार आइरहेको हुन्छ। यस्तोमा हाम्रो विमानस्थल र सुनको साइनो निकै गाढा देखिन्छ। विदेश जाँदा घाँटीमा लगाएको सुन एयरपोर्टमा देखाएर कागज बनाई जाँदासमेत फर्किंदा त्यही सुनको कर तिर्नुपर्छ भन्ने कर्मचारीलाई कसले के भन्ने ? अन्तर्राष्ट्रिय विमानस्थल भ्रष्टाचारको केन्द्र बनेको छ। यसलाई निगरानीमा राख्नैपर्छ। पछिल्लो समयमा गृहमन्त्रीले जे गरेका छन्, त्यो सही छ। बाटामा अनेक अवरोध हुँदा पनि उनले आफ्नो काम गरेकै छन्। तर, अबका दिनमा चाँडै नै उनको बहिर्गमन भएमा अन्यथा नमाने हुन्छ।

केहीअघि सय किलो सुन जोख्दा साठी किलो भयो भन्ने समाचार आयो। बाँकी सुन कता हरायो ? अहिले विमानस्थलका कर्मचारीले आन्दोलन गरेका छन्, आफूहरूलाई सरकारले कारबाही गऱ्यो भनेर। कर्मचारीले जे गर्दा पनि मौन बस्नुपर्ने हो ? सरकारले कारबाही गर्न थालेपछि भन्सारका कर्मचारीको भागभाग हुन थालेको छ। हिजो विमानस्थलस्थित भन्सार कार्यालय जान राजनीतिक फोर्स लगाउने कर्मचारी अहिले विमानस्थलबाट सरुवा मागिरहेका छन्। आखिर किन ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

अमिनी हत्याको वर्षदिन : कस्तो अवस्था छ इरानको ?

नियन्त्रणमा उद्यत् इरानी सत्ताले दिल जित्नुको सट्टा जनतामाझ डर पैदा गरेर त्रास फैलाउनुलाई प्राथमिकता दिएको छ



देश/विदेश

● अफसिन शाही

'नैतिकता प्रहरी'को हिरासतमा महसा अमिनीको मृत्यु भएको एक वर्ष हुँदा पनि इरानका शासकले सख्त सार्वजनिक नियन्त्रणलाई जारी नै राखेका छन्। हिजाबसम्बन्धी नियम उल्लंघन गरेको आरोपमा अमिनीलाई पक्राउ गरिएको थियो। उनको मृत्युको खबरले राष्ट्रव्यापी विरोध प्रदर्शन निम्त्यायो, जसले इस्लामिक गणतन्त्र इरानको जगलाई नै हल्लाइदियो। अमिनीको मृत्युको एक वर्ष पुग्दा हुने अपेक्षित विरोध प्रदर्शनको आकलन गर्दै इरानी सत्ताले सामाजिक सञ्जालको नियन्त्रण एवं निगरानीमा तीव्रता ल्याएको छ। तथापि, जनताको परिवर्तनको इच्छा मत्थर भएको छैन।

अमिनीको मृत्युपछि महिला अधिकार, बाँच्न पाउने अधिकार र स्वतन्त्रताको आन्दोलनप्रति राज्यको प्रतिक्रिया निकै क्रूर थियो। विभिन्न समाचारअनुसार सयौं मारिएका छन् भने करिब ३० हजार हिरासतमा छन् र कैयौंलाई मृत्युदण्ड दिइने संकेत देखिँदै छ। हिरासतमा रहेकालाई यातना र बलात्कार गरिएका घटना सतहमा आइरहेका छन्। अनिवार्य हिजाब लागू गर्ने मामिलामा स्पष्ट असफलता देखिँदा पनि शासकवर्गले पछि हट्ने कुनै संकेत देखाएको छैन। अनिवार्य हिजाबका मामिलामा मुलुकमा दशकौं लामो विवादास्पद बहस हुँदै आएको देखिन्छ। निगरानी, झडप र सख्त सजायका बाबजुद धेरै साहसी महिलाले अनिवार्य हिजाबलाई दैनिक रूपमा अवहेलना गर्छन्। महिलाको कपालमाथिको नियन्त्रणमा छुट दिँदा नजिर बस्ने भन्दै त्रसित सत्ताले शासकीय एवं समाजका अन्य पक्षमा नियन्त्रण गुमाउने भन्ने भय पालेको छ।

नियन्त्रणमा उद्यत् इरानी सत्ताले दिल जित्नुको सट्टा जनतामाझ डर पैदा गरेर त्रास फैलाउनुलाई प्राथमिकता दिएको छ। गम्भीर आर्थिक चुनौती र चरम गरिबीमा रहेको उल्लेख्य जनसंख्याको बाबजुद, वर्षौंको प्रतिरोधका माध्यमबाट निर्माण भएको इरानीको स्थायी लचिलोपनले राज्य र जनताबीच एक लामो लडाइँको संकेत गर्छ। तमाम नियन्त्रण एवं नियमनका बाबजुद नागरिक अवज्ञा, प्रतीकात्मक विरोध, कलात्मक प्रतिरोध र महान् बलिदानमा जरा गाडेको इरानमा आन्दोलन रोकिने छाँटकाँट देखिँदैन। परिवर्तनको इच्छा बलियो भए पनि बाटो सजिलो छैन, अवरोध छन्। उसो त विदेशमा सुसंगठित विपक्षी छन्, तर मुलुकभित्र आन्दोलन नेतृत्वविहीन एवं विभाजित छ। विगत ६ महिनायता प्रदर्शनकारीमाझ इरानले संवैधानिक राजतन्त्र पुनर्स्थापित गर्नुपर्छ वा गणतन्त्रात्मक प्रणालीलाई नै जारी राख्ने भन्ने विवाद चल्दै आएको छ।

आन्दोलनमा एकीकृत मोर्चाको अभावले महत्त्वपूर्ण हुने अन्तर्राष्ट्रिय समर्थन जुटाउन कठिन भएको छ। र, यो विशेषतः त्यतिबेला चुनौतीपूर्ण हुन्छ, जब इरानी सत्ता आफ्नो निगरानी र दमन क्षमता बलियो बनाउन रुसजस्ता अधिनायकवादी सहयोगीमा निर्भर छ। जनतालाई चुप लगाउन जस्तोसुकै विधि प्रयोग गर्न सत्ता तयार र उत्सुक देखिन्छ। सन् १९७९ मा इरानी क्रान्ति भएदेखि नै इस्लामिक गणतन्त्र इरानको गैरजवाफदेही र अतिउत्साहित सत्ताले इरानी समाजलाई पुनः परिभाषित एवं नयाँ आकार दिन खोजिरहेको छ। यो प्रयासको कैयौंले विरोध गर्दै आएका छन्। त्यसपछिका दशकमा जनता र रुढीवादी धार्मिक संस्थापनबीच दरार बढ्दै गएको छ। अख्तियारको दुरुपयोग, भ्रष्टाचार, विनाशकारी आर्थिक नीति र हिंसाको बेहिसाब प्रयोगले सत्ताको क्रान्तिकारी 'आकर्षण'लाई तहसनहस बनाएको छ। इरानले प्रदर्शन नव्यहोरेको होइन। सन् १९९९ को विद्यार्थी आन्दोलन र सन् २००९ को हरित आन्दोलन इतिहासका पानामा विशेष ढंगले लिपिबद्ध छन्। सन् २०१८ पछिका विरोध



तस्बिर : फिलिप यावुत/अलामी

प्रदर्शनले त ठूलो तरंग नै ल्याएको छ। आन्दोलन अब सहरी केन्द्रमा मात्रै सीमित छैन। आन्दोलन राष्ट्रव्यापी छ र यसमा इस्लामिक गणतन्त्रको वैचारिकीलाई चुनौती दिने धृष्टता पनि देख्न सकिन्छ। महिला अधिकार, बाँच्न पाउने अधिकार र स्वतन्त्रताको आन्दोलनको दीर्घकालीन प्रभाव र अन्तर्राष्ट्रिय चर्चाले आन्दोलनको महत्त्व झल्काउँछ। केही महिनाअघि क्याफे र रेस्टुराँ बन्द गरिएका छन्। व्यापारीलाई राज्यका नियम पालना नगरेको आरोप लगाइएको छ। विश्वविद्यालयलाई समेत छाडिएको छैन। विश्वविद्यालयमा प्राध्यापकलाई हटाएर सत्ताका अनुचरलाई भर्ती गरिएको छ। तेहरान विश्वविद्यालयलगायत शैक्षिक थलोमा कडा निगरानी गरिएको छ। यसमाथि बिग्रिँदो आर्थिक अवस्थाले मानिस आत्महत्या गर्नसमेत बाध्य भएका छन्।

अमिनी हत्याको एक वर्ष पुग्दै गर्दा विपक्षीले आममानिसलाई शासनविरुद्ध उभिन आग्रह गरेको छ। यो सम्भावित तनाव एवं अशान्तिबारे सत्ता जानकार छ। एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदनअनुसार इरानी सत्ताले अमिनीका काकालगायत प्रियजनलाई शोक मनाउँदासमेत प्रताडित गरेको छ। १० प्रान्तमा एम्नेस्टीले गरेको अनुसन्धानले महसाको वार्षिकीअघि सरकारको दमनकारी कार्य र पीडित परिवारमाथि मानवअधिकार उल्लंघनका घटनाको पर्दाफास गरेको छ। गत वर्षको विद्रोहले जनतामा फैलिएको व्यापक भयलाई हटाएर महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। भयावह वातावरण, हिंसात्मक प्रताडना र युवा प्रदर्शनकारीको हत्याका बाबजुद महिला अधिकार, बाँच्न पाउने अधिकार, स्वतन्त्रताको आन्दोलनले सत्तालाई चुनौती दिने सामूहिक साहस जगाएको छ।

अमिनी हत्याको वर्ष पुग्दै गर्दा दुवै पक्ष तयारीमा जुटेका छन्। आममानिस सम्भावित विरोध प्रदर्शनका लागि तयारी गरिरहेका छन्, जब कि राज्य असहमतिका सबै संकेत रोक्न तयार छ। राजनीतिक गतिरोध सधैंभरि नरहनेमा धेरै जनता आशावादी छन्। लोकतन्त्रतर्फको यात्रामा वर्षौं लागे पनि परिवर्तनको तीव्र चाहनाले वर्तमान व्यवस्थालाई अनिवार्य रूपमा परिवर्तन गर्ने नै छ।

(शाही किल विश्वविद्यालयका मध्यपूर्वको राजनीति एवं अन्तर्राष्ट्रिय सम्बन्धका सहप्राध्यापक हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

पृथ्वी बचाउन चाहिन्छ प्रकृतिमैत्री नवप्रवर्तन

हामी दिगो विकासप्रति ओठेभक्ति देखाउँदै प्रकृति विनाशक गतिविधिलाई प्रोत्साहित गरिरहेका छौं



● स्टुअर्ट वाकर

(म्यानचेस्टर स्कुल अफ आर्टमा डिजाइन फर सस्टेनेबिलिटीका प्रोफेसर स्टुअर्ट वाकर 'डिजाइन फर रेसिलेन्स : मेकिङ द फ्युचर वी लिभ बिहाइन्ड'का लेखक हुन्)



एउटा पनि रुख नकाटी काठको घर बनाउन सक्यौं भने के होला ? अन्डा उत्पादन गर्ने पोथीहरूलाई समुद्रमा नै छोड्ने गरी माछा मार्न सक्यौं भने कसो होला ? हाम्रा व्यावसायिक रूपमा लगाइएका वनजंगल तुलनात्मक रूपमा रुखो देखिन्छन् । यदि हामीले हाम्रा वन-जंगलहरूलाई खाद्य वनस्पतिहरूको विस्तृत शृंखलाले भर्न सक्यौं भने के होला ? असम्भवजस्तो लागे पनि यी अभ्यास सदियौंदेखि चल्दै आएका छन् । यिनले हामीलाई चाहिएजस्तो भविष्य हाम्रो अतीतमा खोज्नुपर्छ भन्ने संकेत गर्छन् ।

जलवायु परिवर्तन एउटा टाइम बम बनेको छ । अनि पृथ्वीमा अहिलेकोभन्दा सौम्य जीवनशैली विकास गर्नुपर्ने आवश्यकता अपरिहार्य बन्दै गएको छ । तर, हामी नवप्रवर्तन, प्रविधि र निर्बाध आर्थिक वृद्धिको उही पुरानो मन्त्रमा हठपूर्वक टाक्सिबसेका छौं । हामी दिगो विकासप्रति ओठेभक्ति देखाउँदै प्रकृति विनाशक गतिविधिलाई प्रोत्साहित गरिरहेका छौं, जसले यो ग्रहलाई तीव्र गतिमा मानव बसोवासका लागि अयोग्य बनाइरहेको छ ।

तथाकथित 'हरित' प्रविधिले पनि उत्पादनलाई गति नै दिन्छन्, खपतलाई बढावा नै दिन्छन् । विद्युतीय वाहन, साइकल र स्कुटरहरूलाई नै लिऔं न । यी वस्तुहरू उत्पादन गर्न अझ बढी ऊर्जा र संसाधन चाहिन्छन् र यिनले अनिवार्य रूपमा थप उत्सर्जन र फोहोरका लागि योगदान गर्नेछन् । मैले क्यानडामा बस्दा त्यहाँका आदिवासीबाट केही कुरा सिक्ने मौका पाएको थिएँ । भ्यानकुभर टापुको उत्तरी टुप्पोमा अवस्थित पोर्ट हार्डी सहरमा माछा मार्ने स-साना डुंगाहरूले भरिएको नगरपालिकाको एउटा घाटमा मैले एकजना आदिवासी मछुवारसँग वार्तालाप गरेको थिएँ । उनले मलाई माछाको भण्डार औद्योगिकस्तरको मत्स्य व्यवसायले नरित्याउँदासम्म आफूले हलिबुट माछा मात्रै मार्ने गरेको बताए । अहिले उनी साल्मोनका लागि मात्रै माछा मार्छन् । तर, यसको भण्डार पनि रित्तिँदै गएको छ ।

युरोपियनहरू घुस्नुपूर्व संसारभरका आदिवासी हजारौं वर्षदेखि आफ्नो आदिवासी भूमिमा बसोवास गर्दै आएका थिए । शताब्दीयौंदेखिको विस्थापनपछि समेत अझै पनि थुप्रै मानिस पृथ्वीको नजिक रहेर आजीविका चलाउँछन् । उनीहरूले पुस्तौंदेखि प्रकृतिको दोहन गर्नुको साटो सहअस्तित्वमा रहन सिकेका छन् र अत्यधिक परिष्कृत उपकरण विकास गरेका छन् । ती प्रायजसो स्थानीय सरसामग्रीबाट बनेका हुन्छन् । यी उपकरणको डिजाइन र उपयोगिताले प्राकृतिक जगत्को गहिरो ज्ञान र यसप्रतिको सम्मानलाई प्रतिबिम्बित गर्छन् । यसको तुलनामा हाम्रा आधुनिक नवप्रवर्तन अक्सर तुच्छ र गैरजिम्मेवार देखिन्छन् ।

उदाहरणका लागि माछा मार्ने सौम्य हलिबुट बल्छीलाई नै लिऔं । औद्योगिकस्तरमा उत्पादित र केही पैसामा नै किन्न सकिने बल्छीहरू टिकाउ हुने गरी बनाएकै हुँदैनन् । यिनलाई आजका अन्य उत्पादनसरह प्रयोग गर र फालको शैलीमा बनाइएको हुन्छ । यर, प्रशान्त महासागरको उत्तरपूर्वी क्षेत्रको यस परम्परागत हलिबुट बल्छीको कुरा योभन्दा बिल्कुलै फरक कुरा हो ।

यस कलाकृतिले एकैपटक कार्यक्षमता,

> जलवायु परिवर्तन झनझन् खराब बन्दै गइरहेको परिप्रेक्ष्यमा उत्पादन र उपभोगलाई बढावा दिने प्रविधिगत सुधारभन्दा माथि उठ्नुपर्छ । प्रशान्त महासागरको उत्तरपूर्वी क्षेत्रको माछा मार्ने परम्परागत हलिबुट बल्छीजस्ता स्वदेशी अभ्यास र उपकरणले वातावरणको गहिरो ज्ञान र सम्मानयुक्त डिजाइनको महत्त्व उजागर गर्छन् ।

टिकाउपन र संरक्षणजस्ता थुप्रै उद्देश्यलाई एकीकृत गर्छ, जुन हामी आजका डिजाइनमा बिरलै पाउँछौं । यो यसका आदिवासी निर्माताको रचनात्मकता, कलात्मक अभिव्यक्ति, पारिस्थितिकीय (पर्या-प्रणाली) ज्ञान, आध्यात्मिक विश्वास र सांस्कृतिक विरासतसमेतको प्रतिरूप हो ।

सायद सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने यो बल्छीलाई केवल भाले हलिबुटलाई मात्रै समात्न सक्ने गरी आकार दिइएको हुन्छ । भाले हलिबुट पोथी हलिबुटभन्दा सानो हुन्छ । यसरी यसले भविष्यका लागि माछाका मौज्दातको संरक्षण गर्छ । माछा मार्ने यो विधिले डुंगा बनाउने, घर बनाउने, वन व्यवस्थापनजस्ता यस्तै खालका अन्य परम्परागत विधिले जसरी नै समुदायमा आधारित अभ्यासहरूको निरन्तरता सुनिश्चित गर्छ, साथै प्राकृतिक वातावरणको पनि संरक्षण गर्छ ।

सुखद खबर के भने युनेस्कोले आफ्नो अमूर्त सांस्कृतिक सम्पदा सूचीमार्फत दिगो विकासमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने यस प्रकारका स्थानीय ज्ञान र प्रविधिको संरक्षणको प्रत्याभूति गरेको छ । आदिवासी अभ्यासहरूले हामीलाई हाम्रा मूल्य-मान्यतालाई सन्तुलित बनाउन र अन्तरनिर्भरता, सार्वजनिक वस्तु, स्थानीयकरण, अधिक वितरित अर्थव्यवस्था र जैविक विविधताको महत्त्वलाई बुझ्न मद्दत गर्न सक्छन् ।

यी सबै कुरा अर्थशास्त्री केट रावर्थको अद्भूत पुस्तक 'डोनट इकोनोमिक्स'का महत्त्वपूर्ण पक्ष हुन् । यसमा उनी प्रभुत्वशाली आर्थिक प्रणालीको आलोचना गर्छिन् र एक्काइसौं शताब्दी सुहाउँदो अर्थशास्त्रको प्रस्ताव गर्छिन् । यही अवधारणाअनुरूप वेलबिइङ इकोनोमी एलायन्सको एक सदस्यको रूपमा वेल्सले सबैका लागि गुणस्तरीय जीवनशैली सुनिश्चित गर्न र प्राकृतिक जगत्सँग घनिष्ठता हासिल गर्न आफ्नो अर्थव्यवस्थालाई रूपान्तरण गर्ने प्रयास गरिरहेको छ ।

स्थानीय खाद्य उत्पादन, सेकेन्ड ह्यान्ड सामानहरूको कारोबार गर्ने स्वाप पसलहरू, काम गर्ने सहकारी स्थान (को-वर्किङ स्पेस), 'महिलाहरूका निम्ति वुमेन्स सेड', साना व्यवसायका लागि सुलभ कवल, सम्पत्ति-निर्माणका स्थानीय परियोजना, प्रकृतिमा आधारित कल्याणका नेतृत्व प्रशिक्षण कार्यक्रम र सर्वसाधारण जनताको नियमित संलग्नता सुनिश्चित गर्ने समूहसहितका जमिनीस्तरबाट माथितर्फ (केन्द्रीकृत, माथिबाट तलभन्दा पनि)गएका पहलकदमीमार्फत रूपान्तरणमा प्रगति गरिरहेको छ ।

विश्वव्यापी तापमानले गति बढाउँदै गएको परिप्रेक्ष्यमा नवप्रवर्तन सेयरधारकहरूलाई बढीभन्दा बढी मुनाफा प्रदान गर्ने प्रविधिगत नवीनताभन्दा बाहिर जानुपर्छ । प्यासिफिक नर्थवेस्टको हलिबुट बल्छी र वेल्सले लिएको स्थानीयकरणको पहलजस्ता उपकरणले फरक मूल्यको आवश्यकतालाई उजागर गर्छन् । वातावरण, सामाजिक इक्विटी र सांस्कृतिक परम्पराको सम्मान र समर्थन गर्ने लचिलो र पुनर्स्थापनात्मक डिजाइनलाई अँगाल्दै, सबैलाई फाइदा पुग्ने जीवन्त अर्थव्यवस्थाको निर्माण मात्रै दिगो भविष्य सिर्जना गर्ने एक्लो उपाय हो ।

- प्रोजेक्ट सिन्डिकेटबाट

युक्रेनी र अमेरिकी राष्ट्रपतिबीच भेटवार्ता हुँदै

न्युयोर्क / अमेरिकी राष्ट्रपति जो बाइडेन र उनका युक्रेनी समकक्षी भोलोदिमिर जेलेन्स्कीबीच भेटवार्ता हुने भएको छ । दुई देशका राष्ट्रपतिबीच आगामी बिहीबार भेटवार्ता हुने अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइटहाउसले जनाएको छ । भेटमा युक्रेनी राष्ट्रपतिले आफ्नो युद्धग्रस्त देशलाई थप आर्थिक एवं सैन्य सहायताका लागि राष्ट्रपति बाइडेनसमक्ष आग्रह गर्नेछन् । आर्थिक सहायता प्राप्तिका निम्ति उनले अमेरिकी संसद्को पनि भ्रमण गर्ने बताइएको छ ।



बाइडेन प्रशासनले अमेरिकी संसद् कंग्रेसलाई युक्रेनका लागि २४ अर्ब डलर विनियोजन गर्न आग्रह गरेको छ । यो रकममा १३ अर्ब १० करोड अतिरिक्त सैन्य सहायता तथा आठ अर्ब ५० करोड मानवीय सहयोग समावेश छ । केही राजनीतिज्ञले यति धेरै रकम युक्रेनलाई दिन नहुने बताएका छन् । विशेषगरी रिपब्लिकन पार्टीका केही नेताले युक्रेनका जनरलहरूले युद्ध सञ्चालन गर्ने तरिकाको आलोचना पनि गरेका छन् । युक्रेनको सुस्त प्रगतिको पनि उनीहरूले आलोचना गर्दै आएका छन् । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनले गत साता युक्रेनको भ्रमण गरी ४१ अर्ब डलरभन्दा बढीको नयाँ सहायता प्याकेज घोषणा गरेका थिए । यो सहायतामा युरेनियम ट्यांक र गोलाबारुद पनि समावेश छ । यी घातक हतियार अमेरिकाले पठाएमा मस्कोले पनि प्रतिघातपूर्ण कदम चाल्न बाध्य हुने चेतावनी दिएको थियो । बाइडेन र जेलेन्स्की दुवैले यसै साता न्युयोर्कमा हुने संयुक्त राष्ट्रसंघको महासभामा पनि सहभागी हुने कार्यक्रम छ । महासभालाई सम्बोधन गर्ने तथा विश्वनेताहरूसँग भेटघाट गर्ने युक्रेनी नेताको योजना छ ।

शाखा कार्यालयहरु गाभ्ने/गाभिने सम्बन्धी सूचना !!

यस सूर्यज्योति लाईफ इन्स्योरेन्स कम्पनी लि. को तपसिल बमोजिमका शाखा कार्यालयहरु मिति २०८० आश्विन १ गते सोमबार देखि लागुहुने गरी अर्को शाखा कार्यालयमा गाभिने भएकोले हाल गाभिने शाखा कार्यालयबाट प्रवाह भैरहेका सम्पूर्ण सेवाहरु गाभिएको शाखाबाट प्रवाह हुने भएकोले सम्पूर्ण बीमित, अभिकर्ता तथा अन्य सेवाग्राहिहरु, नियमनकारी निकाय लगायत सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धमा कुनै कठिनाइ उत्पन्न भएमा वा थप जानकारी आवश्यक भएमा तल उल्लेखित नं. मा सम्पर्क गर्नुहुन वा कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ ।

सि.नं.	गाभिने शाखा कार्यालयको नाम र ठेगाना	गाभिएर सेवा निरन्तर हुने शाखा कार्यालयको नाम र ठेगाना	सम्पर्क नं.
१	सबैला शाखा सबैला नगरपालिका वडा नं. ३, धनुषा	यदुकुहा शाखा शहीदनगर नगरपालिका वडा नं. ३, धनुषा	९८२०१०६१५४, ९८२०१०६३९४
२	बागमती शाखा बागमती नगरपालिका वडा नं. १२, सर्लाही	हरिवन शाखा हरिवन नगरपालिका वडा नं. ११, सर्लाही	९८०१२३८४८४, ९८२०१०६३१९
३	नयाँपुल शाखा अन्नपूर्ण गाउँपालिका वडा नं.-५, कास्की	कुश्मा शाखा कुश्मा नगरपालिका वडा नं. ६, पर्वत	९८२०१०६२६८, ९८२०१०६१९८
४	सिमलटारी शाखा मालिका गाउँपालिका वडा नं.-८, गुल्मी	गुल्मी शाखा रेसुङ्गा नगरपालिका वडा नं. ८, गुल्मी	९८२०१०७६९९, ९८०२३२९३०
५	बेलौरी शाखा बेलौरी नगरपालिका वडा नं.-४, कञ्चनपुर	पुनर्वास शाखा पुनर्वास नगरपालिका वडा नं. २, कंचनपुर	९८२०१०६२४५, ९८२०१०६३३५

SuryaJyoti जीवनको लागि

सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौ | फोन : ०१-४५४५९४१/४२
वेबसाइट : www.suryajyotilife.com

Bagamati Province Government
Ministry of Social Development

Public Construction Implementation Unit
Gajuri

Invitation for Bids

Date of publication: 2080/05/31 (17th September 2023)

1. ***Public Construction Implementation Unit*** invites only electronic bids from eligible bidders for the construction of works as mentioned below.
2. ***Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Public Construction Implementation Unit, Gajuri or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.***
3. Bidder can submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank : **Rastriya Banijya Bank Ltd. Gajuri Branch, Dhading.**
   Office Code no. : **3500030013**
   Dharauti Account no. : **1030100202030000**
   Rajaswa (revenue) Shirshak no. : **14229, Revenue Acount No. 1000200010000**
4. Pre-bid meeting shall be held at ***Public Construction Implementation Unit, Gajuri, Dhading*** at ***13.00 , 2080/06/21***
5. Electronic bids must be submitted to the office ***Public Construction Implementation Unit, Gajuri, Dhading*** through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before ***12.00*** on ***2080/06/30.***
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13.00*** on ***2080/06/30*** at the office of ***Gajuri, Dhading***.

SN	Description of Work and Contract No.	Estimate Amount With Vat & PS (NRs.)	Bid Security Amount (NRs.)	Bid Security Period (Days)	Non-Refundable Fee for Bid Documents	Remarks
1	Construction of Covered Hall at Bharatpur-22, Dhanauji, Chitwan. PCIUGAJURI/ NCB/01/080-81	1,99,94,424.25	4,50,000.00	90	3,000.00	Single stage one envelope Bidding Procedures.
2	Construction of Covered Hall at Madi-3, Chitwan. PCIUGAJURI/ NCB/02/080-81	1,99,92,288.2	4,50,000.00	90	3,000.00	Single stage one envelope Bidding Procedures.
3	Construction of Football Stadium Parapet at Bidur-5, Nuwakot. PCIUGAJURI/ NCB/03/080-81	1,99,92,607.26	4,50,000.00	90	3,000.00	Single stage one envelope Bidding Procedures.

Unit Chief

इतिहासमा आज

सेप्टेम्बर १७



सन् १९८७ : इजिप्टका तत्कालीन प्रधानमन्त्री अनवर एल सादत र इजरायली प्रधानमन्त्री मेनाचेम विगिनले अमेरिकाको क्याम्प डेभिडमा एउटा सम्झौता गरेका थिए, जसलाई इतिहासमा क्याम्प डेभिड सन्धि भनिन्छ । सन्धिमा हस्ताक्षर सन् १९७४ को इजिप्ट-इजरायल शान्ति सम्झौताको अग्रदूत थियो ।

सन् १८०९ : स्विडेन र रसियाबीच फ्रेडरिक्साम सम्झौतामा हस्ताक्षर । हमानिया सम्झौतासमेत भनिने सो सन्धिपछि फिनल्यान्डको युद्ध अन्त्य । सम्झौतापछि फिनल्यान्डले आफ्नो केही भूमि गुमाउनुपरेको थियो ।

सन् १८६२ : अमेरिकाको म्यारिल्यान्डमा भएको एन्टीटाम युद्धलाई अमेरिकी गृहयुद्धमा रक्तपातपूर्ण दिन मानिन्छ । सो दिन दुवै पक्षका गरी चार हजार सेना मारिएका थिए ।

सन् १८९४ : प्योङ्याङ युद्ध जितेको भोलिपल्ट जापानले चीनमाथि विजय हासिल गरेको थियो । ब्याटल अफ दि येलो सी भनिने द्वन्द्वमा जापान र चीनका सेनाबीच लडाइँ भएको थियो ।

सन् १९३९ : आधा घन्टामा १० हजार मिटर दौडेर विश्व रेकर्ड कायम । फिनल्यान्डका धावक ताइस्तो माकीले २९ मिनेट ५२ सेकेन्डमा १० हजार मिटर दौडेर पहिलो विश्व रेकर्ड राखे ।

सन् १९९१ : उत्तर कोरिया र दक्षिण कोरिया राष्ट्रसंघको सदस्य बने ।

सन् २०११ : न्युयोर्क सहरको जुकोटी पार्कमा सामाजिक र आर्थिक समानताको आह्वान गर्दै अकुपाई वालस्ट्रिट आन्दोलन सुरु । आन्दोलनकारीले 'हामी ९९ प्रतिशत हौं' नारा प्रयोग गरेका थिए ।

विश्व संक्षेप

फ्रान्सेली राजदूत नाइजरमा बन्धक

नियामी / नाइजरका लागि फ्रान्सेली राजदूतलाई बन्धक बनाइएको छ । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंले देशको गोल्डेन कोस्ट क्षेत्रको भ्रमणका क्रममा नाइजरस्थित फ्रान्सेली राजदूत र अन्य फ्रान्सेली कूटनीतिज्ञलाई फ्रान्सेली दूतावासमा बन्धक बनाइएको पत्रकारहरूलाई बताए । गत जुलाई २६ मा जननिर्वाचित राष्ट्रपति मोहम्मद बजौमलाई अपदस्थ गरी देशको सेनाले नाइजरको सत्ता आफ्नो हातमा लिएपछि त्यसलाई फ्रान्सले अस्वीकार गर्दै राष्ट्रपतिलाई निःसर्त हिरासतमुक्त गरी पुनर्स्थापना गर्नुपर्नेमा जोड दिँदै आएको छ । विद्रोही नयाँ सैन्य नेतृत्वसँगको मतभेदका कारण राजदूतसहित कूटनीतिक कर्मचारी बन्धक बनेका हुन् ।

फ्रान्सेली राष्ट्रपतिले राजदूत सिल्भेन इट्टलाई बाहिर निस्कन नदिइएको तथा खाद्यान्न आपूर्ति पनि रोकिएको जानकारी दिए । सैन्य विद्रोहबाट सत्ताकब्जा गरेपछि नयाँ सरकारले राजदूत इट्टलाई देश छाड्न आदेश दिएको थियो । राजदूत इट्टले सैन्य सरकारको आदेश अस्वीकार गरेपछि उनको प्रवेशाज्ञा (भिसा) खारेज गर्दै उनलाई निष्कासन गर्न प्रहरीलाई निर्देशन दिएको छ । नाइजरको शान्ति-सुरक्षा तथा विकासमा सघाउन परिचालन भएका फ्रान्सेली सैनिकलाई फिर्ता गर्न सैनिक सरकारले सत्ताकब्जा गरेको दिनदेखि नै अनुरोध गर्दै आएको छ । फ्रान्सले भने राष्ट्रपति मोहम्मद बाजुम नेतृत्वको सरकारसँगको सम्बन्ध एवं वैधताअनुसार व्यवहार गर्ने दोहोऱ्याउँदै आएको छ । राष्ट्रपति म्याक्रोंले राष्ट्रपति बाजुमसँग आफू निरन्तर सम्पर्कमा रहेको बताए । नाइजरको वैधानिक शासक राष्ट्रपति बाजुम भएको दोहोऱ्याउँदै उनले सैन्य शासकलाई फ्रान्सले अनुमोदन नगरेको स्पष्ट गरे ।

इयूद्वारा टिकटकलाई करोडौं युरो जरिवाना

लन्डन / युरोपेली संघ (इयू) को एक नियामक निकायले चिनियाँ स्वामित्वको सामाजिक सञ्जाल प्लेटफर्म टिकटकलाई बालबालिकाको तथ्यांक चोरी गरेको आरोपमा ३४ करोड ५० लाख युरो जरिवाना गरेको छ । आयरल्यान्डको तथ्यांक सुरक्षा आयोगले एक विज्ञप्ति जारी गर्दै दुई वर्षको अनुसन्धानमा पत्ता लागेको उल्लंघनका लागि ३६ करोड ९० लाख अमेरिकी डलरबराबरको 'प्रशासनिक जरिवाना' बुझाएको जनाएको छ । आयोगले टिकटकलाई आफ्नो नियमअनुसार 'यसको प्रक्रियालाई कार्यान्वयनमा ल्याउन' तीन महिनाको समय दिएको छ ।

इयू सदस्य आयरल्यान्डको डिपिसीले समूहको सामान्य तथ्यांक सुरक्षा नियमन (जिडिपिआर) को कडा नीति निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्छ । तथ्यांक चोरीबारे नियमनकारी संस्थाले सेप्टेम्बर २०२१ मा १८ वर्षभन्दा कम उमेरका प्रयोगकर्ताका लागि प्लेटफर्म निर्माण र व्यक्तिगत तथ्यांक संकलन प्रक्रियाको सम्बन्धमा जिडिपिआरको साथ टिकटकको अनुगमन जाँच गर्न सुरु गरेको थियो । डिपिसीले १३ वर्षभन्दा कम उमेरका व्यक्तिहरूका लागि टिकटकको उमेर प्रमाणीकरण उपाय पनि हेरेको थियो र कुनै उल्लंघन फेला पारेन, तर प्लेटफर्मले सेवामा दर्ता गर्ने युवाहरूको जोखिमको उचित मूल्यांकन नगरेको बताएको छ ।

अर्थतन्त्रलाई गहिरो संकटमा जानबाट जोगाऔँ

आमजनतालाई प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र मात्र होइन, सबल अर्थतन्त्र पनि चाहिएको छ



अर्थ संवाद

● राजेशकुमार अग्रवाल

विद्यमान अर्थतन्त्रको विषयमा नेपाल सरकार अवगत नै छ। यद्यपि, निजी क्षेत्रले अनुभूत गरिरहेको अवस्थाको बारेमा ध्यानाकर्षण गराउन चाहन्छु। उच्च ब्याजदर, नगद प्रवाहमा भएको समस्या, उत्पादनमा कमी, लगानीको योजना स्थगन, अर्थतन्त्रको समग्र बजार मागमा कमी आएको छ। सोही कारण अर्थतन्त्र मन्दीमा छ, निजी क्षेत्रको मनोबल घट्दो छ।

अनधिकृत व्यापारको खतरा : अनधिकृत व्यापार स्वदेशी उद्योग एवं सरकारका लागि अर्को खतराको कारक बनिरहेको छ। अवैध व्यापारका कारण एकातिर राज्यले राजस्व गुमाइरहेको छ भने अर्कोतिर स्वदेशी उद्योगहरू प्रभावित भइरहेका छन्। नक्कली तथा अवैध पैठारीलाई नियन्त्रण तथा निरुत्साहन गर्न हाम्रो सुझावअनुरूप आयातित मालवस्तुको प्याकेजिङमा आयातकर्ता र बजार वितरकको लेबल लगाएर मात्र बजारमा पठाउने व्यवस्था त भयो, तर जुन उद्देश्यले यस्तो व्यवस्था गरिएको थियो, त्योअनुरूप अझै कार्यान्वयन हुन सकिरहेको छैन। भन्सार बिन्दुमा नै लेबलिङ गरिएको सामान मात्रै आयात गर्न दिनुपर्ने व्यवस्था हुन आवश्यक छ। भन्सारबाट पास भइसकेका वस्तु देशभित्र आएर लेबलिङ लगाएर बेच्न पाइने व्यवस्थाले सरकारले लिएको उद्देश्य पूरा हुँदैन। यसतर्फ सरकारको ध्यानाकर्षण हुन जरुरी छ।

'ब्यालेन्स सिट रेसिसन' : अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, अर्थविद्हरू जसले जे भने तापनि आर्थिक शिथिलताका बीच मन्दीमा रहेको अर्थतन्त्रमा सुधार आउन नसक्दा अहिले निजी क्षेत्रको मन्दी (ब्यालेन्स सिट रेसिसन)को अवस्था निम्तिएको छ, जुन अर्थतन्त्रका लागि निराशाजनक स्थिति हो। यस्तोमा व्यक्तिगत तहदेखि उद्योग व्यवसायहरूसम्मको ध्यान नयाँ लगानी थप्ने वा खर्च गर्नेभन्दा पनि यथास्थितिका बीच आ-आफ्नो वित्तीय स्वास्थ्य (वासलातको अवस्था)मा सुधार गर्न र बलियो पार्नमा केन्द्रित हुन्छ।

उपभोक्ता तथा व्यवसायहरूले उपभोग, खर्च र लगानीमा कटौती गरेर कर्जा भुक्तानी तथा आर्थिक सुरक्षाका लागि बचत बढाउन थाल्दछन्, जुन अहिले भइरहेको छ। यसको परिणामस्वरूप समग्र बजार मागमा निकै कमी आएको छ। यो अवस्था लम्बिने हो भने देशमा आर्थिक गतिहीनता गहिरिने वा आर्थिक वृद्धि थप खुम्चिने पक्का छ। यसको निकासका लागि माग तथा आर्थिक गतिविधिमा वृद्धि ल्याउने गरी सरकार तथा नेपाल राष्ट्र बैंकबाट आर्थिक/वित्तीय तथा मौद्रिक प्रोत्साहनका लागि नीतिगत हस्तक्षेप गर्न जरुरी छ।

'कन्जम्सन डाउनग्रेड' : नेपाली अर्थतन्त्रमा सायद अहिलेको पुस्ताले पहिलोपटक प्रस्ट अनुभव गर्न सक्ने गरी खस्किँदो उपभोग (कन्जम्सन डाउनग्रेड)को स्थिति सिर्जना भएको छ। व्यक्ति तथा घरपरिवारले अत्यावश्यकबाहेकमा आफ्नो खर्च र उपभोग स्तरमा कटौती गरेका छन्। घुमफिर, मनोरञ्जन, बाहिर खानपिन, लत्ताकपडा खरिदजस्ता शीर्षकमा गर्ने खर्च निकै सोचविचार गरेर मात्र गर्न थालेको बजार आर्थिक गतिविधिमा पनि प्रतिबिम्बित भइरहेको छ। अन्य वस्तु तथा सेवाको उपभोगको अवस्था पनि निराशाजनक छ, जसको असर महिनौँदेखि औद्योगिक स्तरका वस्तुहरूको मागसम्म गहिरिएको छ। तर, युवाहरू बिदेसिएका कारण उपभोगमा कटौती आएको भाष्य प्रयोग गरेर नियामक निकायले गलत र भ्रम सिर्जना गर्ने काम गरेको छ।

अर्थतन्त्र डिप डिप्रेसनमा जाने जोखिम : हाम्रो अर्थतन्त्रमा 'ब्यालेन्स सिट रेसिसन' र 'कन्जम्सन डाउनग्रेड' एकैपटक आएको हुँदा अब निजी क्षेत्रको मनोबल बढाएर मात्रै छिटै अर्थतन्त्रमा सुधार आउन सक्ने हामीले देखेका छैनौँ। तत्काल प्रभावकारी कदम नचाल्ने हो भने अर्थतन्त्र छोटो अवधिमै गहिरो संकट (डिप डिप्रेसन)मा जान्छ। उठ्नै नसक्ने अवस्था आउन सक्छ।

अर्थतन्त्रलाई डिप डिप्रेसनमा जानबाट रोक्न आर्थिक सुधारका लागि मौद्रिक, वित्तीय र संरचनात्मक नीतिहरूमा तत्काल सुधार आवश्यक छ। केन्द्रीय बैंकले लगानीलाई प्रोत्साहन गर्न ब्याजदर घटाउने नीति लिनुपर्छ। वित्तीय प्रणालीमा रहेको तरलता बाहिर ल्याउने नीति अनुसरण गर्नुपर्ने आवश्कता छ। वित्तीय नीतिमार्फत माग बढाउन पूर्वाधार परियोजनालगायतका क्षेत्रमा सरकारी खर्च बढाउनुपर्छ। अर्थात्, बजेटको प्रभावकारी कार्यान्वयन महत्वपूर्ण छ। आर्थिक मन्दीका कारण बाँच्न संघर्षरत उद्योगहरूलाई लक्षित आर्थिक सहायता, ऋण पुनर्तालिकीकरण प्रदान गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्छ।

संरचनात्मक सुधारतर्फ नियामक अवरोधहरू हटाउनुपर्छ। आर्थिक वृद्धिलाई प्रोत्साहन गर्न नवप्रवर्तन र उद्यमशीलता प्रोत्साहनसहित प्रतिस्पर्धी व्यावसायिक वातावरण प्रवर्द्धन गर्न आवश्यक छ। वित्तीय प्रणाली र आर्थिक सम्भावनाहरूमा विश्वास पुनर्स्थापित गर्नुपर्छ। अन्तर्राष्ट्रिय सहयोग लिन सक्नुपर्छ। दिगो आर्थिक पुनरुत्थानलाई केन्द्रमा राख्दै आवश्यकताअनुसार नियामकीय निकायले आफ्नो दृष्टिकोण समायोजन गर्न सक्नुपर्छ।

अर्थतन्त्रमा विदेशी सर्तको प्रभाव : विदेशी ऋणदाताको आर्थिक नीति, निर्देशन अक्षरशः लागू गर्दा पनि यो समस्या आएको हाम्रो ठहर छ। उनीहरूले दिएका कतिपय आर्थिक नीति निर्देशनहरू पश्चिमा देशहरूमा प्रभावकारी भए तापनि हाम्रा जस्ता मुलुकमा उपयुक्त नहुन सक्छन्। जस्तो कि, कतिपय ऋणहरू पश्चिमा मुलुकमा जोखिमयुक्त मानिए तापनि हामीकहाँ कम जोखिमयुक्त हुन सक्छन्। राष्ट्र बैंकको तथ्यांकअनुसार नै नेपालमा कुल ऋण लगानीको ७६ प्रतिशत घरजग्गा धितो राखिएको ऋण भएकाले कम जोखिमयुक्त मानिन्छ। सोही कारणले उनीहरूको निर्देशन हाम्रो परिप्रेक्षमा हाम्रो अवस्था हेरेर मात्रै लागू गरिनुपर्छ।

अर्थतन्त्र सुधार गर्ने हो भने : अर्थतन्त्रमा सुधार ल्याउन माथि दिइएका सुझाव कार्यान्वयनमा कठोर बन्नैपर्ने हुन्छ। निजी क्षेत्रको लगानी विस्तार गर्न ब्याजदर घटाउन, समग्र बजार माग बढाउन चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन (वर्किङ क्यापिटल गाइडलाइन)मा सुधार र पछिल्लो एकीकृत निर्देशन खारेज गर्नुपर्छ। कर्जाको उत्पादनशील क्षेत्रमा विस्तार हुने नीति अवलम्बन गरिनु अपरिहार्य छ। सरकारको नीति आन्तरिक उत्पादनमुखी हुनुपर्छ, आयातलाई प्रोत्साहन गर्ने नीति हुनुहुँदैन। नीति उत्पादनमुखी हुँदा कर्जा पनि उत्पादनशील क्षेत्रमा बढ्छ र दिगो हुन्छ।

हामीलाई वैदेशिक लगानीको खाँचो छ। अहिले प्रत्यक्ष वैदेशिक लगानी कुल गार्हस्थ्य उत्पादनको ज्यादै न्यून अर्थात् ०.३ प्रतिशत हाराहारी मात्रै छ। वैदेशिक लगानी आकर्षित गर्न नीतिगत स्थायित्व, सहज व्यावसायिक वातावरण र छिटो छरितो निर्णय गर्ने संयन्त्र आवश्यक छ। कम्तीमा पनि ५ वर्ष नीतिगत स्थायित्व हुने सुनिश्चितता प्रदान गरिनुपर्छ।

राजनीतिक अग्रसरता र नीति-कानुन सुधार : सत्तापक्ष वा प्रतिपक्ष सबै राजनीतिक दलहरूको पहिलो प्राथमिकता आर्थिक विषय हुनुपर्छ। भएका समस्याको समाधानका लागि राजनीतिक दलहरूबाट पनि अग्रसरता लिइनुपर्छ। प्रतिपक्षी दलहरूले अर्थतन्त्रका विषयलाई प्राथमिकतामा राख्दै समाधानमा अग्रसर हुँदा त्यसले लगानीकर्तामा सकारात्मक सन्देश सञ्चार गर्छ, मनोबल बढाउन सहयोग गर्छ। यसैगरी, केही कानुनमा सुधार, केही कानुन खारेज तथा केही नयाँ कानुन बनाइनुपर्ने आवश्यकता पनि हामीले देखेका छौँ। परिसंघले निजी क्षेत्र तथा लगानीसँग सम्बन्धित तत्काल तीनवटा ऐन खारेज गर्नुपर्ने, २२ वटा ऐन संशोधन गर्नुपर्ने, चारवटा नयाँ ऐन ल्याउनुपर्ने र आठवटा ऐनमा सुधार गर्नुपर्ने पहिचान गरेका छौँ। कुन कानुनी व्यवस्थामा व्यवहार उद्योग व्यवसायलाई सहजीकरण गर्नुपर्नेमा नियन्त्रण गर्ने खालका छन्। कसैले निवेदन दिएकै भरमा पक्राउ गर्ने, थुन्ने अनि मात्रै सुन्ने गरिएको छ। यसले लगानीकर्तालाई मात्रै निरुत्साहित बनाइरहेको छैन, आमसर्वसाधारण, सार्वजनिक निकायलाई समेत चिन्तित बनाएको हामीले पाएका छौँ।

अग्रिम जमानतको व्यवस्था हुनुपर्छ : अग्रिम जमानतमार्फत फौजदारी मुद्दाको अनुसन्धानका क्रममा आरोपित व्यक्तिलाई अनिवार्य रूपमा पक्राउ गरिने अभ्यासलाई अदालती प्रक्रियाबाट व्यवस्थित गरी आवश्यकताका आधारमा मात्रै थुनामा राख्ने अन्तर्राष्ट्रिय फौजदारी कानुनको अभ्यास रहेको छ। यस्तै प्रकृतिका कानुनी अभ्यासलाई आत्मसात् गर्दै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ मा संशोधन गर्न आवश्यक रहेको र सो व्यवस्थाका लागि छिमेकी देशहरूमा भएका अग्रिम जमानतसम्बन्धी कानुनी व्यवस्था तथा अभ्यासको अध्ययन गरी अध्ययनसहितको सुझाव प्रधानमन्त्री, कानुनमन्त्री, विभिन्न दलका प्रमुख सचेतक, नेता तथा उपनेता, सांसदहरू, मुख्यसचिव, कानुनसचिवलगायतलाई बुझाइसकेका छौँ। अग्रिम जमानतको व्यवस्थाबाट मुलुकमा कुनै पनि नागरिक विनाकारण थुनामा बस्नुपर्ने अवस्थाको अन्त्य हुने, मुलुकमा भयरहित व्यावसायिक वातावरण निर्माण भई औद्योगीकरण, रोजगारी सिर्जना तथा समग्र आर्थिक विकासमा टेवा पुग्ने विश्वास परिसंघले लिएको छ। सरकारलाई बुझाइएको सो सुझाव तथा अवधारणा यहाँ उपस्थित महानुभावहरूलाई समेत दिनेछौँ।

यस अवधारणापत्रमा अग्रिम जमानत प्रदान गर्ने तथा अस्वीकार गर्ने आधारहरू पनि सामेल गरिएको हुँदा यो निजी क्षेत्रसँग मात्रै सम्बन्धित नभई आमसर्वसाधारण, सार्वजनिक निकाय तथा सरोकारवालाहरूका लागि समेत हो। अग्रिम जमानतसम्बन्धी व्यवस्था छिटो हुने विश्वाससमेत लिएका छौँ।



> हाम्रो अर्थतन्त्रमा 'ब्यालेन्स सिट रेसिसन' र 'कन्जम्सन डाउनग्रेड' एकैपटक आएको हुँदा अब निजी क्षेत्रको मनोबल बढाएर मात्रै छिटै अर्थतन्त्रमा सुधार आउन सक्ने हामीले देखेका छैनौँ। तत्काल प्रभावकारी कदम नचाल्ने हो भने अर्थतन्त्र छोटो अवधिमै गहिरो संकट (डिप डिप्रेसन)मा जान्छ। उठ्नै नसक्ने अवस्था आउन सक्छ।

कस्तो सुधार तथा संशोधन आवश्यक हो, तिन महलेसहित तथा नयाँ बनाइनुपर्ने कानुनको मस्यौदा नै तयार पारी केही दिनभित्र सरकारलाई बुझाइनेछ। त्यसलाई सरकारले गम्भीरताका साथ लिएर काम गर्ने अपेक्षा छ।

भुक्तानी सुरक्षा ऐन (पेमेन्ट रिकभरी एक्ट) तत्काल आवश्यक छ भने अग्रिम जमानत (एन्टिसिपेटरी बिल)सम्बन्धी व्यवस्था पनि तत्काल ल्याउनुपर्ने परिसंघको आग्रह छ। हाम्रा प्रायः ऐन तथा

निजी क्षेत्रको सहकार्यबाट मात्रै समृद्धि : विकाससम्बन्धी सरकारको दूरगामी दृष्टिकोण तथा निजी क्षेत्रसँगको सहकार्यबाट नै धेरै मुलुक समृद्ध भएका छन्। छिमेकी मुलुकहरू आर्थिक रूपमा कहाँ पुगिसके, हामी कहाँ छौँ ? यसको गम्भीर समीक्षा गर्नुपर्छ। हामीले नगरे कसले गर्छ ? अहिले नगरे कहिले गर्छौँ ? कहिलेसम्म हामी सामान्य विषयमा वाद-प्रतिवाद गरिरहने ?

आमजनतालाई प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र मात्र होइन, सबल अर्थतन्त्र पनि चाहिएको छ। दुई छाक खाना, बसाइका लागि एउटा टहरोको जोहो गर्न विदेशी मरुभूमिमा जानुपर्ने बाध्यताको अन्त्य जरुरी छ। यसका लागि धेरै गर्नुपर्ने पनि छैन। राज्यको स्पष्ट दूरगामी दृष्टिकोण, नीतिगत स्थायित्व, लगानीको संरक्षण, आर्थिक कूटनीतिमा दक्षता, आफ्नै खाउँ, आफ्नै प्रयोग गरौँ भन्ने भावनाको विकास तथा प्रोत्साहन, राजनीतिक इच्छाशक्तिको आवश्यकता छ। समग्र अर्थतन्त्रको विकासका लागि नेपाल उद्योग परिसंघ सरकारसँग प्रभावकारी र देखिने गरी सहकार्य गर्न तयार छ। सबै मिलेर देशका लागि, अर्थतन्त्रका लागि काम गरौँ।

(नेपाल उद्योग परिसंघका अध्यक्ष अग्रवालले प्रेसिडेन्सियल ब्याक्वेटमा दिएको मन्तव्यको सम्पादित अंश)

देशमा आजकल यस्तै छ :



मनोज ज्ञवाली
नायब प्रमुख कार्यकारी अधिकृत, नबिल बैंक

बिजनेस @

- सरकार बजेटमा करको दर बढाउँछ, जसरी पनि आय बढ्याउने लक्ष्यका साथ कर संकलनको जोहो गर्न खोज्छ, तर राजस्व संकलन झन् कम हुँदै जान्छ। अर्थतन्त्रका सूचकांकहरूमा सुधारका अंकहरू प्रकाशित भइरहेका छन्, तर उद्यमी व्यवसायीको मनोबल निरन्तर गिर्दो छ।
- बैंकमा तरलता छ, अनि कर्जाको माग छैन, तर बैंकहरू ब्याजदर बढाएर निक्षेप तान्ने प्रतिस्पर्धामा उत्रिन्छन्। ब्याजको बोझ बढ्दो छ।
- बैंकको नाफा बढ्यो, सरकारले बैंकबाट पाउने कर बढ्यो, तर सेयरधनीले पाउने लाभांशको प्रतिशत गत वर्षको आधा पनि नहोला जस्तो छ।
- हरेक वर्ष युवा उमेरका विद्यार्थी थपिँदै छन्, तर पहिला भर्नाका लागि प्रतिस्पर्धा हुने कलेजहरूले कोटाबराबरकै विद्यार्थी भर्ना लिन सकिरहेका छैनन्। भर्ना भएका विद्यार्थी पनि हरेक वर्ष घट्दै जान्छन्।
- हरेक पेसा व्यवसाय र जिम्मेवारीमा रहेका नेता वा अधिकारी वा नागरिक आफ्नो भूमिका नियाल्ने होइन, दोषको सुई अरूतिरै देखाएर आफू चोखो हुने प्रतिस्पर्धामा छन्। हिरो हुनलाई वा वाहवाही पाउनलाई काम गरेर प्रमाणित गर्नु वा काम गर्ने प्रस्ट खाका देखाउनुपर्दैन, शब्द मिलाएर पुराना नेतालाई गाली गरे पुग्ने भएको छ।
- समस्या सबैलाई थाहा छ, तर समाधानको एउटा कडी आफू बन्न कोही तयार छैनन्।
- नेताहरू कार्यकर्तालाई देशमै रुमल्याएर आफ्ना सन्तानहरू विदेशमा स्थापित गराउँछन्। कसैले सन्तान देशमै राखे भने पनि सन्तानहरू दलालीमा लाग्छन्।
- सरकारी र नियामकीय निकाय होस् वा संस्थाका उच्च अधिकारीहरूलाई समाज अनि देशको समृद्धि कसरी हुन सक्छ भन्ने बुद्धि अवकाशप्राप्त भइसकेपछि आउँछ।
- हरेक वर्ष बजेटमा पुँजीगत खर्चको अनुपात घट्दो छ र सदुपयोगितामा समस्या बढ्दो छ। समृद्धि नारामै सीमित छ।
- आर्थिक सूचकांकमा भएका केही सुधारलाई लिएर राज्यले आफ्ना कार्यहरूको बचाउ गर्न खोज्छ, तर सूचकांक जस्तोसुकै होस, सूचकांक राम्रो छैन भन्दै विदेश पलायन हुने क्रम बढ्दो छ।
- सबैलाई देशको चिन्ता छ, तर हरेकले आफ्नो र आफ्नाका बारेमा मात्रै सोच्ने अनि अरूले बनाइदिएको समृद्ध देशमा बस्ने चाहना छ। आफ्नो 'स्वार्थ' किञ्चित छोड्ने होइन। आफ्नो आँखाले 'आफू' र 'आफ्ना'को स्वार्थबाहेक नदेख्ने अरूका आँखाले 'देशको भविष्य' र समस्या देखेर समाधान गरिदिए समृद्ध देशको सुखी नागरिक हुन पाइन्थ्यो भन्ने लालसा जतातै। यी परिदृश्य पक्कै राम्रा छैनन्। वेलामा सोच्न सकेनौँ भने भविष्यमा पछुताउनबाहेक विकल्प नरहने देखिन्छ।

अंक र अर्थ

ऋण लिने कृषक परिवारको संख्या

कृषि ऋणको स्रोत	संख्या	प्रतिशतमा
सहकारी	१ लाख ८७ हजार ६ सय	३१.४८
वाणिज्य बैंक	२८ हजार ६ सय	४.७९
विकास बैंक	५७ हजार ९ सय	९.७१
फाइनान्स वा लघुवित्त	६१ हजार ३ सय	१०.२८
कृषक समूह	६० हजार १ सय	१०.०८
महिला समूह	६६ हजार ७ सय	११.१९
आफन्त	६५ हजार	१०.९०
ट्रेडर्स	२ हजार सात सय	०.४५
साहु-महाजन	५५ हजार चार सय	९.२९
अन्य	५५ हजार चार सय	१.७७

- राष्ट्रिय कृषि गणना, २०८०

रुसले तेल उत्पादन कटौती गर्दा समस्यामा भारत

भारतका चार तेल कम्पनीले रुसमा १६ अर्ब डलर लगानी गरेका छन्, रुसले तेल उत्पादनमा कटौती गर्दा यसको मुख्य असर भारतमा पर्छ

जुलाईमा भारतले २० लाख ब्यारेलभन्दा बढी तेल दैनिक खरिद गरेको थियो। तर, अगस्टमा आउँदा यो आँकडा प्रतिदिन १० लाख ६३ हजार ब्यारेल पुग्यो। यसरी हेर्दा आगामी दिनमा अझै घट्न सक्ने अनुमान गर्न सकिन्छ

रुस र साउदी अरबले ५ सेप्टेम्बरमा संयुक्त रूपमा आगामी तीन महिनासम्म तेल उत्पादनमा कटौती जारी राख्ने बताए। युनाइटेड अरब इमिरेट्स (युएई), इराकसहित २३ ओपेक प्लस देशले पहिल्यैदेखि तेल उत्पादन कम गरेका छन्। यसकै कारण सन् २०२३ मा पहिलोपटक क्रुड आयल (कच्चा तेल) को मूल्य प्रतिब्यारेल ९० डलरसम्म पुग्यो। समाचार पोर्टल लाइभ मिन्टका अनुसार भारतीय कम्पनीले अर्बौं लगानी गरेका रुसी तेल कम्पनीले पनि उत्पादन घटाएका छन्। पछिल्ला केही महिनादेखि भारतलाई आवश्यक पर्ने कच्चा तेलमध्ये अधिकांश तेल रुसबाट आइरहेको छ। यसले भारतको चिन्ता बढ्नु स्वाभाविक हो।

भारतीय तेल कम्पनी दबाबमा : साउदी अरबले आगामी तीन महिनासम्म प्रतिदिन १० लाख ब्यारेल र रुसले तीन लाख ब्यारेल तेल उत्पादन घटाउनेछन्। यो विश्वभरमा हुने दैनिक तेल आपूर्तिको करिब एक प्रतिशत हो। जसकारण तेलको मूल्य यो वर्ष पहिलोपटक प्रतिब्यारेल ९० डलर पुग्यो। जुन गत वर्ष अक्टोबरपछि ७५ देखि ८५ डलरको बीचमा थियो।

तेल उत्पादन घटाएर किन बढाउँदै छन् मूल्य ? : सन् २०२० जनवरीमा अमेरिकामा कच्चा तेलको उत्पादन दैनिक करिब एक करोड २१ लाख ब्यारेल प्रतिदिन उच्च स्तरमा भइरहेको थियो। विश्वव्यापी कोभिड-१९ महामारीले गर्दा तेलको माग सर्वत्र घट्यो। तर पनि उत्पादनमा कमी भएन। जसले गर्दा तेलको मूल्य न्यून बन्यो। यही घाटा कम गर्न साउदी अरब, इराक र अमेरिकाका कैयौँ तेल सञ्चालकले आफ्ना खानी बन्द गरे। तेल उत्पादनको कटौतीपछि आपूर्ति घट्दा तेलको मूल्य बढ्न थाल्यो।

उत्पादन घटाउनुका मुख्य तीन कारण : एक : फेब्रुअरी ०२२ मा रुस-युक्रेन युद्ध सुरु हुँदा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ १३९ डलर प्रतिब्यारेलसम्म पुगेको थियो। जुन सन् २००८ पछिकै उच्च थियो। तर, अमेरिका र रुसजस्ता देशले आफूसँग भण्डारण



> साउदी अरब र रुसले तेल उत्पादनमा कटौती गर्दा यसको असर भारतलाई त पर्छ नै, सँगसँगै भारतले सहुलियत दरमा रुसबाट पाइरहेको तेलको मूल्य पनि स्वतः बढ्ने देखिन्छ

रहेको तेल अन्तर्राष्ट्रिय बजारमा बेच्न थालेपछि तेलको मूल्य फेरि घट्यो। यसको परिणाम, मार्च, २०२३ मा कच्चा तेलको मूल्य घटेर ७५ डलर प्रतिब्यारेलसम्म आइपुग्यो।

दुई : अप्रिल ०२३ मा पूरै विश्वमा कच्चा तेलको वैश्विक भण्डारण १८ महिनाकै सर्वाधिक उच्च स्तरमा पुग्यो। अत्यधिक भण्डारण हुने र मागमा कमी आएपछि तेलको मूल्य क्रमशः घट्न थाल्यो। मूल्य बढाउन ओपेक-प्लस देशले तेल उत्पादनमा कटौती गर्न थाले। जसले गर्दा तेलको मूल्य फेरि बढेर ८९ डलर प्रतिब्यारेलसम्म पुग्यो। तर, अब अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य बढोस् या घटोस्, यसका लागि रुस र साउदी अरबले तीन महिनाका लागि उत्पादनमा कटौती गर्ने निर्णय लिएका छन्।

तीन : सन् २००८-००९ मा आर्थिक मन्दीका कारण कच्चा तेलको मूल्य १४८ डलरबाट सोझै ३२ डलरमा झरेको थियो। मे २०२३ मा अमेरिकामा सिलिकन भ्याली, सिग्नेचर र फर्स्ट रिपब्लिकजस्ता ठूला बैंक टाट पल्टिए। यसबाहेक अगस्टमा मुडिज इन्भेस्टर्स सर्भिसले १० अमेरिकी बैंकको क्रेडिट रेटिङ घटाइदियो। यी सबै कारणले एकपटक फेरि कच्चा तेलको मूल्यमा गिरावट आउने सक्ने आकलन गरिएको छ।

उत्पादन घटाउँदा खरिदकर्ता देश चिन्तामा किन ? : पहिल्यैदेखि ओपेक-प्लस देशले तेलको उत्पादन कम गरिरहेका वेला रुस र साउदी अरबले पनि उत्पादन घटाउने निर्णय लिएका छन्। यसरी उत्पादन घटाउँदा विश्वव्यापी रूपमा तेल आपूर्तिमा कमी आई मूल्य बढ्न सक्छ। अमेरिकी मार्केट गुरु लेरी मेकडोनाल्डका अनुसार अगस्ट २०२३ मा अमेरिकाको तेल भण्डारण पछिल्लो ४० वर्षयताकै कम भएको छ। यस्तो स्थितिमा यदि साउदी र रुसले तेल उत्पादन कम गर्दा महँगी नियन्त्रण गर्न अन्तर्राष्ट्रिय बजारमा अमेरिकाका लागि तेल 'पम्प' गर्न थप मुस्किल हुनेछ।

विश्वकै शीर्ष लगानीकर्ता बैंक गोल्ड म्यान स्यासका अनुसार आगामी एक वर्षमा अमेरिकी अर्थतन्त्रमा मन्दी देखिन सक्छ। अक्टोबर ०२२ मा इन्टरनेसनल इनर्जी एजेन्सी (आइए) ले ओपेक-प्लस देशले तेल उत्पादनका कटौती गरेको खण्डमा विश्व आर्थिक मन्दीमा जाने बताएको थियो। सोहीअनुसार साउदी अरबले निरन्तर उत्पादन कटौती गर्दा वैश्विक अर्थतन्त्रमै नराम्रो असर पर्न सक्छ।

साउदी-रुसले तेल कटौती गर्दा भारतीय कम्पनी तनावमा : भारतका चार तेल कम्पनीले रुसमा १६ अर्ब डलरभन्दा बढीको लगानी गरेका छन्। रुसले तेल उत्पादनमा गर्ने कटौतीको असर यी कम्पनीमा अवश्य पर्नेछ। तथ्यांकअनुसार जुलाईमा भारतले २० लाख ब्यारेलभन्दा बढी तेल दैनिक खरिद गरेको थियो। तर, अगस्टमा आउँदा यो आँकडा प्रतिदिन १० लाख ६३ हजार ब्यारेल पुग्यो। यसरी हेर्दा आगामी दिनमा थप घट्न सक्ने अनुमान गर्न सकिन्छ।

२०२३ को नौ महिनामा भारतले साउदी अरब र इराकभन्दा बढी रुससँग कच्चा तेल खरिद गरेको छ। यसो गर्दा भारतलाई प्रतिब्यारेल दुई डलरसम्म नाफा बसेको छ। यद्यपि, साउदी अरब र रुसले तेल उत्पादनमा कटौती गर्दा यसको प्रत्यक्ष असर भारतमा पर्छ। साथै, विश्वभरमा कच्चा तेलको मूल्यसमेत बढ्न सक्छ। सँगसँगै, भारतले सहुलियत दरमा रुसबाट पाइरहेको तेलको मूल्य पनि स्वतः बढ्ने देखिन्छ। *- एजेन्सी*

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ३१ भदौ ०८०

लाइसेन्स लिएर गुमनाम छ प्राधिकरणको 'विद्युत् व्यापार कम्पनी'

पुस ०७८ मा प्राधिकरणको सहायक कम्पनी एनपिटिसीले विद्युत् व्यापारको लाइसेन्स पाएको थियो, तर अझै काम सुरु गरेको छैन, उता काम गर्न तयार निजी क्षेत्रका कम्पनी भने लाइसेन्सविहीन छन्



कम्पनी सञ्चालनमा आएको छ, तर विद्युत् व्यापारसम्बन्धी काम सुरु भएको छैन । अब छिट्टै यस कम्पनीले विद्युत् व्यापारको काम सुरु गर्नेछ ।

● **कुलमान घिसिङ**, प्रमुख, विद्युत् प्राधिकरण



मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारबाट लाइसेन्स प्राप्त गरेको डेढ वर्ष बितिसक्दा पनि नेपाल विद्युत् प्राधिकरणको मुख्य लगानी (सहायक कम्पनी)को नेपाल पावर ट्रेडिङ कम्पनी (एनपिटिसी)ले अझै काम सुरु गरेको छैन । छुट्टै संस्थामार्फत विद्युत् व्यापार गर्ने उद्देश्यसहित मार्च ०१७ (फागुन-चैत ०७३) स्थापना भएको उक्त कम्पनीले ८ पुस ०७८ मा (२३ डिसेम्बर ०२१) मा लाइसेन्स पाएको थियो । तर, लाइसेन्स पाएको १८ महिना बित्दा पनि उक्त कम्पनीले काम गर्न सकेको छैन ।

८ पुस ०७८ को मन्त्रिपरिषद्ले प्राधिकरणको सहायक कम्पनीका रूपमा स्थापित एनपिटिसीलाई विद्युत् व्यापार गर्न दिने निर्णय गरेको थियो । त्यसलगत्तै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले कम्पनीलाई लाइसेन्स पनि दियो । तर, अहिले उक्त कम्पनी गुमनामजस्तै बनेको छ । माउ कम्पनी नेपाल विद्युत् प्राधिकरण आफैंले भने आन्तरिक तथा अन्तरदेशीय विद्युत् व्यापार गर्दै आएको छ । अहिले प्राधिकरणले भारतमा दैनिक ६ सय ३२ मेगावाट विद्युत् निर्यात गर्दै आएको छ । सरकारी स्वामित्वको प्राधिकरणले विद्युत् उत्पादन, प्रसारण, वितरण र व्यापारको काम गर्दै आएको छ ।

संसद्मा दर्ता हुन लागेको विद्युत् विधेयकमा अब विद्युत् उत्पादन, प्रसारण, वितरण र व्यापार छुट्टाछुट्टै निकायले गर्नुपर्ने प्रस्ताव छ । त्यसअनुसार प्राधिकरण खण्डीकरण हुनुपर्ने अवस्थामा पुगेको छ । त्यसको पूर्वतयारीस्वरूप पनि यो कम्पनी स्थापना भएको थियो । जहाँ प्राधिकरणको बहुमत (५१ प्रतिशत) सेयर छ । साथै, हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसिएल), विद्युत् प्रसारण कम्पनी, विद्युत् उत्पादन कम्पनी, राष्ट्रिय ग्रिड कम्पनीलगायतको सेयर छ । तर, लाइसेन्सप्राप्त सहायक कम्पनीलाई बेवास्ता गरेर प्राधिकरण आफैंले विद्युत् व्यापार गर्दै आएको छ । फलस्वरूप एनपिटिसी स्थापनाको औचित्यसमेत हराउँदै गएको छ ।

प्रचलित विद्युत् ऐनमा प्राधिकरणबाहेक अन्य निकायलाई विद्युत् व्यापार गर्ने अधिकार छैन, जुन नियम यो कम्पनीको हकमा पनि लागू हुन्छ । तर, सरकारले विद्युत् ऐनको दफा ३५ प्रयोग गरेर यसलाई विद्युत् व्यापारको लाइसेन्स दिएको थियो । 'यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै व्यक्ति वा संस्थासित करार गरी सोही करारमा उल्लिखित सर्तहरूका आधारमा विद्युत् उत्पादन, प्रसारण वा वितरण गर्न-गराउन सक्नेछ,' विद्युत् ऐनको दफा ३५ उल्लेख छ । सोहीअनुसार लाइसेन्स पाएको कम्पनीले भने अहिलेसम्म विद्युत् व्यापारसम्बन्धी कुनै पनि काम गर्न सकेको छैन ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ पनि उक्त कम्पनीले काम गर्न नसकेको स्वीकार गर्छन् । यद्यपि, कम्पनी सञ्चालनमा आइसकेको उनको भनाइ छ । 'कम्पनी सञ्चालनमा आएको छ, तर विद्युत् व्यापारसम्बन्धी काम सुरु भएको छैन । विभिन्न प्राविधिक कारणले कम्पनीले विद्युत् व्यापारको काम गर्न सकेन,' उनले भने, 'तर, अब छिट्टै यस कम्पनीले विद्युत् व्यापारको काम सुरु गर्नेछ ।'

यस्तै, ऊर्जा मन्त्रालयका प्रवक्ता मधुप्रसाद भेटुवाल पनि एनपिटिसीले काम गर्न नसक्नुमा केही प्राविधिक कारण रहेको बताए । 'कम्पनीले लाइसेन्स लगिसक्यो । तर, अझै काम सुरु भएको छैन,' उनले भने, 'प्राधिकरणबाहेकका कम्पनीलाई विद्युत् व्यापार गर्न आवश्यक नीतिगत संरचना तयार भइसकेका छैनन् । त्यसैले पनि यसमा ढिलाइ भएको हुन सक्छ । यद्यपि, हामी अहिले यसबारे आवश्यक कार्यविधिलगायतका नीतिगत व्यवस्था गर्ने तयारीमा छौं ।'

विद्युत् व्यापार गर्ने भएका कारण उक्त कम्पनीलाई विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) गर्ने अधिकार पनि छ । कोटा सिस्टम भएका कारण अहिले निजी क्षेत्रका १२ हजार मेगावाट आयोजनाको पिपिए अन्योलमा छ । प्राधिकरणकै तीन हजार मेगावाट आयोजनाको पिपिए रोकिएको छ । त्यो अवस्थामा यस कम्पनीले काम सुरु गरेर पिपिए आह्वान गरेको भए उनीहरूले पिपिए गर्न पाउने थिए । फलस्वरूप उक्त आयोजनाको विकासक्रम अघि बढ्ने थियो । तर, लाइसेन्सप्राप्त कम्पनी गुपचुप हुँदा उक्त अवसरसमेत घुमेको निजी क्षेत्रका ऊर्जा व्यवसायी बताउँछन् ।

निजी क्षेत्रलाई विभेद

विद्युत् व्यापार गर्ने उद्देश्यसहित निजी क्षेत्रबाट स्थापना भएका चारवटा कम्पनीलाई सरकारले कानुन नभएको भन्दै लाइसेन्स दिन अस्वीकार गर्दै आएको छ । विद्युत् व्यापार गर्ने उद्देश्यसहित स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान), नेपाल पूर्वाधार विकास बैंक (निफ्रा)लगायतले विद्युत् व्यापार गर्न कम्पनी स्थापना गरेका छन् । लाइसेन्स पाएको अवस्थामा तत्काल काम सुरु गर्न सक्ने उनीहरूको दाबी छ । तर, उनीहरूलाई सरकारले लाइसेन्स दिएको छैन । लाइसेन्सप्राप्त सरकारी कम्पनीले भने अझै काम सुरु गर्न सकेको छैन ।

इप्पानका उपाध्यक्ष आशिष गर्गले यो न्यायोचित नभएको बताए । 'हामी विद्युत् व्यापार गर्न आतुर छौं । प्रचलित ऐनको दफा ३५ प्रयोग गरेर भए पनि लाइसेन्स दिनुस् भनेर सरकारलाई भनेका छौं । तर, सरकारले त्यसलाई बेवास्ता गरेको छ,' उनले भने, 'तर, सोहीअनुसार लाइसेन्स पाएको प्राधिकरणको सहायक कम्पनीले अझै विद्युत् व्यापारको काम गर्न सकेको छैन । न पिपिएका लागि आह्वान गरेको छ, न विद्युत् व्यापारको काम नै गरेको छ । हामीलाई लाइसेन्स दिएको भए काम गर्न सक्ने थियौं । तर, सरकारले लाइसेन्स दिन आनाकानी गरेको छ । यो अलि न्यायोचित भएन ।'

यस्तै, प्रस्तावित ऐनमार्फत निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न खुला गर्ने विषयमा आफूहरू विश्वस्त नभएको उनको भनाइ छ । 'पछिल्लो १७ वर्षमा निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न दिने व्यवस्थासहित दुईपटक विद्युत् विधेयक संसद्मा दर्ता भयो । तर, पारित भएन । अध्यादेशमार्फत ल्याउने प्रयास भयो । त्यो पनि सफल भएन,' उनले भने, 'अहिले पुनः नयाँ विधेयक संसद्मा दर्ता हुँदै छ । तर, पास हुन्छ भन्ने ग्यारेन्टी छैन । पास भए पनि वर्षौं समय लाग्ने देखिन्छ । तसर्थ, निजी क्षेत्र विद्युत् व्यापार गर्न ऐन नै प्रतीक्षा गरेर बस्ने अवस्थामा छैन । तत्काल कुनै विकल्पमार्फत निजी क्षेत्रलाई विद्युत् व्यापारमा खुला गर्नुपर्छ ।'

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ कर प्रणाली सुधार गर्न उच्चस्तरीय समिति गठन

करको दर हेरफेरदेखि दायरा विस्तारसम्मका सुझाव दिने

पवन तिमिल्सिना/नयाँ पत्रिका

सरकारले कर प्रणाली सुधार गर्नका लागि गर्नुपर्ने कामका विषयमा सुझाव दिन उच्चस्तरीय समिति गठन गरेको छ । शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले पूर्वमन्त्री विद्याधर मल्लिकको नेतृत्वका उच्चस्तरीय समिति गठन गरेको हो ।

समितिमा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक रामप्रसाद ज्ञवाली, पूर्वसचिव लक्ष्मण अर्याल, भन्सार विज्ञका रूपमा एसियाली विकास बैंक र विश्व बैंकमा काम गरेका पूर्वउपसचिव श्याम दाहाल सदस्य रहेको अर्थ मन्त्रालयले जानकारी दिएको छ ।

> कर चुहावट नियन्त्रण र लगानीमैत्री वातावरण निर्माण गर्न मूल्य अभिवृद्धि कर, आयकर, भन्सार महसुल, अन्तःशुल्क र गैरकरलगायतका कर प्रणालीमा गर्नुपर्ने सुधारका सम्बन्धमा अध्ययन, विश्लेषण गर्न समिति गठन गरिएको हो

यो समितिले ६ महिनाभित्र अध्ययनसहितको प्रतिवेदन तयार गरी बुझाउने मन्त्रालयका राजस्व सचिव रामप्रसाद घिमिरेले जानकारी दिए । उनले भने, 'यो अस्थायी संरचना हो । आगामी आर्थिक वर्षको बजेटलाई केन्द्रित गरेर यो समिति गठन गरिएको हो । मेरो संयोजकत्वमा राजस्व परामर्श समितिले काम त गरिरहेकै हुन्छ । तर, सुधारका क्षेत्रहरू औंल्याउने काम गर्नेछ ।' कर चुहावट नियन्त्रण र लगानीमैत्री वातावरण निर्माण गर्न मूल्य अभिवृद्धि कर, आयकर, भन्सार महसुल, अन्तःशुल्क र गैरकरलगायतका प्रत्यक्ष एवं अप्रत्यक्ष कर प्रणालीमा गर्नुपर्ने सुधारका सम्बन्धमा अध्ययन, विश्लेषण गर्न समिति गठन गरिएको हो । कार्यसर्तअनुसार समितिले मुलुकको समग्र अर्थतन्त्रको अध्ययन गरी सम्भावित राजस्व क्षमता र वास्तविक राजस्व प्राप्तिको विश्लेषण गरी राजस्वअन्तर पत्ता लगाउनेछ ।

डिजिटल अर्थतन्त्र अनलाइन व्यवसायलाई करको दायरामा ल्याउन आवश्यक नीतिगत, कानुनी तथा कार्यगत ढाँचासहितको सुझाव पेस गर्ने कार्यसर्तमा उल्लेख छ । त्यस्तै, मुलुकको अर्थतन्त्रको संरचनामा आएको परिवर्तन र नयाँ आर्थिक क्रियाकलापको अध्ययन गरी करका नयाँ क्षेत्र पहिचान गरी नयाँ कर लागू गर्न वा विद्यमान कुनै कर खारेज गर्ने विषयमा उपयुक्त सुझाव दिनेसमेत समितिको जिम्मेवारी छ ।

छिटो-छरितो रूपमा करसम्बन्धी विवाद समाधान गर्ने उपाय सुझाव दिने, मूल्य अभिवृद्धि करलगायत अन्य राजस्वका प्रक्रिया सुधारका लागि सुझाव दिने कार्यादेशमा उल्लेख छ । विद्यमान कर नीतिका कारण निजी क्षेत्रको लगानीमा परेका समस्याको अध्ययन गरी लगानीमैत्री वातावरण सिर्जना गर्न सुधारका लागि सुझाव दिने भनिएको छ ।

संघीय संरचनाअनुसारका तीन तहका सरकारले संकलन गर्ने राजस्व सम्बन्धमा गर्नुपर्ने समन्वय, सहकार्य तथा प्रणाली स्थापना गर्न आवश्यक सहकार्यसम्बन्धी विषयमा सुझाव पेस गर्नुपर्नेछ । राजस्व छुट तथा भन्सार महसुल दरका सन्दर्भमा नेपालले क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता कार्यान्वयन गर्दा राजस्वमा पर्न सक्ने असर कम गर्न अपनाउनुपर्ने उपायबारे सुझाव पेस गर्नुपर्ने कार्यसर्तमा उल्लेख छ ।

व्यवसायको लागत र समय घटाई स्वैच्छिक अनुपालन बढाउन गर्नुपर्ने सुधारका लागि सुझाव पेस गर्नुपर्ने सर्तमा भनिएको छ । बढ्दो वैदेशिक व्यापारको कुशल एवं प्रभावकारी व्यवस्थापनका लागि नेपाल भन्सार प्रशासनमा गर्नुपर्ने नीतिगत, प्रक्रियागत एवं संगठनात्मक सुधारका लागि सुझाव पेस गर्ने उल्लेख छ । कर खर्चसम्बन्धी सुधारका लागि सुझाव पेस गर्नेसमेत भनिएको छ ।

अर्थतन्त्र सुधार्न सकारात्मक हस्तक्षेप गरेका छौं : प्रधानमन्त्री

काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अर्थतन्त्र सुधारका लागि सरकारले सकारात्मक हस्तक्षेप गरेको बताएका छन् । अर्थतन्त्र सुधारमा सरकार गम्भीर रहेको भन्दै निजी क्षेत्रलाई विचलित नहुन प्रधानमन्त्री दाहालले आह्वानसमेत गरेका छन् ।

नेपाल उद्योग परिसंघले काठमाडौंमा शुक्रबार गरेको 'प्रेसिडेन्ट्स ब्यांक्वेट' कार्यक्रममा बोल्दै उनले अर्थतन्त्र सुधारमा सहकार्य गर्न निजी क्षेत्रलाई आग्रहसमेत गरे । 'अर्थतन्त्रको सुधारका लागि सरकार गम्भीर छ । अर्थतन्त्रलाई हामीले नै सुधार गर्नुपर्छ । अर्थतन्त्र सुधारको काम सरकार एक्लैले गर्न सक्दैन, तसर्थ निजी क्षेत्रलाई समेत सहकार्य गर्न आग्रह गर्दछु,' उनले भने, 'सरकार निजी क्षेत्रको साथमा छ । अर्थतन्त्र सुधारका लागि सरकारले सकारात्मक हस्तक्षेप गरेको छ, गर्छ । तसर्थ, कत्ति पनि विचलित नभई अगाडि बढ्न म निजी क्षेत्रलाई आह्वान गर्दछु ।'

मुलुकको अर्थतन्त्रलाई बजेटको प्रभावकारी कार्यान्वयनबाट सुधारमा लगिने उनले बताए । 'हामीले चालू आर्थिक वर्षको बजेटमार्फत अर्थतन्त्रको सबलीकरणका लागि सुधारात्मक कदमहरूको सुरुवात गर्ने खोजेका छौं,' उनले भने, 'अर्थतन्त्र सुधारका लागि सरकार निजी क्षेत्रलाई विश्वासमा लिँदै कानुनी, नीतिगत तथा संरचनागत सुधार गर्न प्रतिबद्ध छ ।'

उक्त अवसरमा परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले अर्थतन्त्र मन्दीमा रहेको बताए । उनले उच्च ब्याजदर, नगद प्रवाहमा भएको समस्या, उत्पादनमा कमी, लगानीको योजना स्थगन, अर्थतन्त्रको समग्र बजार मागमा कमीलगायतले अर्थतन्त्र मन्दीमा रहेको देखिएको बताए । त्यस्तै, निजी क्षेत्रको मनोबल घट्दो अवस्थामा रहेको समेत औंल्याए ।

समग्र अर्थतन्त्रको विकासका लागि नेपाल उद्योग परिसंघ सरकारसँग प्रभावकारी र देखिने गरी सहकार्य गर्न तयार रहेको उनले बताए ।

उक्त अवसरमा उद्योग परिसंघका उपाध्यक्ष हेमराज ढकालले नेपालको अर्थतन्त्रको बाह्यक्षेत्र केही सुधारोन्मुख देखिएको भए तापनि आन्तरिक अवस्थामा संकटको कालो बादल मडारिइरहेको बताए । 'बजार चलायमान हुन सकेको छैन, उद्योगी-व्यवसायीको मनोबल अझै उच्च हुन सकेको छैन । लगानीयोग्य रकम हुँदाहुँदै पनि लगानी प्रवर्द्धन हुन सकेको छैन । भएका कतिपय उद्योगहरू बन्द गर्नुपर्ने अवस्थाबाट गुज्रिरहेका छन् भने व्यवसायका सटरहरू बन्द हुने क्रम बढ्दो छ,' उनले भने, 'यस्तो विषम परिस्थितिबाट निकासका लागि अर्थतन्त्रको विकास, विस्तार र सबलीकरण नै आजका प्रमुख आवश्यकता हुन् ।'

टोखा-छहरे सुरुङमार्ग निर्माणमा चीन सकारात्मक : अर्थमन्त्री

नुवाकोट/ अर्थमन्त्री डा. प्रकाशशरण महतले टोखा-छहरे सुरुङमार्ग निर्माण गर्न चिनियाँ सरकार सकारात्मक रहेको बताएका छन् । लिखु महिला उद्यमी तथा सामाजिक संस्थाले शनिबार आयोजना गरेको कार्यक्रममा बोल्दै मन्त्री डा. महतले सो परियोजना अगाडि बढाउन एक अर्ब बजेट विनियोजन गरेको बताए । उनले भने, 'यो परियोजनालाई एक अर्ब रुपैयाँ बजेट विनियोजन गरेको छु । यद्यपि, यसका लागि धेरै पैसा लाग्छ । हाम्रो स्रोतले नपुग्न सक्छ, यो परियोजना निर्माणका लागि हामीले चिनियाँ सरकारसमक्ष प्रस्ताव पठाएका छौं । उहाँहरूबाट सकारात्मक जवाफ आएको छ ।'

दुई देशबीच पत्र आदानप्रदान भइसकेको र आयोजना अगाडि बढ्नेमा ढुक्क हुन उनले आग्रह गरे । 'प्रधानमन्त्री पुष्पकमल दाहाल चीन जाँदै हुनुहुन्छ, यो परियोजनाको तयारीमा हामी लागेका छौं । प्रधानमन्त्रीको भ्रमणको सिलसिलामा यो आयोजना पहिलो प्राथमिकतामा राखेको आशयको पत्र चीन सरकारले दिएको छ,' उनले भने ।

परियोजनाको प्रारम्भिक अध्ययन भइरहेको पनि उनले जानकारी दिए । अब थप डिपिआरसहितको अध्ययन भएपछि निर्माण प्रक्रिया अगाडि बढ्छ । सुरुङमार्गको अध्ययन महत्त्वपूर्ण पक्ष हो । धेरै पक्षमा ध्यान पुऱ्याउनुपर्ने भएकाले अध्ययन सबैभन्दा जटिल र महत्त्वपूर्ण छ । अध्ययन सकिनेबित्तिकै सुरुङमार्गको काम अगाडि बढ्ने उनले बताए ।

परीक्षणविना नै भारतीय तरकारी बजारमा

जनकपुरमा **हृदिश खुद्दार**

भारतका सीमावर्ती बजारहरूमा विषादी परीक्षण संयन्त्र नहुँदा परीक्षण नै नगरिएका आयातीत तरकारी तथा फलफूल बिक्री भइरहेका छन् । धनुषा, महोत्तरी, सर्लाही, सिराहा र सप्तरी जिल्लामा भारतबाट आयात भएका तरकारी परीक्षण गर्ने ल्याब महोत्तरीको भिठामोडमा मात्रै छ । ल्याब खाद्य आयात-निर्यात तथा गुणस्तर प्रमाणीकरण कार्यालयका अनुसार महोत्तरी र धनुषाका तुलनामा सिराहा, सप्तरी र सर्लाहीबाट एकदम कम विषादी परीक्षणका लागि तरकारी तथा फलफूल ल्याइन्छन् । विषादी परीक्षण गराउन समय लाग्ने, खर्च बढ्नेलगायतका कारण सिराहा, सप्तरी, सर्लाहीलगायतका जिल्लाका व्यापारीहरूले विषादी परीक्षण नै नगराई बिक्री गर्ने गरेका छन् । त्यस्तै, खुला सीमाको फाइदा उठाउँदै तस्करहरूले भारतबाट हरियो तरकारी विषादी परीक्षणविना नै बजारमा बिक्री गर्ने गरेका छन् ।

पाँच जिल्लामध्ये सर्लाही, सिराहा र सप्तरीबाट कहिलेकाहीं मात्र तरकारी परीक्षण गर्न ल्याइने खाद्य आयात-निर्यात तथा गुणस्तर प्रमाणीकरण कार्यालय महोत्तरी भिठामोडका प्रमुख प्रमोदचन्द्र पौडेलले बताए । उनले भने, 'खास गरी तीन जिल्लामा भारतबाट आउने तरकारीमा विषादी परीक्षण गराउन व्यवसायीलाई टाढा हुने भएकाले बढी तरकारी विषादी परीक्षणविना नै आयात हुने गरेको छ । ती जिल्लाहरूमा रहेका छोटी भन्सार कार्यालयहरूले तरकारी भन्सार काटे पनि ल्याब प्रयोगशाला नहुँदा परीक्षणविना नै भित्रिने गरेको छ ।'

नियमनकारी निकाय गम्भीर नभएपछि उपभोक्ताहरू मन्द विषको सिकार हुँदै गएको उपभोक्ता हित संरक्षण मञ्च धनुषाका अध्यक्ष बटुकनाथ झाले बताए । उनले भने, 'सीमा क्षेत्रका पालिकाहरू यसप्रति गम्भीर हुनुपर्छ, परीक्षणविना आउने तरकारीमा के-कति मात्रामा विषादी छ ? खाने योग्य छ कि छैन ? यसप्रति राज्य गम्भीर नहुनु दुःखद कुरा हो ।' उनले प्रत्येक जिल्लामा सरकारले विषादी प्रयोगशाला राख्नुपर्ने बताए ।

गत वर्ष नै सक्नुपर्ने गागनखोला पुल ६५% मात्रै सम्पन्न

सिराहामा **मणिलाल विश्वकर्मा**



पूर्व-पश्चिम हुलाकी सडकअन्तर्गत सिराहाखण्डको औरही गाउँपालिकामा औरही र दरहैया गाउँको सीमा नदी गागनमा पुल निर्माण सम्पन्न नहुँदा ओहोरदोहोर गर्नेहरू सास्ती भोग्न बाध्य छन् ।

सम्झौता भएको तीन वर्ष सात महिनाको अवधिमा पूर्व र पश्चिमतर्फ पिल्लरसहित एक-एकवटा स्पानको स्ल्याब ढलान भए पनि बीचभागको निर्माण अधुरो रहेकाले यात्रुहरू गागनको करिब तीन फिटसम्म पानीमा हेलिएर ओहोरदोहोर गर्न बाध्य भएका हुन् ।

हिराचन रोशन जेबीमार्फत रोशन कन्स्ट्रक्सनले निर्माण गरिरहेको पुल ८ साउन ०७९ भित्र निर्माण सकिने गरी ८ माघ ०७६ मा सम्झौता भएको थियो । सुस्त गतिमा पुल निर्माणको काम भइरहेकाले गाउँपालिका केन्द्र ओहोरदोहोर गर्नसमेत समस्या हुने गरेको औरही-१ हरट्टी दरहैयाका स्थानीय महेशकुमार यादवले बताए । पुल निर्माण ढिलो हुँदा बर्खामा पैदल, साइकल र मोटरसाइकलमा जोखिमपूर्ण ढंगले गागन वारपार गर्नुको विकल्प नरहेको उनको गुनासो छ ।

हुलाकी सडकअन्तर्गत सिराहा खण्डमा पर्ने पूर्व बलानदेखि पश्चिम कमला नदीसम्मका प्रायः सबै ठाउँका खोला-नदीमा पुल, कलभर्ट बने पनि गागनमा पुल निर्माण सम्पन्न नहुँदा हुलाकी सडक हुँदै दैनिक ओहोरदोहोर गर्ने सर्वसाधारण अप्ठ्यारोमा पर्ने गरेको औरही-४ का वडाध्यक्ष सुरेन्द्रप्रसाद यादव बताउँछन् । करिब २० वर्षअघि औरही गाउँको पूर्वपट्टिबाट बग्ने गागनमा पुल निर्माण गरेको १० वर्षपछि बाढीले पुलदेखि करिब तीन सय ५० मिटर उत्तरतिर बाँध भत्काएर खोलाले धार परिवर्तन गरेको थियो ।

बाँध भत्काएर खोला पुरानो पुलभन्दा दुई सय मिटर पूर्वबाट बग्न थालेपछि स्थानीय बासिन्दा खोलाको पानीमा हेलिएर आवतजावत गर्न बाध्य छन् । पुल निर्माणको सम्झौता अवधि सकिएर आगामी पुससम्म म्याद थप हुँदासमेत करिब ६५ प्रतिशत निर्माण सम्पन्न भएको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरले जनाएको छ । योजना कार्यालयका साइट इन्जिनियर कौशलकिशोर यादवका अनुसार प्रिस्ट्रेस प्रविधिको एक सय २६ मिटर लम्बाइ र ११ मिटर चौडाइको गागन पुल निर्माणका लागि हिराचन रोशन कन्स्ट्रक्सनले १२ करोड ९२ लाख ४० हजार तीन सय १० रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो ।

पुलको पिल्लरसहित पूर्व र पश्चिमतर्फ गरी दुईवटा स्पानको स्ल्याब ढलान भइसकेको र आगामी पुससम्म बीचको स्ल्याब ढलान गरी असारसम्म पुल सञ्चालन हुने साइट इन्जिनियर यादवले बताए ।



खानेपानीको भुक्तानी आइएमई पेबाट

काठमाडौं/ 'आइएमई पे'मार्फत धरान खानेपानी बोर्डको बिल भुक्तानी गर्न सकिने भएको छ। आइएमई पेको 'किन लाइन बस्ने, मोबाइलबाटै तिर्ने' अफरमार्फत सेवाग्राहीले खानेपानीको बिल भुक्तानी गर्ने क्रममा प्रोमो कोड प्रयोग गरी सय रुपैयाँसम्म छुट पनि प्राप्त गर्न सक्ने आइएमई पेका सिइओ प्रवीण रेग्मीले बताए।

सिटिजन्स बैंकका ग्राहकलाई अपोलो हस्पिटल्समा १० प्रतिशत छुट

काठमाडौं/ सिटिजन्स बैंक र भारतस्थित अपोलो हस्पिटल्सबीच बैंकका कार्डवाहकलाई अस्पतालको सेवा शुल्कमा १० प्रतिशतसम्म छुट दिने समझदारी भएको छ।

अपोलो हस्पिटल्स इन्टरप्राइजेज लिमिटेडको भारतका विभिन्न नौ स्थानमा रहेका हस्पिटलका नेटवर्कहरूमा यो छुटको व्यवस्था लागू हुनेछ। उक्त समझदारीपत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल तथा अपोलो हस्पिटल्स इन्टरप्राइजेज लिमिटेडका तर्फबाट भाइस प्रेसिडेन्ट, इन्टरनेसनल बिजनेस डा. कार्तिक अनन्थरामनले हस्ताक्षर गरेका छन्। सिटिजन्स बैंकका भारतस्थित हस्पिटल्सहरूसँगको यो दोस्रो सम्झौता हो। यसअघि बैंकले भारतस्थित मेदान्त द मेडिसिटी अस्पतालसँग सेवा शुल्कमा १५ प्रतिशतसम्म छुट दिने सम्झौता गरिसकेको छ। यस्तो सहकार्यले भारतमा स्वास्थ्य उपचार गराउन जाने बैंकका ग्राहकलाई सहज सेवा प्राप्त हुने विश्वास बैंकले लिएको छ।

करेन्ट नुडल्सको ब्रान्ड एम्बासडर केकी अधिकारी

नयाँ पत्रिका



यसोदा फुड्सले करेन्ट नुडल्स तथा स्न्याक्सका लागि अभिनेत्री केकी अधिकारीलाई ब्रान्ड एम्बासडर चयन गरेको छ। सन् २०१७ मेदेखि आफ्नो व्यवसायको थालनी गरेको कम्पनीले सुरुवाती दिनमा लाली र करेन्ट ब्रान्डअन्तर्गत तयारी चाउचाउ उत्पादन गर्ने सोचका साथ रुपन्देहीको तिलोत्तमाबाट कम्पनीले आफ्नो उत्पादनको सुरुवात गरेको थियो। हाल कम्पनीले विभिन्न ब्रान्डका चाउचाउ तथा स्न्याक्सहरू उत्पादन गरी नेपाल तथा विश्वका विभिन्न मुलुकहरूमा निर्यात गर्दै आइरहेको छ। सुपर प्रिमियम सेगमेन्टअन्तर्गत कम्पनीले करेन्ट हट एन्ड स्पाइसी, करेन्ट-२ स्पाइसी, करेन्ट हट एन्ड लेमन स्पाइसी नुडल्स, करेन्ट चिज एन्ड बटर, करेन्ट मसरुम तथा करेन्ट कप नुडल्सको उत्पादन गरिरहेको छ भने प्रिमियम सेगमेन्टअन्तर्गत करेन्ट लालीलगायतका चाउचाउहरू उत्पादनमा छन्। त्यसैगरी, प्रिमियम स्न्याक्स सेगमेन्टअन्तर्गत, करेन्ट चिजबल, करेन्ट हट एन्ड स्पाइसी स्टिक्स, करेन्ट पोटेटो क्र्याकर, करेन्ट पोटेटो स्टिक्स, करेन्ट अचारी स्टिक्स, करेन्ट हट एन्ड लेमन स्टिक्स, करेन्ट ओनियन रिङ, करेन्ट मखनालगायतका प्रिमियम स्न्याक्सको उत्पादन गरी नेपाललगायत विदेशमा समेत निर्यात गरिरहेको छ।

गुणस्तरीय चाउचाउ र स्न्याक्स उत्पादन गरी नेपाललगायत विदेशका भारत, जापान, भुटान, दुबई, अस्ट्रेलिया, युरोप, युके, अमेरिका, क्यानडा, मलेसिया, सिंगापुरलगायतका देशमा निर्यात गरिरहेको यस कम्पनीले आफ्ना उत्पादन र ब्रान्डप्रतिको उपभोक्ताको दिन-प्रतिदिनको विश्वास र भरोसा नै आफ्नो सम्पत्ति र ख्याति भएको कुरासमेत कम्पनीले जनाएको छ।

सूर्य कुण्डको बिक्री प्रबन्धक प्रभु क्यापिटल



काठमाडौं/ सूर्य कुण्ड हाइड्रोपावर इलेक्ट्रिक लिमिटेडले स्थानीयवासी तथा सर्वसाधारणलाई प्रारम्भिक सार्वजनिक निष्कासन गर्न प्रभु क्यापिटल लिमिटेडलाई बिक्री प्रबन्धकमा नियुक्त गरेको छ। सम्झौतामा सूर्य कुण्ड हाइड्रोपावरको तर्फबाट प्रबन्ध सञ्चालक सुकुन्तलाल हिराचन तथा प्रभु क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत आशिष गौचनले हस्ताक्षर गरेका छन्।

'वान बाई मेटलाइफ' एप सार्वजनिक



काठमाडौं/ मेटलाइफ नेपालले मोबाइल एप 'वान बाई मेटलाइफ' सार्वजनिक गरेको छ। एपको शुभारम्भ मेटलाइफ नेपालका महाप्रबन्धक निर्मलकाजी श्रेष्ठद्वारा काठमाडौंमा आयोजना गरिएको एक कार्यक्रममार्फत गरिएको हो।

मेटलाइफका ग्राहकले एपमा दर्ता भई आफ्नो बिमा पोलिसीबारे सूचनाहरू प्राप्त गर्न, मेटलाइफका विभिन्न बिमा सुविधा तथा सेवाहरूबारे खोजी गर्न, बिमा सुविधाका प्रिमियम गणना गर्न, एजेन्टहरूलाई सम्पर्क गर्न र थप जानकारी पाउन सक्ने कम्पनीले जनाएको छ। सो एपमा रहेको ३६० हेल्थ सुविधाले स्वास्थ्य सेवा समाधानलाई डिजिटल बिमा सेवासँग सहज रूपमा एकीकृत गरेको छ।

कार्यक्रममा नेपाली जनताका लागि थप आत्मविश्वासी, स्वस्थ भविष्य निर्माण गर्ने नेपालको लक्ष्यलाई मेटलाइफले समर्थन गर्न पाउनु आफैंमा गौरवको विषय रहेको महाप्रबन्धक श्रेष्ठले बताए। मेटलाइफ एसियाका प्रमुख मार्केटिङ अधिकृत सञ्जीव कपुरले मेटलाइफले आफ्ना ग्राहकको जीवनयात्राको प्रत्येक चरणमा उत्कृष्ट सुविधा प्रदान गर्न कम्पनी सदैव प्रतिबद्ध रहेको बताए।

'सिटिजन हिरोज कनक्लेभ'को तेस्रो संस्करण सम्पन्न

काठमाडौं/ सिटिजन लाइफ इन्स्योरेन्सको 'सिटिजन हिरोज कनक्लेभ' कार्यक्रमको तेस्रो संस्करण सम्पन्न भएको छ। धुलिखेलस्थित आगन्तुक रिसोर्टमा सम्पन्न कार्यक्रम 'सबल अनि सक्षम, निरन्तर प्रगतिको पथमा' नाराका साथ सम्पन्न भएको कम्पनीले जनाएको छ।

कम्पनीले हरेक आवमा सिनियर एजेन्सी म्यानेजरसहित केही उत्कृष्ट एजेन्सी म्योजरहरूलाई छनोट गर्ने गरेको छ। कम्पनीको यस 'सिटिजन हिरोज कनक्लेभ' कार्यक्रममा ६० जना लिडर्सहरूको सहभागिता रहेको थियो। कार्यक्रममा अन्तर्राष्ट्रिय प्रशिक्षक विजयकुमार झाले सम्पूर्ण लिडर्सहरूलाई प्रशिक्षण दिएका थिए।

यामाहाको छुट योजना

काठमाडौं/ चाडपर्व नजिकिँदै गर्दा नेपालका लागि यामाहा मोटरसाइकल र स्कुटरको आधिकारिक वितरक एमएडब्लू इन्टरप्राइजेजले 'यामाहा फेस्टिभ सेलिब्रेसन विथ रोडिज पावर अफ फाइभ' योजना प्रस्तुत गरेको छ।

यामाहा फेस्टिभ सेलिब्रेसन विथ रोडिज पावर अफ फाइभ योजनाअन्तर्गत यामाहाको स्कुटर खरिद गर्दा ६ हजारदेखि एक लाखसम्म र बाइक खरिद गर्दा आठ हजारदेखि एक लाखसम्म स्युरसट क्यासब्याक प्राप्त गर्न सक्नेछन्। त्यस्तै, लक्की ड्रमार्फत दैनिक यामाहा राइडिङ ज्याकेट, आइफोन १४ को साप्ताहिक उपहार, र प्रत्येक महिना भाग्यशाली विजेताले जापान जाने मौका पाउन सक्नेछन्।

टु ह्विलर्स डिभिजनका सिइओ राजु क्षेत्रीले भने, 'यस चाडपर्वको सिजनमा हामीले हरेक राइडलाई असाधारण बनाउन र हाम्रा ग्राहकको जीवनमा जादुको स्पर्श थप्ने लक्ष्य राखेका छौं। यामाहा सधैं स्पोर्टिनेस, स्टाइल र एक्साइटमेन्टको पर्यायवाची रहेको छ र यो योजना त्यही अनुभवलाई बढाउन डिजाइन गरिएको हो।' यो अफर यामाहाका सबै बाइक र स्कुटरहरूमा लागू हुने र देशमा रहेका यामाहाका सबै अधिकृत सोरुमहरूमा उपलब्ध छ।

INTEREST RATE

Effective From 2080/06/01

SAVING DEPOSIT

S.N.	PRODUCT	INTEREST RATE (PER ANNUM)	PAYMENT ON	MINIMUM BALANCE
1	Normal Saving	6.00%	Quarterly Basis	Rs. 500
2	Muktinath Premium Bachat	6.00%	Quarterly Basis	Rs. 1,000
3	Muktinath Aashirwad Bachat (Gold)	8.00%	Quarterly Basis	Rs. 50,000
4	Muktinath Aashirwad Bachat (Platinum)	8.00%	Quarterly Basis	Rs. 1,00,000
5	Muktinath Sarvotkrishta Bachat Khata	7.50%	Monthly Basis	Rs. 10,000
6	Muktinath Super Premium Bachat	6.00%	Quarterly Basis	Rs. 5,000
7	Muktinath Sambriddhi Bachat Khata	6.00%	Monthly Basis	Rs. 100
8	Muktinath Sambriddhi Remit IPO Bachat Khata	9.00%	Monthly Basis	Rs. 100
9	Muktinath Karmachari Surakshya Bachat Khata	7.00%	Quarterly Basis	Rs. 1,000
10	Karmachari Bachat Khata	6.00%	Quarterly Basis	-
11	Aatmanirbhar Bachat Khata	6.00%	Quarterly Basis	-
12	Mahila Pewa Bachat	6.00%	Quarterly Basis	Rs. 500
13	Sunaulo Bal Shikshya Bachat	6.00%	Quarterly Basis	-
14	Baidesik Rojgar Bachat	6.00%	Quarterly Basis	Rs. 500
15	Micro Personal Saving	6.00%	Quarterly Basis	Rs. 100
16	Other Micro Savings	6.00%	Quarterly Basis	Rs. 100
17	Sharedhani Bachat Khata	7.00%	Quarterly Basis	Rs. 100
18	Beema Bachat	6.00%	Quarterly Basis	Rs. 100
19	Provident Fund Account	6.00%	Quarterly Basis	-
20	Samajik Surakshya Bhatta Khata	6.00%	Quarterly Basis	-
21	Sajilo Bachat	6.00%	Quarterly Basis	-
22	Mero Pahilo Bachat Khata	6.00%	Quarterly Basis	-
23	Muktinath PMS Khata	6.00%	Quarterly Basis	-
24	Jeevan Baradan Khata	6.00%	Monthly Basis	Rs. 5,000
25	Muktinath Myadi Bachat Khata	7.00%	Quarterly Basis	-
26	Muktinath Krishak Bachat Khata	6.35%	Monthly Basis	Rs. 100
27	Byaktigat Upalabdhi Khata	6.00%	Quarterly Basis	-
28	FCY Deposit ($, £, €, and AUD)*	Up to 4.00%	Quarterly Basis	10

CALL/CURRENT DEPOSIT

S.N.	PRODUCT	INTEREST RATE (PER ANNUM)	PAYMENT ON	MINIMUM BALANCE
1	Current Account	-	-	Rs. 5,000
2	Current Account Other	-	-	Rs. 1,000
3	Call Deposit Account	As per NRB Directive	Quarterly Basis	-
4	Sansthagat Upalabdhi Khata	As per NRB Directive	Quarterly Basis	-

FIXED DEPOSIT

S.N.	PRODUCT	Payment Frequency		Minimum Balance
a	**Individual**			
1	3 Months to Below 1 Year	10.90%	Monthly/Quarterly	Rs. 5,000
2	1 Year to 10 Years	11.00%	Monthly/Quarterly	Rs. 5,000
3	Muktinath Remittance Fixed Deposit (up to 2 Years Only)	12.00%	Monthly/Quarterly	Rs. 5,000
4	Muktinath Pension Scheme	11.00%	Monthly/Quarterly	Rs. 50
5	Recurring Deposit (up to 5 Years Only)	11.00%	Quarterly Basis	Min. Rs. 500 to Max. Rs. 20,000
6	Akshaya Kosh	Negotiable	Monthly/Quarterly	Rs. 5,000
b.	**Institutional***	**Payment Frequency**		**Minimum Balance**
1	6 Months to Below 1 Year	8.90%	Monthly/Quarterly	Rs. 5,000
2	1 Year to 10 Years	9.00%	Monthly/Quarterly	Rs. 5,000

*Note:
1. Additional 0.50% interest rate can be provided for institutional FD (on bidding basis only)

LOANS & ADVANCES

A. Loan with Floating Interest Rates per annum:

S.N	Loan and Advance Products	Floating Interest Band
1	Business Loan	Base Rate + Premium up to 6.00%
2	Agriculture Loan	Base Rate + Premium up to 6.00%
3	Home Loan (new construction & purchase)	Base Rate + Premium up to 6.00%
4	Home Equity Loan	Base Rate + Premium up to 6.00%
5	Auto Loan	Base Rate + Premium up to 6.00%
6	Hire Purchase Loan(new)	Base Rate + Premium up to 6.00%
7	Hire Purchase Loan(old)	Base Rate + Premium up to 6.00%
8	Real Estate Loan	Base Rate + Premium up to 6.00%
9	Personal Loan	Base Rate + Premium up to 6.00%
10	Share Loan	Base Rate + Premium up to 6.00%
11	Mortgage Loan	Base Rate + Premium up to 6.00%
12	Professional Loan	Base Rate + Premium up to 6.00%
13	Muktinath Sulav Byawasaya Karja	Base Rate + Premium up to 6.00%
14	Consumer Loan	Base Rate + Premium up to 6.00%
15	Gold Loan	Base Rate + Premium up to 6.00%
16	Other Loans	Base Rate + Premium up to 6.00%
17	All Small & Micro Credit Products	Base Rate + Premium up to 6.00%
18	Wholesale Loan to MFIs	Base Rate + Premium up to 2.00%
19	Wholesale Loan others	Base Rate + Premium up to 6.00%
20	Loan Against Fixed Deposit (up-to 90.00%)	Coupon rate plus 2.00% or base rate whichever is higher

B. Fixed Interest Rates for Term Loan of Individual above 1 year:

B.1 For Normal Individual Term Loan:		Interest Rates Per Annum	
S.N.	Time Period	Minimum Rate	Maximum Rate
1	Up to 5 Years	Base Rate of immediate previous month	Up to 16.00%
2	More than 5 Years up to 10 Years		Up to 16.25%
3	More than 10 Years		Up to 16.50%
B.2 For Inclusive Banking Individual Term Loan:			Up to 17.00%
1	Base Rate of Shrawan, 2080		11.33%
2	3 Month's Average Base Rate for Shrawan 2080		11.62%

C. Other Information:

i. The fixed interest rate for individual term loan of above 1 year shall remain unchanged for the entire tenure of the loan.
ii. The fixed interest rate on loans and advances shall be fixed based on internal assessment of the bank.
iii. Interest rate applicable on forced loan may vary with risk premium from the published rate.
iv. Interest rate in consortium financing shall be as decided by the consortium.
v. Penal interest of plus 2.00% per annum will be applied on overdue amount.

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.

MUKTINATH BIKAS BANK LTD.

Central Office:Hattisar, Kathmandu, Tel: 01-4546136, 4537324
Toll Free No.: 16600149999, Email: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

कुमारी बैक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०५/३१ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैकलाई कर्जाको सुरक्षण वापत धितोवन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा विक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० असोज १५ गते सोमबार**का दिन शाखा कार्यालय हेटौंडा, मकवानपुरमा गोप्य शिलवन्दी बोलपत्रद्वारा लिलाम विक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलवन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. **ऋणीको विवरण:**
प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १५ को (१) (ग) र (२) को (ग) बमोजिम, नेपाल सरकार, प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय बागमती प्रदेश, हेटौंडा, मकवानपुरमा मिति २०७७/१०/२२ मा प्राइभेट फर्म दर्ता नं. ३६९/२७१/०७७/०७८ कायम भई दर्ता रहेको मकवानपुर जिल्ला, मकवानपुरगढी गा.पा. वडा नं.०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **गोदाबरी बहुउद्देश्य कृषि तथा पशु पन्छी फर्म** (प्रोप्राइटर अगन्धर तिर्माल्सिनाको नातिनी, टोम प्रसाद तिर्माल्सिना/दुर्गा तिर्माल्सिनाको छोरी, लेखनाथ अधिकारी/गंगा अधिकारीको बुहारी, प्रकाश अधिकारीको पत्नी, मकवानपुर जिल्ला, मकवानपुरगढी गा.पा. वडा नं.०३ बस्ने **बुद्ध लक्ष्मी अधिकारी** (ना.प्र.नं. ११/२७८), जारी मिति २०५३/१०/०८, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. अगन्धर तिर्माल्सिनाको नातिनी, टोम प्रसाद तिर्माल्सिना/दुर्गा तिर्माल्सिनाको छोरी, लेखनाथ अधिकारी/गंगा अधिकारीको बुहारी, प्रकाश अधिकारीको पत्नी, मकवानपुर जिल्ला, मकवानपुरगढी गा.पा. वडा नं.०३ बस्ने **बुद्ध लक्ष्मी अधिकारी** (ना.प्र.नं. ११/२७८), जारी मिति २०५३/१०/०८, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. तिर्थ हरि अधिकारीको नाति, लेखनाथ अधिकारी/गंगा अधिकारीको छोरा, बुद्ध लक्ष्मी अधिकारीको पति, मकवानपुर जिल्ला, मकवानपुरगढी गा.पा., वडा नं.०३ (साविक गाढि गा.वि.स., वडा नं.०५) बस्ने **प्रकाश अधिकारी** (ना.प्र.नं. १५९०३, जारी मिति २०४९/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. लेखनाथ अधिकारी/गंगा अधिकारीको नाति, प्रकाश अधिकारी/बुद्ध लक्ष्मी अधिकारीको छोरा, मकवानपुर जिल्ला, मकवानपुरगढी गा.पा., वडा नं.३ (साविक मकवानपुरगढी गा.वि.स., वडा नं.०५) बस्ने **सुबास अधिकारी** (ना.प्र.नं. ३११०११/५०९०९, जारी मिति २०६५/०३/१९, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
४. लेखनाथ अधिकारी/गंगा अधिकारीको नाति, प्रकाश अधिकारी/बुद्ध लक्ष्मी अधिकारीको छोरा, मकवानपुर जिल्ला, मकवानपुरगढी गा.पा., वडा नं.०३ (साविक मकवानपुरगढी गा.वि.स., वडा नं.०५) बस्ने **उत्तम अधिकारी** (ना.प्र.नं. ३१-०१-७०-०४०६१, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

२. **ऋणीको विवरण:**
नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, औषधि व्यवस्था विभाग, वीरगंज पर्सामा औषधि ऐन २०३५ अर्न्तगत मिति २०६९/१०/०९ मा र.प.नं. ३७२०३२००८४०२७/२०६३ वी कायम भई करदाता सेवा कार्यालय, मकवानपुरबाट मिति २०६९/०४/१७ मा स्थायी लेखा दर्ता प्रमाणपत्र नं. ६००६१२८२५ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला, मकवानपुरगढी गा.पा. वडा नं.०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **किसान भेट फर्मा** (प्रोप्राईटर तिर्थ हरि अधिकारीको नाति, लेखनाथ अधिकारी/गंगा अधिकारीको छोरा, बुद्ध लक्ष्मी अधिकारीको पति, मकवानपुर जिल्ला, मकवानपुरगढी गा.पा., वडा नं.०३ (साविक गाढि गा.वि.स., वडा नं.०५) बस्ने **प्रकाश अधिकारी** (ना.प्र.नं. १५९०३, जारी मिति २०४९/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. अगन्धर तिर्माल्सिनाको नातिनी, टोम प्रसाद तिर्माल्सिना/दुर्गा तिर्माल्सिनाको छोरी, लेखनाथ अधिकारी/गंगा अधिकारीको बुहारी, प्रकाश अधिकारीको पत्नी, मकवानपुर जिल्ला, मकवानपुरगढी गा.पा. वडा नं.०३ बस्ने **बुद्ध लक्ष्मी अधिकारी** (ना.प्र.नं. ११/२७८), जारी मिति २०५३/१०/०८, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. तिर्थ हरि अधिकारीको नाति, लेखनाथ अधिकारी/गंगा अधिकारीको छोरा, बुद्ध लक्ष्मी अधिकारीको पति, मकवानपुर जिल्ला, मकवानपुरगढी गा.पा., वडा नं. ३ (साविक गाढि गा.वि.स., वडा नं.०५) बस्ने **प्रकाश अधिकारी** (ना.प्र.नं. १५९०३, जारी मिति २०४९/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

लिलाम हुने सम्पतिको विवरण:
१. **प्रकाश अधिकारी**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, मक्रान्चुली गा.वि.स. वडा नं.०३ स्थित कित्ता नं. १७९ को क्षेत्रफल ०-६-२-१ (रोपनी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **बुद्ध लक्ष्मी अधिकारी**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं.०५ स्थित कित्ता नं. १०११५ को क्षेत्रफल जम्मा १६५.०९ (ब.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० असोज १४ गते** भित्र बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमाले लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० असोज १५ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालेे सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० असोज १५ गते सोमवार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय हेटौंडा, मकवानपुर फोन नं. ०५७-५२४१४३

मिल्कि वे सेयर ब्रोकर कम्पनी लि.

(स्टक ब्रोकर नं. ८४)

का.म.पा-३, महाराजगंज, काठमाडौं

प्रथम वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/५/३० गते

यस मिल्कि वे सेयर ब्रोकर कम्पनी लिमिटेडको संचालक समितिको मिति २०८० भाद्र २१ गते बसेको बैठकको निर्णय बमोजिम कम्पनीको प्रथम वार्षिक साधारणसभा मिति २०८० असोज २१ गते आइतबार अपरान्ह ३:३० बजे कम्पनीको रजिष्टर्ड कार्यालय का.म.पा.-३, महाराजगंज, काठमाडौंमा बस्ने भएकोले आदरणीय सेयरधनी महानुभावज्यूहरूलाई उपस्थितिको लागि यसै सूचना मार्फत अनुरोध गर्दछौं।

प्रस्तावहरु :

१. आ.व. २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७९/८० को नाफानोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने।
३. संचालक समितिमा संस्थापक समुहबाट ३ जना संचालक निर्वाचित गर्ने।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
५. प्रबन्ध-पत्र तथा नियमावली संशोधन सम्बन्धमा।
६. विविध।

राजधानीमै...

पृष्ठ १ बाट क्रमशः

चारजनालाई पनि पक्राउ गरेको छ, तर नाम सार्वजनिक गरेको छैन ।

'सामूहिक हत्या भएजस्तो देखिन्छ । सोधपुछका क्रममा पाँचजना पक्राउ परेका छन् । जसमध्ये एक दीपेन्द्र राई हुन् । अनुसन्धान जारी रहेकाले अन्यको नाम सार्वजनिक गरिएको छैन । उनीहरूसँग सोधपुछ जारी छ । तथ्य खुल्दै जाला,' अनुसन्धानमा संलग्न काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सोमेन्द्रसिंह राठौर भने ।

एमाले नेता बालकृष्ण सिवाकोटीले सञ्चालन गरेको मिलमा मृतक कुमारको परिवार २५ वर्षदेखि कार्यरत थियो । पक्राउ परेका दीपेन्द्रका बुबा पनि सोही मिलमा १५ वर्ष काम गरेर केही महिनाअघि मात्रै घर गएका थिए । तर, पारिवारिक चिनजानकै कारण दीपेन्द्र मिलमा आउजाउ गरिरहन्थे । काठमाडौंमै बस्ने उनी लागुऔषध दुर्व्यसनी रहेको प्रहरी अनुसन्धानमा खुलेको छ । बेरोजगार उनको आम्दानीको स्रोत छैन । बिहान-बेलुका खाना खान पनि प्रायः मिलमै पुग्थे ।

सिसिटिभी फुटेजलगायतको अनुसन्धान गरिसकेको प्रहरीका अनुसार शुक्रबार बेलुका पनि दीपेन्द्र काकाका छोरा नवीनसहित अन्य केही साथी लिएर मिलमा पुगेका थिए । दिउँसो जडीबुटीस्थित स्नुकर हाउसमा भेट भएका उनीहरूले नसालु



पदार्थ सेवन गरेका थिए । मिलमा पुगेर बेलुकाको खाना खाए । तर, नसाको सुरमा मिलमा उनीहरूबीच विवाद भएको थियो र अन्ततः झडपको रूप लिएको थियो । प्रहरीले घटनास्थलबाट हत्यामा प्रयोग भएको खुँडा बरामद गरेको छ । घटनामा अन्य धारिलो हतियार पनि प्रयोग भएको प्रहरीको भनाइ छ, तर बरामद गरिसकेको छैन । हत्या गरिएका व्यक्तिको टाउको, गर्दन र शरीर क्षतविक्षत पारिएको प्रहरीले जनाएको छ ।

अनुसन्धानका क्रममा प्रहरीले घटनास्थलआसपास रहेका सिसिक्यामेरा फुटेज नियन्त्रणमा लिएको छ । प्रहरीका अनुसार हत्यापछि दीपेन्द्र भाग्नका लागि सडकमा निस्किएका थिए । ट्याक्सी रोक्न हात दिएका थिए । ट्याक्सी नरोकिएपछि केही बेर सडकमै उभिए । प्रहरी वृत्त बानेश्वरको टोली सोही क्षेत्रको रात्रिकालीन गस्तीमा थियो । प्रहरी भ्यान मिलनजिक पुगेर रोकियो । ट्याक्सीमा चढ्न ठिक्क परेका दीपेन्द्र प्रहरी भ्यान आफ्नो अगाडि देखेपछि आत्तिए । प्रहरीले घटनाबारे थाहा पाइसकेर आफूलाई पक्राउ गर्न आइपुगेको अनुमान गरे । भाग्यो भने प्रहरीले गोली हान्ला भन्ने डरले उनी भाग्न रोकेको ट्याक्सी छाडेर प्रहरी भ्यानमा पुगे र भित्रै छिरेर प्रहरीलाई भने, 'तिनीहरूले मेरो भाइ मारे ।'

प्रहरीका अनुसार भाग्दै गर्दा जम्काभेट भएका दीपेन्द्रको कपडा रगताम्मे थियो । दीपेन्द्रसँग सोधपुछपछि अन्य चार आरोपी पनि पक्राउ परेका छन् । घटना अनुसन्धानका लागि प्रहरीले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी राठौरको संयोजकत्वमा पाँच सदस्यीय अनुसन्धान समिति गठन गरेको छ । सिसिक्यामेरा फुटेजलगायत प्रमाणमाथि गहन विश्लेषण भइरहेकाले आइतबारसम्म घटनाको तथ्य सार्वजनिक हुने प्रहरी दाबी छ ।

काठ मिल सञ्चालक बालकृष्णका भाइ गणेश सिवाकोटीले मारिनेका परिवारसँग दीपेन्द्रको विगतदेखिको सम्बन्ध भएको बताए । उनले भने, 'पक्राउ परेकामध्ये दीपेन्द्रका बुबा पनि मिलमा काम गर्थे । उनी अहिले बिदा भएर घर फर्किएका

कार्यतालिकामा चल्न कांग्रेसलाई सकस

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

कांग्रेसले पार्टी संगठनलाई व्यवस्थित रूपमा चलाउन इतिहासमै पहिलोपटक कार्यतालिका बनाए पनि त्यसअनुसार कार्यक्रम हुन सकेका छैनन् । २ देखि १० साउनसम्म चलेको केन्द्रीय कार्यसमिति बैठकले कार्यतालिकासहितको कार्यक्रम पारित गरे पनि बितेको दुई महिनाले कांग्रेस पुरानै पारामा चलेको देखाएको छ ।

सांगठनिक सुदृढीकरणका लागि १० देखि २४ भदौसम्म तय भएको समुदायमा कांग्रेस अभियान पहिलो चरणका कार्यक्रम नै रोकिएका छन् । बर्खाका कारण अनुपयुक्त भएको भन्दै रोकिएका कार्यक्रम कहिले गर्ने भन्ने अर्को मिति तय भएको छैन । कार्यतालिकामा तय भएको केन्द्रीय कार्यसमिति बैठक पनि समयमा बस्न सकेन । २ असोजको केन्द्रीय समिति बैठक समयलाई ख्याल नगर्दा प्रभावित बन्यो । मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार बैठक ४ असोजलाई सारिएको छ । केन्द्रीय समितिले विधानअनुसार प्रत्येक दुई महिनामा पहिलो साताभित्र बैठक बस्ने कार्यतालिका तय गरेको थियो । तर, यसबीचमा १ असोजमा तिज, २ असोजमा ऋषिपञ्चमी र ३ असोजमा संविधान दिवस पर्ने भएकाले बैठक सार्नुपर्ने बाध्यता आएको कांग्रेस नेताहरूको भनाइ छ ।

कार्यतालिकामा १५ असोजभित्र भ्रातृ संस्थाहरूको तदर्थ समितिलाई पूर्णता दिने उल्लेख छ । केन्द्रीय समितिले ४८ विभाग रहेकोमा नयाँ थपेर ७० विभाग बनाउने भने पनि नाम र संख्याको टुंगो लागेको छैन । १५ भदौको डेटलाइनमा फेस सेभिङका रूपमा १५ विभागका संयोजक मात्र तोकिएका छन् । बाँकी विषयमा छलफल भएको छैन । भ्रातृ संगठनको तदर्थ समिति गठन र भएकाको विवादलगायतका महत्त्वपूर्ण विषय भने ज्यूँका त्यूँ छन् ।

सहमहामन्त्री जीवन परियार रोकिएका कार्यक्रमलाई उपयुक्त समय पारेर पूरा गरिने बताँउछन् । रोकिएका कार्यक्रमबाट समग्र कार्यतालिकालाई असर नपर्ने उनको दाबी छ । 'वर्षाको समय अनुकूल नहुँदा पहिलो चरणको कार्यक्रमका दौरान आएको सुझावका आधारमा समुदायमा कांग्रेस अभियान सरेको हो । अरू कार्यतालिकाका कार्यक्रम पनि विभिन्न कारण रोकिएका छन् । पार्टीले अनुकूलता हेरेर पोस्टपोन्ड भएका कार्यक्रमलाई पूरा गर्छ । साहित्य महोत्सवको समापन सत्र संविधान दिवसको अवसर पारेर गर्ने तयारीमा छौं । कार्यतालिकालाई डिस्टर्ब नहुने गरी ती कार्यक्रमलाई अगाडि पूरा गर्छौं,' उनले नयाँ पत्रिकासँग भने ।

कार्यतालिकाअनुसार नै कांग्रेसले युवालक्षित 'पोलिसी ह्याकाथन' सम्पन्न गऱ्यो । २४ भदौबाट जारी तीनदिने बिपी साहित्य महोत्सव पूर्वसभामुख सुवासचन्द्र नेम्वाङको निधनका कारण २६ भदौको समापन सत्र रोकिएको छ । नयाँ मिति तय भएको छैन । परिस्थितिवश स्थगित गरिएका कार्यक्रमबाहेक १३ देखि १५ मंसिरमा महासमिति बैठक र नीति अधिवेशनको तयारी भइरहेको छ । लामो समय संयोजक मात्रै रहेको अनुशासन समितिलाई पूर्णता दिइएको छ ।

■ बिपीको 'जेल डायरी'को विमोचन

काठमाडौं/ कांग्रेस संस्थापक नेता बिपी कोइरालाको 'जेल डायरी' विमोचन गरिएको छ । शंकर तिवारीले सम्पादन गरेको पुस्तकमा यसअघि अप्रकाशित रहेका १९६२ देखि ९९६८ को जेल डायरी समेटिएको छ । पुस्तक शिखा बुक्समार्फत बजारमा आएको हो ।

कांग्रेस महामन्त्री गगन थापाले बिपीलाई महामानव भन्दै गर्दा महामानवको आवरणभित्र गुम्सिएका महाविचार ओझेलमा परेको बताए । उनले बिपीको विचारलाई निष्ठाको अर्थमा बुझ्न आवश्यक रहेको बताए । 'महामानव भनेर बिपीको विचारमा छलफल नै गर्न नहुने, बिपीको विचारलाई मूर्ति पूजा गरेजस्तो पूजा गर्ने कुरा बिपीमाथिको ठूलो अन्याय हो । बिपी मान्छे हो, मान्छेभित्रका कुरा हामीले बुझ्नुपर्छ । उहाँले मलाई मान्छेजसरी नै व्यवहार गर, बुझ भन्नुभएको छ । तर, मेरो निष्ठालाई त्यसको अर्थमा बुझ भन्नुभएको ठाउँमा निष्ठा ठ्याक्कै छोडेर मान्छे होइन, मान्छेभन्दा माथिको मान्छे हो भनेर जुन हामीले गरिरहेका छौं, त्यो अन्याय हो,' थापाले भने ।

बम नेतृत्वमा सुदूरपश्चिम पत्रकार समाज गठन

काठमाडौं/ पत्रकार यम बमको अध्यक्षतामा सुदूरपश्चिम पत्रकार समाज, काठमाडौं गठन भएको छ । सुदूरपश्चिम प्रदेश घर भई काठमाडौंमा कार्यरत पत्रकारहरूको शनिबारको भेलाले नयाँ पत्रिका दैनिकका पत्रकार बम संयोजकत्वमा ११ सदस्यीय तदर्थ समिति गठन गरेको हो । समितिको उपाध्यक्षमा लक्ष्मी बलायर, सचिवमा भूपेन्द्र शाह, कोषाध्यक्षमा सरिता थारू रहेका छन् । समितिको सदस्यमा सन्तोष रोकाया, प्रशान्त ओझा, लोकेन्द्र भट्ट, कृष्णसिंह लोथ्याल, कपिल भट्ट, रमेश टमट्टा र हरि भट्ट छन् ।

सुनजडित...

पृष्ठ १ बाट क्रमशः

प्रतिवेदनअनुसार गत माघदेखि नै उनीहरूले स्मार्ट वाचमार्फत सुन तस्करी गर्न थालेको देखिन्छ । एउटा घडीमा २० ग्राम सुन हुने गरेको पक्राउ परेका चिनियाँ लिन जेक्वाङले बयानमा उल्लेख गरेका छन् ।

उनले बयानमा भनेका छन्, 'सन् २०२३ को मार्चदेखि सुरुमा स्मार्ट वाच (घडी)मा सुन नराखी पैठारी गरेको र दुई-तीनपटकपछि स्मार्ट वाचमा सुन राखी ल्याउन सुरु गरेको हो । एउटा स्मार्ट वाचमा २० ग्रामजति सुन हुन्थ्यो । स्मार्ट वाचमा सुन राखी ल्याउन थालेपछि विमानस्थल भन्सार कार्यालयबाट वेलावेलामा स्मार्ट वाच केही संख्यामा हराउन थाले, एकपटक आठ थान हराएपछि सेभर र ब्रेक प्याड सुलगायत मालबस्तुमा सुन राखी ल्याउन थालिएको हो । मलाई जानकारी भएअनुसार सेभरमा दुईपटक सुन राखी आएको थियो । दाह्री काट्ने सेभरको स्ट्यान्डभित्र लुकाई ५० ग्राम सुन आउँथ्यो । त्यस्तै, मालबस्तुमा कहिले सुन राखी र कहिले सुन नराखी आउने गर्थ्यो । ब्रेक प्याड सुमा राखेको सामान कहिल्यै हराउँदैनथ्यो र एक सेट ब्रेक प्याडमा पाँच सय ग्रामदेखि ६ सय ग्रामसम्म सुन हुने गर्थ्यो ।'

दोलखा इलेक्ट्रोनिक्स सप्लायर्स कम्पनीले मात्र तीन महिना अवधिमा चार हजार सात सय १६ स्मार्ट वाच आयात गरेको उल्लेख छ । २० ग्रामका दरले त्यसमा ९४ केजी सुन रहने देखिन्छ । यस विषयमा सिआइबीले दोस्रो चरणमा अनुसन्धान गरिरहेको छ ।

यसका लागि कम्तीमा एक वर्षदेखि योजना बनाएको देखिन्छ । स्मार्ट वाचमा लुकाएर सुन तस्करी गर्ने दोलखा इलेक्ट्रोनिक्स दोलखाका बिकुन्द्र भुजेलको नाममा २९ कात्तिक ०७९ मै स्थापना भएको थियो । भुजेललाई केही रकम दिएर चिनियाँ गिरोहले नै सुनलगायत सामान तस्करीका लागि सो कम्पनी चलाएको थियो । त्यस्तै, दोलखाकै दिलीप भुजेलको नाममा रेडी ट्रेड प्रालि खोलेका थिए । रेडी ट्रेडमार्फत मात्र तीन सय ७२ केजी ७ सय १६ ग्राम सुन बरामद भएको सिआइबीको निष्कर्ष छ । अन्य कम्पनीमार्फत भएका तस्करीको विषयमा अनुसन्धान अब विस्तृतमा अघि बढ्ने सिआइबी निर्देशक एआइजी किरण बज्राचार्यले बताइन् ।

तस्करी गर्ने चिनियाँ समूह भने दुई वर्षअघिदेखि नै नेपालमा सक्रिय रहेको देखिन्छ । उनीहरूले ०७८ देखि नै नेपालमा कम्पनी खोल्न थालेको देखिन्छ । १२ माघ ०७८ मा पहिलोपटक छुग्गाक इलेक्ट्रोनिक्स नामक कम्पनी खोलेका थिए । यसको सञ्चालकमा लेखनाथ कार्की डोलीलाई राखिएको थियो । त्यस्तै, रामकुमार भुजेलको नाममा भुजेल इलेक्ट्रिक्स र पवटी इलेक्ट्रिक्स, कुमारबहादुर भुजेलको नाममा हवडा इलेक्ट्रिक सप्लायर्स, सरिता तामाङको नाममा सरिता सप्लायर्स, बिकुन्द्र भुजेलको नाममा दोलखा इलेक्ट्रोनिक्स खोलेका थिए । रेडी ट्रेडमार्फत तस्करी भएको सुनको अनुसन्धान सकेर गत बुधबार सिआइबीले सरकारी वकिल कार्यालयमा प्रतिवेदन बुझाएको छ भने अन्य कम्पनीमार्फत भएको तस्करीको अनुसन्धान गरिरहेको छ । अन्य कम्पनीमार्फत पनि पानी तान्ने मेसिन, सेभरलगायत विभिन्न सामान आयात गरेका छन् ।

सुन गाल्ने मेसिन पनि उनीहरूले एक वर्षअघि नै ल्याएका थिए । पक्राउ परेका साउतेन भन्ने डिङ सेङ फालेले बयानमा भनेका छन्, 'सन् २०२२ को मेमा मैले दुई वटा मेसिन मगाएको, सन् २०२४ मार्चको अन्तिममा साम भन्ने भ्होङ जिङ चुहानले दुईवटा मेसिन पठाएकोमा एलेक्सले बालुवाटारमा राखेको हो । सन् २०२३ को मार्च अन्तिमतिर रोजर भन्ने ली नागकेईले दुईवटा सुन गाल्ने मेसिन मगाएको मलाई सम्झना छ, तर ती मेसिन कहाँ छन् भन्ने थाहा छैन ।'

सिआइबीले ५० जनालाई प्रतिवादी बनाउन माग गरी रायसहितको प्रतिवेदन बुझाएकोमा आइतबार सरकारी वकिलले जिल्ला अदालतमा मुद्दा दायर गर्दै छ ।

६ महिनादेखि...

पृष्ठ १ बाट क्रमशः

नियुक्तिसम्बन्धी प्रक्रिया अघि नबढ्दा प्रतिष्ठानका कामकारबाही नै सुस्ताउन पुगेका छन् ।

प्रतिष्ठानमा अहिले कार्यकारी अध्यक्षसहित पाँचजनाको दरबन्दी खाली छ । त्यसमा कार्यकारी अध्यक्ष तथा अनुसन्धानकर्ता र सहअनुसन्धानकर्ताको दुई-दुईजनाको दरबन्दी खाली छ । प्रतिष्ठानमा वरिष्ठ अनुसन्धानकर्ता, अनुसन्धानकर्ता र सहअनुसन्धानकर्ता ६-६ जना र विश्लेषक चारजनाको दरबन्दी छ । त्यस्तै, प्रशासनतर्फका दुई वरिष्ठ सहायकको पनि दरबन्दी खाली छ ।

प्रतिष्ठानका कार्यालय प्रबन्धक लक्ष्मणप्रसाद भट्टराईले कार्यकारी अध्यक्ष नहुँदा प्रतिष्ठानको काम र निर्णय प्रक्रिया आदिमा असर परेको बताए । उनले नियुक्ति प्रक्रिया अघि बढाइदिन अनुरोध गर्दै मुख्यसचिव र प्रधानमन्त्रीलाई पनि जानकारी गराइएको बताए । 'कार्यकारी प्रमुख मात्र होइन बोर्डको अध्यक्ष पनि प्रतिष्ठानको कार्यकारी अध्यक्ष नै रहने व्यवस्था छ । अध्यक्षले नै बोर्ड र प्रतिष्ठानबीच समन्वय गर्नुहुन्छ,' उनले भने, 'अध्यक्ष नहुँदा प्रतिष्ठानको काम, निर्णय प्रक्रिया आदिमा असर परेको छ । यस विषयमा मुख्यसचिव र प्रधानमन्त्रीलाई पनि जानकारी गराएका छौं ।'

प्रतिष्ठानका निवर्तमान कार्यकारी अध्यक्ष डा. विष्णुराज उप्रेती सरकारलाई नीति सिफारिस गर्ने संस्थामा नेतृत्व नहुँदा त्यसले सरकारलाई नै राम्रो नगर्ने बताउँछन् । उनले नीति अनुसन्धान प्रतिष्ठानजस्तो महत्त्वपूर्ण संस्थामा कार्यकारी अध्यक्ष खाली रहनु राम्रो नहुने बताए । 'कार्यकारी अध्यक्ष नहुँदा प्रतिष्ठानका कार्यकारी निर्णय, सरकार तथा मन्त्रालयबाट आएका नीतिका विषयमा गर्नुपर्ने निर्णय, अनुसन्धानसम्बन्धी र बोर्डका निर्णय गर्ने इत्यादिमा असर पर्छ,' उनले भने, 'रणनीतिक खालका काम गर्न कार्यकारी अध्यक्षलाई नै सम्पूर्ण अधिकार भएकाले त्यसमा पनि बाधा पुगेको छ । पछिल्लो समय मन्त्रालय तथा निकायले प्रतिष्ठानसँग सल्लाह, सुझाव र राय लिने गरेका थिए । गति लिएको संस्था 'स्लो' हुँदा राम्रो सन्देश जाँदैन ।

कार्यकारी अध्यक्ष नहुँदा संस्था नै लंगडो हुन्छ । रणनीतिक खालका काम गर्न कार्यकारी अध्यक्षलाई नै सम्पूर्ण अधिकार भएकाले त्यसमा पनि बाधा पुगेको छ ।'

प्रतिष्ठानको तालुक निकायका रूपमा रहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार प्रतिष्ठानको कार्यकारी अध्यक्ष नियुक्ति गर्ने प्रक्रिया अघि बढेको छैन । कार्यालयका प्रवक्ता नारायणप्रसाद भट्ट भन्छन्, 'यो सरकारको विषय हो, नियुक्ति प्रक्रिया अघि बढेको जानकारी छैन ।'

प्रतिष्ठानसम्बन्धी विधेयक पनि अलपत्र

प्रतिष्ठानले मुलुकले कुनै खास विषयमा अपनाउनुपर्ने दीर्घकालीन, अल्पकालीन वा तत्कालीन नीति तथा सञ्चालन गर्नुपर्ने योजना, कार्यक्रम तथा अनुसन्धान गर्ने र सरकारलाई नीतिगत सुझाव दिनेजस्ता काम गर्दै आएको छ । सरकारको अनुरोधमा सम्बन्धित मन्त्रालयसँग समन्वय गरी कुनै खास विषयमा अपनाउनुपर्ने नीतिको मस्यौदा गरी कारबाहीका लागि सम्बन्धित मन्त्रालय पठाउने, नीति समीक्षा गर्नेजस्ता काम पनि प्रतिष्ठानको कार्यक्षेत्रमा पर्छ ।

तर, प्रतिष्ठान हालसम्म पनि गठन आदेशका भरमा चलिरहेको छ । विकास समिति ऐन, २०१३ को धारा ३ ले दिएको अधिकार प्रयोग गरी नीति अनुसन्धान प्रतिष्ठान विकास समिति गठन आदेश, २०७५ अनुरूप १० असोज ०७५ मा प्रतिष्ठान स्थापना गरिएको थियो ।

छुट्टै ऐन जारी गरेर प्रतिष्ठानलाई सशक्त बनाउने उद्देश्यसहित सरकारले नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६ अघि बढाइएको थियो । विधेयक राष्ट्रिय सभाबाट पास भएर प्रतिनिधिसभामा पुगे पनि कार्यकाल समाप्त भएका कारण निष्क्रिय हुन पुगेको छ ।

२५ मंसिर ०७६ मा राष्ट्रिय सभामा दर्ता भएको यो विधेयक त्यहाँबाट पारित भएर प्रतिनिधिसभा पुगेको थियो । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा पठाइएको विधेयकमाथि राम्रोसँग छलफलै हुन नपाई ठीक एक वर्षअघि १ असोज ०७९ मा तत्कालीन प्रतिनिधिसभाको कार्यकाल समाप्त भएपछि स्वतः निष्क्रिय भएको थियो । अब फेरि नयाँ प्रक्रियाबाट विधेयक अघि बढाउनुपर्छ ।

नयाँ चुनावपछि संसद् सक्रिय हुन थालेसँगै ऐन जारी गर्ने प्रयासस्वरूप गत वर्ष नै प्रतिष्ठानले विधेयक अघि बढाएको थियो । साबिककै विषय समेटेर प्रक्रियाबमोजिम प्रतिष्ठानले विधेयकको मस्यौदा प्रधानमन्त्री कार्यालय पठाएको थियो । प्रधानमन्त्री कार्यालयले विधेयकमाथि अर्थ मन्त्रालयको राय मागेकामा अर्थले विभिन्न विषयमा असहमति जनाएको छ । कार्यालयमा रहेको विधेयक अहिले ज्यूँका त्यूँ छ । विधेयक अलपत्र पर्दा पनि प्रतिष्ठानको कामकारबाहीले तीव्रता पाउन सकेको छैन । विधेयक अघि बढाउन सरकारले नै चासो नदेखाएको प्रतिष्ठानका अधिकारीहरू बताउँछन् ।

प्रतिष्ठान कायम राख्ने विषयमा सरकारको धरमर नीति

नीति अनुसन्धान प्रतिष्ठान अघि बढाउन र तीव्रता दिने सम्बन्धमा सरकारका नीति नै प्रस्ट छैन । चालू आर्थिक वर्ष ०८०/८१ को नीति तथा कार्यक्रममा योजना आयोगलाई पुनर्संरचना गरी नीति, योजना तथा अनुगमनको केन्द्रीय निकायका रूपमा विकास गर्ने उल्लेख छ ।

नीति अनुसन्धानमा रहेको संस्थागत दोहोरोपन हटाउने, सार्वजनिक क्षेत्रबाट हुने अध्ययन, अनुसन्धान विश्वविद्यालयमार्फत गराइने र तथ्यमा आधारित नीति तर्जुमाका लागि राष्ट्रिय तथ्यांक प्रणालीको संस्थागत सुदृढीकरण गरिने नीति तथा कार्यक्रमको बुँदा नं. ३० मा उल्लेख छ । तर, नीति तथा कार्यक्रम र बजेटको घोषणा कार्यान्वयनमा आउन नसक्दा प्रतिष्ठानले निरन्तरता पाएको छ । यस्ता घोषणाले प्रतिष्ठानको अस्तित्व भने धरमरमा पारेको छ ।

अघिल्लो आर्थिक वर्ष ०७९/८० को नीति तथा कार्यक्रममा सार्वजनिक नीतिको समग्र विश्लेषणका लागि राष्ट्रिय योजना आयोगमा नीति प्रयोगशाला स्थापना गरिने उल्लेख थियो । लगत्तै आएको बजेटले सरकारी निकायबाट सम्पादन हुने कार्यमा दोहोरोपन हटाउन र क्षेत्राधिकारको अन्योल अन्त्य गर्न विकास समिति ऐन, २०१३ अन्तर्गत गठित समिति र प्रतिष्ठान खारेज गर्ने घोषणा गऱ्यो । तीनै तहको स्थायी संरचनाबाट सम्पादन हुने नियमित कार्यका लागि नयाँ संरचना खडा नगर्ने बजेटमा उल्लेख थियो ।

राष्ट्रसंघीय...

पृष्ठ १ बाट क्रमशः

उपप्रधानमन्त्री, मन्त्रीगण, नेपाल सरकारका उच्चपदस्थ अधिकारी, सुरक्षा निकायका प्रमुख/प्रतिनिधिलगायतले बिदाइ गरेका थिए । उनको साथमा छोरी गंगा दाहाल तथा परराष्ट्र मन्त्रालयका अधिकारी सहभागी छन् । परराष्ट्रमन्त्री एनपी साउदसहितको टोली यसअघि नै न्युयोर्क पुगिसकेको छ ।

प्रधानमन्त्री नेतृत्वको प्रतिनिधिमण्डलमा न्युयोर्क र काठमाडौंबाट गरी १४ जना सहभागी हुनेछन् । प्रधानमन्त्री प्रचण्डले नेपाली मौलिकताको लोकतन्त्र, समावेशी शासन प्रणालीको अभ्यास र समुन्नत नेपालको निर्माणमा नेपालको प्रयासका विषय समेटेर महासभाको उच्चस्तरीय सत्रलाई सम्बोधन गर्नेछन् । प्रधानमन्त्री प्रचण्डले शुक्रबार प्रतिनिधिसभामा बोल्दै भ्रमणबारे जानकारी दिइसकेका छन् ।

प्रधानमन्त्री प्रचण्डले यस वर्ष दिगो विकास, जलवायु परिवर्तन, विश्वव्यापी महामारीका कारण सिर्जित स्वास्थ्य चुनौतीबारे पनि सम्बोधन गर्नेछन् । यसैगरी, दिगो विकासका लक्ष्य हासिल गर्न वित्तीय प्रबन्धलगायत संयुक्त राष्ट्रसंघका सदस्य मुलुकका साझा चासो एवं सरोकारका विषयमा गहन छलफल हुने प्रधानमन्त्रीले बताएका छन् । उनले न्युयोर्कमा विभिन्न उच्चस्तरीय बैठकमा पनि सहभागिता जनाउनेछन् ।

नेपालले यस वर्षदेखि अल्पविकसित राष्ट्रहरूको समूहको अध्यक्षको जिम्मेवारी पाएको छ । अध्यक्षको हैसियतमा नेपालले ४७ वटा मुलुकको प्रतिनिधित्व गर्दै प्रधानमन्त्रीले साझा चासोका विषयमा विभिन्न मञ्चमा धारणा राख्नेछन् । यस वर्ष १८ देखि २६ सेप्टेम्बरसम्म संयुक्त राष्ट्रसंघको ७८औं महासभाको उच्चस्तरीय सत्र सञ्चालन हुँदै छ ।

प्रचण्डले त्यस अवसरमा नेपालले हासिल गरेका राजनीतिक उपलब्धिबारे अवगत गराउने तथा शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने नेपालको प्रयासमा अन्तर्राष्ट्रिय समुदायको सद्भाव लिने अपेक्षा राखेका छन् । यसैगरी, अतिकम विकसित मुलुकबाट दिगो र स्थायी रूपमा स्तरोन्नति हुन आइपरेका चुनौतीबारे विश्व समुदायको ध्यानाकर्षण गर्ने प्रधानमन्त्रीको तयारी छ ।

अल्पविकसित मुलुकहरूको समूहको अध्यक्षको हैसियतले यो समूहका सदस्य राष्ट्रहरूले भेल्दै आएका विशिष्ट चुनौतीबारे प्रचण्डले आवाज उठाउनेछन् । उनले जलवायु परिवर्तनबाट नेपालजस्तो पर्वतीय मुलुकमा परेको गहिरो र दूरगामी प्रभावलगायत नेपालका लागि चासोका विषय र प्राथमिकताप्रति विश्व समुदायको ध्यानाकर्षण गराउनेछन् ।

महासभाका क्रममा विभिन्न उच्चस्तरीय बैठक एवं संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रसले आयोजना गर्ने क्लाइमेट एक्सनसम्बन्धी सम्मेलनमा पनि उनी सहभागी हुनेछन् ।

असोज १ र २ मा आयोजना हुने दिगो विकाससम्बन्धी उच्चस्तरीय राजनीतिक मञ्चलाई पनि प्रचण्डले सम्बोधन गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । उनले मञ्चमा अतिकम विकसित मुलुकहरूले भोग्नुपरेका साझा समस्या तथा चुनौती, सन् २०३० भित्र दिगो विकासका लक्ष्य हासिल गर्न आइपरेका व्यवधान एवं विकासोन्मुख मुलुकका रूपमा स्तरोन्नति हुन लागेका नेपालजस्ता मुलुकले दिगो विकास एवं समृद्धिको पथमा अग्रसर रहिरहन आगामी दिनमा चाल्नुपर्ने साझा कदमका विषयमा भनाइ राख्नेछन् ।

प्रचण्डले राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रसलगायत विभिन्न मित्रराष्ट्रका राष्ट्र प्रमुख एवं सरकार प्रमुखसँग द्विपक्षीय र बहुपक्षीय भेटवार्ता गर्ने बताएका छन् । भेटवार्तामा नेपालको राष्ट्रिय हित, पारस्परिक सहयोग र दिगो विकासका मुद्दालाई केन्द्रमा राखेर छलफल गर्ने प्रचण्डको योजना छ ।

प्रधानमन्त्री प्रचण्ड २ असोजमा संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जो बाइडेनले आयोजना गर्ने जलपान कार्यक्रममा समेत सहभागी हुने तय भएको छ ।

प्रधानमन्त्री प्रचण्ड ५ असोजमा न्युयोर्कबाटै चीनको औपचारिक भ्रमणका लागि हाङझाउ जाने कार्यक्रम छ । हाङझाउमा चिनियाँ राष्ट्रपति सी चिनफिङसँग भेटघाटको कार्यक्रम छ । प्रधानमन्त्री प्रचण्ड १९औं एसियन गेमको समुद्घाटन समारोहमा सहभागी हुनेछन् । ८ असोजमा बेइजिङमा समकक्षी ली छियाङसँग भेटघाट तथा द्विपक्षीय वार्ताको कार्यक्रम छ ।

खड्कालाई कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी

कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले पाएका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा आयोजना हुने संयुक्त राष्ट्रसंघको ७८औं महासभामा भाग लिन त्यसतर्फ प्रस्थान गरेपछि कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी खड्काले पाएका हुन् । प्रधानमन्त्रीको अनुपस्थितिमा दैनिक प्रशासनिक कार्य उपप्रधानमन्त्री तथा रक्षामन्त्री खड्काले सम्हाल्ने गरी जिम्मेवारी तोकिएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

Tokha Municipality
Office of the Municipal Executive
Maijuhity, Kathmandu

Request for Expression of Interest

Publication Date: Bhadra 31, 2080

EOI No.: 01/NCB/TM/C/2080-81

Integrated Metric Addressing System and Mobile App for Public Support in Tokha Municipality

1. **Tokha Municipality, Kathmandu** has allocated fund toward the development of the **Integrated Metric Addressing System and Mobile App for public support** and intend to apply a portion of this fund to eligible payments under the Contract for which this Expression of Interest is invited for National consulting service
2. The **Tokha Municipality, Kathmandu** now invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services: **Integrated Metric Addressing System and Mobile App for public support.**
3. Interested eligible consultants may obtain further information and EOI document free of cost at the address **Tokha Municipality, Maijuhity, Kathmandu** during office hours on or before **opening day** or visit e-GP system ***www.bolpatra.gov.np/egp*** or visit the client's website ***https://www.tokhamun.gov.np/ne*** .
4. Consultants may associate with other consultants to enhance their qualifications.
5. Expressions of interest shall be delivered online through the e-GP system ***www.bolpatra.gov.np/egp*** and apply through e-procurement on or before Asoj 15**, 2080 12:00 noon.** EOI will be opened at 14:00 hours on the same day of last submission day in the presence of the consultant or their representatives who chose to attend.
6. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date, but the time will be the same as stipulated.
7. EOI will be assessed based on **Qualification 40.0%, Experience 40.0%, and Capacity 20.0%** of consulting firms and key personnel. Based on the evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposals through a request for proposal.
8. The consultant will be selected in accordance with QCBS methos specified in the PPA/R.
9. Minimum score to pass the EOI is **60%.**
10. Eligible consultant can contact Information Technology and Archive Management Section for further information.

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

ठेक्का स्वीकृतिको आशयको सूचना

(सूचना प्रकाशन मिति : २०८०/०५/३१ गते)

मिति २०८०/०४/०९ गतेका दिन प्रकाशित बोलपत्र आव्हानको सूचनाबमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरूको विभिन्न मितिमा बसेको बोलपत्र मूल्यांकन समितिको सिफारिश तथा यस कार्यालयको मिति २०८०।५।२४ गतेको निर्णयबमोजिम तपशिलको बोलपत्र सारभूत प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

तपशिल

क्र.सं.	ठेक्का नं.	ठेक्का विवरण	सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना	कबोल अंक रु.
१.	आय ठेक्का १/२०८०/०८१	जडिबुटी कवाडीजन्य मालसामान तथा जीवजन्तु आदिको व्यावसायिक उपयोग शुल्क उठाउने काम	श्री मान्यता निर्माण सेवा वी.न.पा. ३, सुर्खेत	९५,००,०००।- (मू.अ. करबाहेक)

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

खेल संक्षेप

आयोजकका टोली विजयी

काठमाडौं/ तेम्रो पुष्पसदन कप काठमाडौं उपत्यकाव्यापी अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा आयोजकका दुवै टोली विजयी भएका छन् । पुष्पसदन स्कुल कीर्तिपुरको आयोजनामा जारी प्रतियोगिताअन्तर्गत शनिबार सम्पन्न महिला र पुरुष दुवै खेलमा आयोजक पुष्पसदन विजयी भएको हो । युथतर्फ पुष्पसदनले भ्याली भ्यु स्कुललाई १२-९ को अन्तरमा हराएको छ । पुरुषतर्फ पुष्पसदनले राराहिल स्कुललाई ९ स्कोरले पाखा लगायो । जसमा पुष्पसदनले ३८ स्कोर गर्दा पराजित राराहिलले २ ९ स्कोर गरेको थियो ।

अन्तरविद्यालय पौडी सुरु

काठमाडौं/ १९औं एलए अन्तरविद्यालयस्तरीय पौडी प्रतियोगिता सुरु भएको छ । शनिबार हात्तीवनस्थित लिटिल एन्जल्स स्कुलमा प्रतियोगिता सुरु भएको हो । प्रतियोगिता दुई दिनसम्म चल्नेछ । ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जनले प्रतियोगिताको उद्घाटन गरेका थिए ।निजी क्षेत्रबाट सञ्चालित यस प्रकारका प्रतियोगिताले राष्ट्रियस्तरमा प्रत्यक्ष रूपमा सकारात्मक प्रभाव पार्ने उनले बताएका छन् । प्रतियोगितामा देशभरबाट ८० विद्यालयका कुल चार सय ५७ जना खेलाडीको सहभागिता छ ।

पटेला स्मार्ट फाइनलमा

काठमाडौं/ २४औं निसर्ग हस्पिटल महिला तथा पुरुष फुटबल प्रतियोगितामा महिलातर्फ पटेला स्मार्ट क्लब उपाधिनजिक पुगेको छ । शनिबार भएको खेलमा पटेलाले आयोजक न्यु युवा सुन्दर शक्ति युवा क्लबलाई ५-० ले हराउँदै फाइनल यात्रा तय गरेको हो । कैलालीको कैलारी गाउँपालिकामा जारी प्रतियोगिताको पुरुषतर्फ लाइट युवा क्लब र सागर युवा क्लब दोस्रो चरणमा प्रवेश गरेका छन् । पहिलो खेलमा सागर युवा क्लबले जेवाइसी अत्तरियामाथि १-० को जित निकाल्यो ।

एसिसी एसिया कप फाइनल आज

बलियो भारतलाई श्रीलंकाको चुनौती

एजेन्सी

श्रीलंकाले एसिसी एसिया कप २०२३ को उपाधिका लागि घरेलु मैदानमा बलियो भारतको सामना गर्दै छ । कोलम्बोस्थित प्रेमदासा मैदानमा दिउँसो ३:१५ बजे हुने फाइनलमा भारत र श्रीलंकाबीचको फाइनल रोमाञ्चक हुने अपेक्षा छ । भारतले शीर्ष स्थानमा रहँदै अन्तिम दुई तथा श्रीलंकाले सुपर फोरमा पाकिस्तानलाई इनिङ्सको अन्तिम बलमा हराउँदै फाइनल स्थान पक्का गरेको थियो । सुपर फोरको अन्तिम खेलमा भारत अप्रत्याशित रूपमा बंगलादेशसँग ६ रनले पराजित भयो ।

६ टोली सहभागी एसिया कपको १६औं संस्करणमा एसोसिएट राष्ट्र नेपाल र टेस्ट राष्ट्र अफगानिस्तान समूह चरणबाटै बाहिरिएका थिए । नेपाल पहिलोपटक एसिया कपमा सहभागी भएको थियो । श्रीलंकन मौसम विभागले फाइनलको दिन ९० प्रतिशत वर्षा हुने जनाएको छ । वर्षाले प्रभावित भए खेल रिजर्भ डेमा हुनेछ । भारत र पाकिस्तानबीचको सुपर फोरको खेल रिजर्भ डेमा खेलाइएको थियो ।

प्रतियोगितामा रोहित शर्माको कप्तानीमा रहेको भारत नै उपाधिको मुख्य दाबेदार मानिएको थियो । भारतले पूर्वकप्तान विराट कोहली, हार्दिक पाण्ड्यासहित पाँच खेलाडीलाई बंगलादेशविरुद्धको खेलमा विश्राम दिएको थियो । यी दुवै खेलाडी उपाधि भिडन्तमा खेल्नेछन् । बंगलादेशविरुद्ध खेलमा घाइते भएका अक्षर पटेलको स्थानमा स्पिनर वासिंगटन सुन्दर खेल्ने सम्भावना छ । श्रीलंकाका महेश थिक्षना पनि घाइते हुँदा फाइनल खेल गुमाउनेछन् ।



भारत सर्वाधिक विजेता

एसिया कप इतिहासमा सर्वाधिक सातपटक उपाधि जित्ने एक्लो टोली भारत हो । एकदिवसीय र टी-२० फर्म्याट गरी भारतले कुल सातपटक उपाधि जितेको छ । टी-२० उपाधि एकपटक हात पारेको छ । भारतले सन् १९८४, १९८८, १९९०/९१, १९९५, २०१०, २०१६ र २०१८ मा उपाधि जितेको छ । भारतपछि दोस्रो स्थानमा श्रीलंका छ । श्रीलंकाले ६ पटक उपाधि जितेको छ । श्रीलंकाले सन् १९८६, १९९७, २००४, २००८, २०१४ र २०२२ मा उपाधि जितेको हो । पाकिस्तानले सन् २००० र २०१२ गरी दुईपटक उपाधि जितेको छ ।

पाँच वर्षपछि उपाधि जित्ने मौका

भारत पाँच वर्षपछि उपाधि जित्ने योजनामा छ । पछिल्लो पाँच वर्षयता भारतले कुनै पनि फर्म्यटमा उपाधि जितेको छैन । भारत आठपटक विजेता बन्न चाहन्छ । श्रीलंका सातौँपटक च्याम्पियन बन्ने योजनामा छ । भारतले सन् २०१८ मा युएईमा भएको एसिया कप उपाधि जितेको थियो । सन् २०१८ पछि भारतले आइसिसीले आयोजना गर्ने पाँच र एसिसीले आयोजना गर्ने एक प्रतियोगिता खेलिसकेको छ । तर, भारतले विश्व क्रिकेटमा पछिल्लो पाँच वर्षयता कुनै उपाधि जित्न सकेको छैन । सन् २०१३ मा भारतले महेन्द्रसिंह धोनीको कप्तानीमा च्याम्पियन्स ट्रफी जितेको थियो । भारतले सन् २०१३ पछि दुई फरक प्रतियोगिता खेल्न थालेको हो । भारतले पछिल्लो १० वर्षमा १३ प्रतियोगिता खेलिसकेको छ । जसमा दुईपटक मात्रै एसिया कप जितेको छ ।

१०औं पटक फाइनल खेल्दै

भारत एकदिवसीय एसिया कपमा १०औं पटक फाइनल खेल्दै छ । यसअघि नौपटक फाइनल खेल्दा ६ पटक उपाधि भारतको पोल्टामा छ । भारतले सन् २०१६ मा भएको टी-२० एसिया कपको उपाधि जितेको थियो । भारतले नौमध्ये आठपटक श्रीलंका र एकपटक बंगलादेशविरुद्ध फाइनलमा प्रतिस्पर्धा गरेको हो । युएईमा भएको सन् १९८४ को पहिलो एसिया कप भारतले नै जितेको थियो ।

भारत र श्रीलंकाबीच २०औं फाइनल

भारत र श्रीलंकाबीच समग्रमा २०औं पटक फाइनल खेलमा प्रतिस्पर्धा हुँदै छ । दुवैले आइसिसी र एसिसीका फरक प्रतियोगितामा १९ पटक प्रतिस्पर्धा गर्दा दुवै टोलीले समान ९ पटक जित हासिल गरेका छन् । एक खेलमा भने कुनै नतिजा आएको छैन । सन् २००२ मा भएको च्याम्पियन्स ट्रफी दुईपटक खेलाइएको थियो । दुवै पटक वर्षाले खेल रोकिँदा नतिजा अनिर्णीत बनेको हो । पछिल्लोपटक दुईबीच सन् २०१४ मा प्रतिस्पर्धा भएको थियो । टी-२० फर्म्याटमा फाइनलमा ६ विकेटको जित निकालेको थियो ।

आशिष र प्रबल सेमिफाइनलमा



काठमाडौं/ राष्ट्रिय महिला तथा पुरुष युथ तथा जुनियर बक्सिङ प्रतियोगिताअन्तर्गत पुरुषतर्फको ५४ किलो तौल समूहमा एचटुओका आशिष बगाले दमकका दीपेश विश्वकर्मालाई ५-० अंकका आधारमा हराउँदै सेमिफाइनलको थान पक्का गरे । सोही तौल समूहमा बक्समाण्डुका प्रबल उप्रेतीले भाटभटेनी हेल्थ क्लबका लेन्डुप लामालाई ५-० ले हराएका छन् । यसैगरी, ५७ किलो तौल समूहमा अल्फाका रेमन पुनले मकवानपुरका ओम लामालाई ५-० ले निराश पार्दै सेमिफाइनल स्थान पक्का पारे । पुरुषतर्फको ६० किलो तौल समूहमा भाइबका युनिक तामाङबाट बक्समाण्डुका आयुष थापाले वाक ओभर पाएका छन् । यसै समूहमा भाटभटेनी हेल्थ क्लबका निमा शेर्पाले टोटल फिजिकल फिटनेसका सुजिन पलाञ्चोकीलाई ४-१ ले हराउँदै अन्तिम चारको स्थान पक्का पारेका छन् ।

यसैगरी, जुनियर पुरुषतर्फ ४६ केजी तौल समूहमा नक्सालका सक्षम लामाले अल्फाका लालबहादुर घर्तीलाई ३-० अंकका आधारमा हराए । यसै समूहमा बाँकेका चन्दन शाहीले एचटुओका सुसभ लामालाई ५-० अंकका आधारमा हराएका छन् । ४८ केजी तौल समूहमा रोल्पाका रजिन पुन मगरले ललितपुरका अर्ज सिलवाललाई ५-० अंकका आधारमा निराश पारेका छन् । ५० केजी तौल समूहमा च्याम्पियन बक्सिङ क्लबका खेलाडी मोहन केसीलाई आरएसीका आधारमा रोल्पाका खेलाडी दिप्लव घर्तीले जित निकाले ।

५२ केजी तौल समूहमा दाङका विजय घर्तीमगरले झापाका रोशन विश्वकर्मालाई ५-० को अंकका आधारमा जित हासिल गरे । सोही तौल समूहमा फाइट प्रमोसन काठमाडौंका मोहित विष्टले दाङका करुण बुढामगरलाई ५-० अंकका आधारमा पराजित गरेका छन् । यसैगरी, प्रतियोगिताको जुनियर महिलातर्फ ५० केजी तौल समूहमा उदयपुरका मुस्कान तुलाधरलाई झापाकी प्रतिमा राईले स्पिलट डिसिजनका आधारमा हराइन् ।

बृषाले शीताष्मलाई हराइन्

यसै समूहमा एचटुओकी बृषा श्रेष्ठले स्विट साइन्सकी शीताष्मा खडकालाई आरएससीका आधारमा निराश बनाइन् । युथ ५४ किलो तौल समूहमा अल्फाकी पुष्पाकुमारी थापालाई झापाकी स्मारिका राईले ५-० ले पाखा लगाइन् । प्रतियोगितामा युथ महिलातर्फ १६ जना, पुरुषतर्फ ५२ जना र जुनियर महिलातर्फ सातजना, पुरुषतर्फ ४३ जना गरी एक सय १८ जना खेलाडीले भाग लिएका छन् ।

चार टोली क्वार्टरफाइनलमा

काठमाडौं/ प्रयागराजसिंह सुवाल स्मृति अन्तरवडा फुटसल प्रतियोगितामा शनिबार वडा ११, १३, २६ र १५ आ-आफ्नो खेल जितेर क्वार्टरफाइनलमा प्रवेश गरेका छन् । काठमाडौं महानगरपालिकाका वडाबीच लैनचौर फुटसल मैदानमा भएको पहिलो खेलमा वडा ११ ले वडा १२ लाई ३-२ ले पराजित गऱ्यो । दोस्रो खेलमा वडा १३ ले वडा २८ लाई ३-१ ले हरायो । तेस्रो खेलमा वडा २६ ले वडा ८ लाई २-० ले निराश बनायो । खेलमा दुवै गोल अनुक मसलले गरेका थिए । दिनको अन्तिम खेलमा वडा १५ ले वडा २ लाई २-० ले हरायो । वडा १५ का लागि सुरेश परियार र विशाल महर्जनले गोल गरे । आइतबार प्रिक्वार्टरफाइनलअन्तर्गत वडा ९ ले वडा ४ को सामना गर्नेछ ।

वडा २७ ले वडा १७ विरुद्ध खेल्नेछ । वडा २२ ले वडा ३२ विरुद्ध खेल्नेछ । आयोजक वडा २३ र वडा १४ बीच खेल हुनेछ । नकआउटका आधारमा भइरहेको प्रतियोगितामा विजेताले दुई लाख रुपैयाँ पाउनेछन् । उपविजेता टिमले एक लाख पाउने आयोजकले जनाएको छ । विधागततर्फ उत्कृष्ट हुने सर्वश्रेष्ठ खेलाडी, सर्वाधिक गोलकर्ता र सर्वश्रेष्ठ गोलरक्षकले जनही दश हजार पाउनेछन् ।



श्यामले जिते गल्फ उपाधि

कास्की/ विश्वकै अग्लो उचाइमा रहेको लोमान्थाङस्थित गल्फ कोर्स दोस्रो संस्करणको उपाधि शनिबार श्याम तामाङले जितेका छन् । गत वर्षको विजेतासमेत रहेका श्यामले एक अन्डर १९ स्कोर गर्दै उपाधि रक्षा गरेका हुन् । १८ स्कोर गरेका पोखरेली गल्फर लीलाजंग गुरुङ दोस्रो भएका छन् । महिलातर्फ १५ स्कोर गर्दै पोखराकी जुनी गुरुङले उपाधि हात पार्दा १३ अंकका साथ काठमाडौंकी सुष्मा सिंह दोस्रो भइन् । प्रतियोगिता ९ होलमा ३/४ ह्यान्डिक्यापको साथ स्टेबल फोर्डमा खेलाइएको थियो ।

ग्रोसतर्फ रविन राना च्याम्पियन बने । समान अंक जोडेका याम राना र पिबी राईलाई काउन्टर ब्याकमा रविनले हराएका हुन् । तीनैजनाले ११ अंक जोडेकोमा अन्तिम होलमा रविनले २ अंक जोडेपछि विजेताको टुंगो लागेको थियो ।

सर्वाधिक बर्डिजको उपाधि आत्माराम सिंखडाले हात पारे । लंगेस्ट ड्राइभमा माधव सिंखडाले बाजी मारे । सिनियरमा पोखराका ६१ वर्षका बलराम थापाले १६ स्कोर गर्दै च्याम्पियन बने । उनी गत वर्षका उपविजेता हुन् । क्लोज टु सिपनमा मेजर विजय लामा विजयी भए । होल इन वान कसैले पनि जित्न सकेनन् ।

हामी तपाईंकै लागि
१८ वर्षदेखि नेपालीको सेवामा समर्पित

आधुनिक दूरसञ्चार जगतको नयाँ आयाम बनेर आफ्नो सेवा मार्फत आम नेपालीलाई जोड्न
१७ सेप्टेम्बर, २००५ बाट हामीले सेवा शुभारम्भ गरेका थियौं ।

नवीन प्रविधिका साथ निरन्तर परिवर्तनको संवाहक बन्दै आज हामीले आफ्नो यात्राको १८ वर्ष सफलतापूर्वक पूरा गरेका छौं ।

एनसेललाई सफलताको उचाइतर्फ डोऱ्याउने यात्रामा अगाध माया, प्रोत्साहन, प्रेरणा र सद्भावका साथ सहयात्रा
गरिदिनुहुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

हरपल यहाँहरुको साथै रही आधुनिक दूरसञ्चार मार्फत संसार जोड्ने कार्यमा निरन्तर समर्पित रहने वाचा गर्दछौं ।

हामी तपाईंकै लागि
Ncell
आज, भोलि, सधैं सँगै ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com